• वर्ष १२ • अंक ४९ • काठमाडौं, शुक्रबार, वैशाख १४, २०६४ li National Weekly • Friday, April 27 • पृष्ठ २४ • मूल्य रु. ८/-







तस्बिर : इ-नसा डटकम

# ओझेलमा परेका दुई नेपाली विवाह



**साप्ताहिक समाचार**

काठमाडौं- गत शुक्रबार नै ऐश्वर्या राय र अभिषेक बच्चनको विवाहको खबर र त्यसप्रति सञ्चारजगत्को चासोका कारण मोडलिङ क्षेत्रमा चर्चा कमाएकी सराह गुरुङको जापानी युवक स्काई तेतुस्का तथा प्रतिष्ठित उद्योगपति विनोद चौधरीका छोरा निर्वाण चौधरीको ख्यातिप्राप्त भारतीय उद्योगपति अशोक मित्तलकी छोरी स्वास्तीसँग भएको विवाह ओझेलमा पऱ्यो । यद्यपि दुवै विवाह चर्चायोग्य थिए । केही महिनाअघि कामकुरा छिनिएपछि मोडल सराह गुरुङले वैशाखमा विवाह गर्ने बताएकी थिइन् । गत शुक्रबार हिन्दू संस्कारबमोजिम जापानी युवक स्काईले सराहलाई आफ्नी धर्मपत्नी बनाए । ढाकाको दौरा-सुरुवाल र पाल्पाली ढाकाटोपी लगाएका स्काईले मण्डपमा अग्निलाई साक्षी राखेर सराहको सिउँदोमा सिन्दूर भरे । क्रिश्चियन धर्म मान्दै आएका सराहका अभिभावकले उनको गोडा धोएर कन्यादान पनि गरे । सोमबार होटल र्‍याडिसनमा केक काटेर विवाहभोजमा आमन्त्रित सबैका सामु अधर चुम्बन गर्दै उनीहरूले एक-अर्कामा समर्पित भएको प्रमाण पनि दिए । विवाहभोजमा उनीहरूका आफन्तका अतिरिक्त मोडल, संगीतकर्मी तथा सञ्चारकर्मीहरूको उपस्थिति थियो ।



निर्वाण चौधरीको विवाहको तामझाम पनि हेर्न लायक थियो । विवाहअगावै वैवाहिक समारोहका बारेमा जानकारी दिन एउटा वेबसाइट नै बन्यो । निर्वाण-स्वास्ती डटकम शीर्षकको उक्त वेबसाइटमा विवाहका कार्यक्रम र मिति, आमन्त्रितको ड्रेसकोड, फोटो एल्बम आदि राखिएको थियो ।

विवाहका लागि चौधरी परिवारले हवाईजहाज नै चार्टर गऱ्यो । गत शुक्रबार रमणीय समुन्द्री तट गोवामा चौधरी ग्रुपका युवा सदस्य निर्वाणको विवाह भयो । गत आइतबार जन्ती दुलही लिएर काठमाडौं फर्कियो । अमिताभ बच्चनका नजिकका मित्र विनोद खन्ना र रजनीकान्तसमेत ऐश्वर्या-अभिषेकको विवाहमा सरिक नभै विश्वका सर्वाधिक धनाढ्यको सूचीमा परेका लक्ष्मी मित्तलका काकाका छोराकी छोरीको विवाहमा सहभागी हुन शुक्रबार गोवा पुगेका थिए । त्यसका साथै गायिका इला अरुण, अभिनेत्री मलाइका अरोडा, सोफी चौधरी आदि पनि उक्त विवाहमा सरिक थिए ।

पाहुनाहरूका लागि गोवाका तीनवटा होटल बुक गरिइएको थियो । वैवाहिक कार्यक्रममा प्रस्तुत नृत्यको निर्देशन बलिउडका चर्चित एवं महँगा नृत्य निर्देशक सैमेक दावेरले गरेका थिए । प्राप्त जानकारी अनुसार यसै महिनाको अन्तिम साता चौधरी परिवारले हयात होटलमा पाँचदिने विवाहभोजको कार्यक्रम तय गरेको छ जसका लागि भोजस्थललाई 'मिनी राजस्थान'को स्वरूपमा सजावट गरिँदैछ ।






## क्यासेट

### सम्झी-सम्झी



गायक आनन्द कार्कीका लोकप्रिय गीत तथा म्युजिक भिडियोहरूको संग्रह 'सम्झी-सम्झी दर्शक-श्रोतामाझ आएको छ। रियाज म्युजिक सेन्टरले बजारमा ल्याएको यो संग्रहमा सम्झी-सम्झी, उनी मात्रै राम्री लाग्छ, सुनकेशरी, मायालाई भेट्छु फेरि तिम्रो याद आयो, लाग्छ मन हेरिरहूँ, तिमी स्वर्गकी परी जस्ता लोकप्रिय गीत समावेश छन्।

### ओम आनन्दम



ओम म्युजिक प्रा.लि.ले साइबाबालाई समर्पित गरेर साइ भजनहरूको गीतिसंग्रह बजारमा ल्याएको छ। यो गीतिसंग्रहमा लोकप्रिय भारतीय गायक अजनिशको स्वर समेटिएको छ भने संगीत आनन्द राईले प्रदान गरेका छन्। ९ वटा भजनको यो संग्रहका सबै शब्द मननराज पोखरेलले लेखेका हुन्।

### गन्तव्य



संगीतकार टीका भण्डारीद्वारा संगीतबद्ध तथा गीतकार प्रकाश कुइँकेलको शब्दरचनाका गीतहरूको संग्रह 'गन्तव्य' श्रोतामाझ आएको छ। मनकामना म्युजिक सेन्टर प्रा.लि.ले बजारमा ल्याएको यो संग्रहमा कर्णदास, कुन्ति मोक्तान, टीका भण्डारी, स्वरूपराज आचार्य, यम बराल, सपनाश्री तथा रामकृष्ण ढकालको स्वर सुन्न पाइन्छ।

### स्ट्रगल



नवगायक विशाल भण्डारीको पहिलो गीतिसंग्रह 'स्ट्रगल' श्रोतामाझ आएको छ। आठवटा गीत संग्रहित यो एल्बमलाई टाइम्स म्युजिक प्रा.लि.ले बजारमा ल्याएको हो। स्ट्रगलमा विशाल भण्डारी, घनेन्द्र ओझा तथा बबि राजको शब्द सुन्न पाइन्छ भने यसको संगीत विशाल भण्डारीले दिएका हुन्।

## ग्यालरी

-स्थानीय पोखरा उद्योग वाणिज्य संघको प्रेक्षालयमा नेपालयको आयोजना तथा पत्रकार महासंघ कास्कीको संयोजनामा आइतबार र सोमबार एक दशक लामो द्वन्द्वकालमा खिचिएका युद्धका चित्रहरू दुईदिने प्रदर्शनीमा राखिएको थियो। नेपालयले प्रकाशनमा ल्याएको 'लडाइँमा जनता' नामक पुस्तकबाट चुनिएका उत्कृष्ट ५५ वटा तस्बिर प्रदर्शनीमा छन्। चित्रहरू मार्मिक र मन छुने खालका भएकाले प्रदर्शनीमा दर्शकको चाप बढेको देखियो। चित्रहरू विशेष गरी द्वन्द्वमा पिसिएका जनताको कारुणिकतालाई झल्काउन सफल छन्। जिरीबाट सुरु भएको प्रदर्शनी चौतारा, लाहान, इलाम, नारायणगढ, नेपालगन्ज, धनगढी, पाल्पा हुँदै पोखरा आइपुगेको र अब राजधानीमा पनि यस्तै प्रदर्शनी गरिने कार्यक्रम रहेको नेपालयले जनाएको छ।

-कलाकार सुरेन्द्रमान महर्जन 'सुजन' ले काठमाडौं उपत्यकाका विविध क्षेत्रलाई पहिचान गराउने दृश्यहरू क्यानभासमा उतारेर प्रदर्शनीको आयोजना गरे। 'द फ्रजाइल भ्याली' शीर्षकको उक्त एकल चित्रकला प्रदर्शनी रसियन कल्चर सेन्टर कमलपोखरीमा हिजो बिहीबारसम्म चलेको थियो। पानीरंगद्वारा सृजित ७० वटा सृजना प्रदर्शनीमा राखिएका थिए। माटोको काम गरिरहेको कुमाले, खेतीकिसानीमा व्यस्त किसान परिवार, डबलीमा आराम गरिरहेका वृद्धहरूलगायत उपत्यकाका सांस्कृतिक महत्त्वका विविध विषयमा कलाकार महर्जनले मन छुने चित्र कोरेका छन्।

-'द ल्यान्ड मार्क अफ न्युयोर्क' शीर्षकको फोटोग्राफी प्रदर्शनी त्रिभुवन विश्वविद्यालयस्थित केन्द्रीय पुस्तकालयमा चलिरहेको छ। वैशाख २० गतेसम्म चल्ने उक्त प्रदर्शनीमा न्युयोर्कलाई चिनाउने तथा अन्य मन छुने तस्बिरहरू राखिएका छन्।

-कलाकारद्वय राजेश मानन्धर तथा बिपिनराज श्रेष्ठको संयुक्त चित्रकला प्रदर्शनी 'फोकस' बार्यो फिस्टा नक्सालमा प्रदर्शन भैरहेको छ। प्रदर्शनी वैशाख २२ गतेसम्म चल्नेछ।

## रंगमञ्च

-नेपाली रंगमञ्चको पारम्परिक शैलीमा फरक अवधारणा प्रयोग गर्ने क्रममा स्थापना भएको युवा रंगकर्मीहरूको नयाँ नाट्यसमूह 'शिल्पी'ले गत मंगलबार नाटक 'नयाँ नेपाल' मञ्चन गर्‍यो। सुन्धारास्थित 'सुन्धारा' लाई सफा गरी सोही स्थानमा मञ्चन गरिएको उक्त नाटकमा एक दर्जनभन्दा बढी कलाकारले अभिनय गरेका थिए। जनआन्दोलन-२ को सफलतासँगै चलेको लहर नयाँ नेपाल निर्माणको अभियानलाई यो नाटकमा उठान गरिएको छ। राजनैतिक सचेतना केन्द्रीय राजनीति गर्ने सीमित समूहको चौघेराबाट नाघेर गाउँबस्तीहरूसम्म पुग्नुपर्छ भन्ने मान्यता राख्ने यो समूहले उक्त नाटकलाई मुलुकका विभिन्न स्थानमा मञ्चन गर्ने बताएको छ।

-आरोहण-गुरुकुलको आयोजनामा पुरानो बानेश्वरस्थित सम नाटकघरमा यतिखेर 'आरोहण राष्ट्रिय नाटक महोत्सव' चलिरहेको छ। गत वैशाख २ गते उपसभामुख चित्रलेखा यादवले उद्घाटन गरेको उक्त महोत्सव आगामी वैशाख २८ गतेसम्म चल्नेछ। महोत्सवका क्रममा मुलुकभरका २७ वटा नाटक समूहका २७ नाटक मञ्चन हुनेछन्। दिउँसो १२ बजे र साँझ साढे ५ बजे गरेर दुई पटक एउटा नाटक मञ्चन हुन्छ। महोत्सव हेर्न आउने दर्शकको उपस्थिति उल्लेख्य देखिन्छ।

-जनआन्दोलन भाग-२ सम्पन्न भएको एक वर्ष बितेको छ। जनआन्दोलनका क्रममा उठेको जनलहर र त्यस क्रममा शहादत प्राप्त गरेका तथा अंगभंग भएका जनताको समस्या उठाउँदै सर्वनाम नाट्य समूह यतिखेर देश दौडाहामा छ। सर्वनाम राष्ट्रिय नाटक अभियानअन्तर्गत धनगडीबाट प्रारम्भ भएको उक्त यात्रामा सर्वनामले 'इतिहासको बाँकी पृष्ठ' शीर्षकको नाटक मञ्चन गरिरहेको छ। नाटकमा जनआन्दोलनका क्रममा ज्यान गुमाएकाको एउटा परिवारको दुखद कथा प्रस्तुत गरिएको छ। नाट्ययात्रा पोखरा, धरान, नारायणगढ हुँदै काठमाडौंमा पुगेर टुंगिनेछ। पहिलो पटक यो नाटकमा भिडियोग्राफी प्रविधि पनि प्रयोग गरिएको छ।



# तपाईंको यो साता



ज्यो. पं. ओजराज उपाध्याय लोहनी

### मेष

सातले मिश्रित फल दिनेछ। सुरुमा सोच्ने शक्ति एवं प्रसन्नता बढ्नुका साथै अध्ययनमा सुधार आउनेछ। व्यापार-व्ययसायमा लाभ होला। यात्रा गर्ने अवसर मिल्नेछ भने आयआर्जन पनि हुनसक्छ। भेटघाटमा प्रसन्नता एवं पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। आइतबार तथा सोमबार शत्रु, रोग एवं चिन्ता बढ्नेछ। काममा अवरोध पनि आउन सक्छ।

### वृष

समष्टिमा साता राम्रो छ। सुरुमा घरेलु कार्यमा सफलता मिल्नेछ। सोच्ने शक्ति एवं पराक्रम बढ्नेछ भने अध्ययनमा सफलता मिल्नुका साथै यात्रा गर्ने अवसर जुट्नेछ। अधुरा काम पूरा हुनेछन्। नयाँ काम पनि हासिल हुनसक्छ। ठूला व्यक्तिले तपाईंप्रति भरोसा गर्नेछन्। मंगलबार तथा बुधबार स्वास्थ्य गडबड रहनुका साथै काममा अवरोध आउने एवं चिन्ता बढ्ने योग छ।

### मिथुन

सुरुमा जोस-जाँगर एवं प्रसन्नता बढ्नेछ भने सानै प्रयासले पनि ठूलो काममा सफलता मिल्नेछ। अधुरा काम पूरा हुनेछन्। आफन्तहरूको उचित सहयोग प्राप्त हुनेछ। सोच्ने शक्ति बढ्नुका साथै अध्ययनमा सोचेजस्तै सफलता हासिल हुनेछ। आयआर्जन गर्ने अवसर जुट्नेछ। शत्रु बढ्ने हुँदा बोल्दा विचार पुऱ्याउनुहोला। स्वास्थ्यको ख्याल राख्नुहोला। सफलताका लागि गोपनीयता आवश्यक छ।

### कर्कट

काममा सफलता मिल्नुका साथै बोलीको प्रभाव एवं प्रसन्नता बढ्नेछ। मान-सम्मान तथा अरूबाट सहयोग प्राप्त हुनेछ। कुराकाट्नेहरू बढे पनि सहयोगी बढी भएका हुँदा खासै फरक पर्नेछैन। अध्ययनमा पाइने सफलता कायमै रहनेछ। घर-जग्गाको बन्दोबस्तमा लाग्नेहरूका लागि समय राम्रो छ। स्वास्थ्यमा समस्या आउने हुँदा खानपानमा ध्यान दिनुहोला।

### सिंह

मान-सम्मान मिल्नुका साथै भोज-भतेरमा सामेल हुने अवसर जुट्नेछ। बोलीको प्रभाव एवं पराक्रम बढ्नेछ भने सजिलै अरूको मन जित्न सकिनेछ। अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। यात्रा गर्ने अवसर मिल्न सक्छ। व्यवसायबाट लाभ प्राप्त हुनुका साथै अरूबाट सहयोग पनि पाइनेछ। घर-जग्गाको बन्दोबस्तमा लाग्नेहरूले सजिलै सफलता प्राप्त गर्नेछन्।

### कन्या

सुरुमा खर्च बढ्नुका साथै झूटा आरोप पनि लाग्नेछ। स्वास्थ्य गडबड रहनेछ। काममा पनि अवरोध आउला। विश्वास गरेकाहरूले धोका दिन सक्छन्। अरूको काममा जस पाउन गाह्रो हुनेछ। बोलीको प्रभाव एवं पराक्रम बढ्नेछ। अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। भाग्यले पनि साथ दिनेछ। शत्रु पराजित हुनुका साथै व्यापार-व्यवसायमा लाभ हुनेछ।

### तुला

समय बलियो छ। सोच्ने शक्ति बढ्नेछ भने राम्रै आम्दानी हात पर्नेछ। मान-सम्मान पनि मिल्नेछ। व्यापार-व्यवसायमा लाभ हुनुका साथै यात्रा गर्ने अवसर जुट्नेछ। बोलीको प्रभाव, प्रसन्नता तथा पराक्रम बढ्नेछन्। अधुरा काम बन्ने एवं नयाँ काम पाइने योग छ। धार्मिक कार्यमा रुचि बढ्नेछ भने घरेलु समस्याले सताउन सक्छ। स्वास्थ्य गडबड रहने देखिन्छ।

### वृश्चिक

बोलीको प्रभाव एवं पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। आयआर्जन गर्ने अवसर जुट्नेछ। अरूबाट सहयोग पनि प्राप्त हुनेछ। व्यापार-व्यवसाय बढ्नुका साथै यात्रा गर्ने अवसर मिल्नेछ। अध्ययनमा सफलता हासिल हुनेछ भने बौद्धिक सम्मान पनि मिल्न सक्छ। घरेलु समस्याले सताउने हुँदा घरबाहिरै रहनु उचित हुन्छ।

### धनु

धार्मिक कार्यमा रुचि बढ्नेछ। भाग्यले पनि साथ दिनेछ। काममा सफलता मिल्नेछ भने जोस एवं जाँगर बढ्नेछ। अधुरा काम पूरा हुनेछन्। अध्ययनमा सफलता प्राप्त हुनेछ। सोच्ने शक्ति एवं व्यापार-व्यवसाय बढ्नुका साथै यात्रा गर्ने अवसर जुट्नेछ। आम्दानी पनि हुनसक्छ। स्वास्थ्यमा समस्या देखा पर्ने हुँदा खानपानमा ध्यान दिनुहोला।

### मकर

स्वास्थ्य गडबड रहन सक्छ। काममा अवरोध आउनुका साथै दुविधा बढ्ने देखिन्छ। कुरा काट्नेहरू सक्रिय रहनेछन्। धनमाल हराउन सक्छ। विश्वास गरेकाहरूले धोका दिनेछन्। आइतबारदेखि भाग्यले साथ दिन थाल्नेछ भने धार्मिक कार्यमा मन जानेछ। मान-सम्मान मिल्नुका साथै आयआर्जन गर्ने अवसर जुट्नेछ। बौद्धिकता बढ्नेछ भने अध्ययनमा सफलता हासिल हुनेछ।

### कुम्भ

सुरुमा व्यापार-व्यवसाय एवं पराक्रम बढ्ने तथा यात्रा हुने योग छ। भेटघाटका क्रममा मन प्रसन्न रहनेछ। अधुरा काम पूरा हुने तथा नयाँ काम पाइने देखिन्छ। अध्ययनमा सफलता मिल्नेछ। अरूको विश्वास पनि जित्न सकिनेछ। धन आर्जन हुनसक्छ। आइतबार तथा सोमबार स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने योग छ।

### मीन

साता मध्यम रहनेछ। सुरुमा शत्रु बढ्ने तथा काममा अवरोध आउने देखिन्छ। विश्वास गरेकाहरूले धोका दिन सक्छन्। खर्च एवं विवाद बढ्नेछ। झूटा अरोप पनि लाग्न सक्छ। स्वास्थ्यमा समस्या देखा परी काममा अवरोध आउला। आइतबार तथा सोमबार व्यापार-व्यवसाय बढ्नुका साथै यात्रा गर्ने अवसर जुट्नेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने एवं नयाँ काम पाइने योग छ।

## यो साताको पञ्चाङ्ग

वैशाख १८ गते : मजदुर दिवस, १९ गते : बुद्ध जयन्ती



## साता संक्षेप

वैशाख ७ – प्रधानमन्त्रीद्वारा राष्ट्रप्रमुखका रूपमा पहिलो पटक चिनियाँ राजदूतको प्रमाणपत्र ग्रहण ।

- राष्ट्रसेवकलाई अख्तियारले सजाय तोकेको भन्दै सर्वोच्च अदालतद्वारा कानुनविपरीत ठहर, ३७ रोपनी सार्वजनिक जग्गा आफ्नो नाममा पारेको खुलेपछि भूमिसुधार मन्त्रालयका निमित्त सचिव रुद्रकुमार श्रेष्ठलाई तीनपटक तलब वृद्धि रोक्काको सिफारिस गरेको थियो ।
- पाँचौं पटक रक्तचन्दन बरामद, प्रहरी प्रशासनले सहयोग नगरेको वनमन्त्री मातृका यादवको आरोप ।
- सदन अवरुद्ध पार्न माओवादी तथा मधेसी सांसदबीच हानथाप, बैठक सुचारुका लागि सहयोग गर्न सभामुख सुवास नेम्वाङको आग्रह ।

वैशाख ८– बन्दका कारण नेपाली काङ्ग्रेसको जनकपुर सभा स्थगित ।

- गौर हत्याकाण्डका बारेमा अझै पनि अनुसन्धान नभएको भन्दै राष्ट्रसंघीय मानवअधिकार आयोगद्वारा सरकारको आलोचना ।

वैशाख ९– निजामतीमा पदपूर्तिसम्बन्धी ऐन नबन्दा २ हजार पदपूर्ति हुन पाएन, पदपूर्ति गर्न कर्मचारी संघसंस्थाको माग ।

- नेकपा (माओवादी) का नेता सुरेश आलेमगरलाई अमेरिकाले भिसा दिएन ।

वैशाख १०– नेपाली काङ्ग्रेसको संसदीय बैठकमा माओवादी व्यवहारको आलोचना, संसद सुचारु गर्न माओवादीसँग अनुरोध ।

- अपहरण तथा वेपत्ताविरुद्ध कडा कानुन ल्याइने, विधेयक संसद्मा दर्ता ।

वैशाख ११– लोकतन्त्र स्थापना भएको वर्ष दिनको उपलक्ष्यमा देशभर कार्यक्रम, नागरिक समाजद्वारा आन्दोलन जारी रहेको घोषणा ।

- सबै मानपदवी अब प्रधानमन्त्रीले दिने सरकारी निर्णय ।
- नवलपरासीमा रहेको माओवादी सेनाको क्याम्पलाई हुरी-बताससहितको पानीले उडाएपछि उनीहरू गाउँ पसेको जानकारी ।

वैशाख १२– सैनिक मञ्चमा राजा-रानीको जयजयकारका वाक्यांश हटाउन नाराबाजी, सेनाद्वारा ती वाक्यांश हटाइने जानकारी ।

- राजाद्वारा दक्षिणकालीमा पञ्चबलि, राजावादीद्वारा जयजयकार ।
- सगरमाथा आरोहण गर्ने प्रथम विदेशी नागरिक एडमण्ड हिलारी सिकिस्त ।
- नारायणगढमा माइक्रो तथा मिनीबस जुध्दा ४ को मृत्यु, १० गम्भीर घाइते ।

# माओवादीको नेतृत्वमा मतभेदको संकेत

**साप्ताहिक समाचार**

काठमाडौं, नेपालका राजनैतिक दलहरू सत्तामा पुग्नेबित्तिकै विवादमा पर्ने पुरानो संस्कार नेकपा (माओवादी) मा पनि देखिएको छ । सत्तामा पुगेको महिना दिन नबित्दै नेकपा (माओवादी) का केही वरिष्ठ नेताहरू पार्टी नेतृत्वका विरुद्ध फरक मतका साथ नेतृत्व परिवर्तन हुनुपर्ने माग राख्न थालेका छन् । फरक मत राख्ने नेताहरूले पार्टीका नेताहरू प्रचण्ड तथा बाबुराम भट्टराईविरुद्ध प्रचारयुद्ध तीव्र पारेका छन् ।

नेतृत्वभन्दा विपरीत धारणा राख्ने माओवादी नेताहरूले माओवादी नेतृत्वकै कारण अहिलेसम्म देशमा गणतन्त्र नआएको, संविधानसभाको निर्वाचन पर सरेको तथा पुरानै शैलीमा काम हुने सरकारमा प्रवेश गरेको बताएका छन् । आफ्नै नेतृत्वविरुद्ध फरक मत राख्ने माओवादी नेताहरूमा नेत्रविक्रम चन्द 'विप्लव, रामबहादुर थापा 'बादल', सीपी गजुरेल 'गौरव' तथा मोहन वैद्य 'किरण' रहेको बताइन्छ । यी चार जना नेकपा (माओवादी) भित्र प्रचण्ड तथा बाबुरामपछिका शक्तिशाली नेता मानिन्छन् । शान्ति सम्झौतापछि नेकपा (माओवादी) का सार्वजनिक कार्यक्रमहरूमा यी नेताहरूको अनुपस्थिति सधैं चासोको विषय हुन्थ्यो ।

नेकपा (माओवादी) भित्र नेतृत्वका विरुद्ध बोल्ने हिम्मत यसअघि कसैले नगरेको विज्ञहरू बताउँछन् । विरोध गर्नेहरू कारबाहीमा पर्ने वा त्यस्तो विरोधलाई वास्ता नगर्दा पार्टीलाई नै हानी पुग्दै आएको पाइएको छ । जनआन्दोलन प्रारम्भ हुनु केहीअघि नेकपा (माओवादी) का केन्द्रीय सदस्य रहिसकेका रवीन्द्र श्रेष्ठले नेकपा (माओवादी) का नेताहरूको चरित्र ३० प्रतिशत मात्र सही रहेको टिप्पणी गरेपछि उनी पार्टीबाटै निष्काशित भएका थिए । युद्धताका नेकपा (माओवादी) को नेतृत्वले विरोधी मत राख्नेहरूलाई पार्टी निष्काशन मात्र होइन, 'मृत्युदण्ड' को सजाय समेत दिने गरेको बताइन्छ ।

यसपटक भने पार्टीभित्रका शक्तिशाली चार नेतामाथि नेतृत्वले अहिलेसम्म त्यस्तो कुनै कारबाही अघि बढाएको छैन । विश्लेषकहरूका अनुसार विरोध गर्ने नेताहरू व्यक्तित्वका कारण मात्र होइन, साङ्गठनिक कारणले पनि उनीहरूमाथि कुनै आरोपपत्र दर्ता भएको छैन । बरु बहुमतले माने आफू नेतृत्व छाड्न तयार रहेको सङ्केत अध्यक्ष प्रचण्डले दिएका छन् । यो सङ्केतसँगै बाबुराम भट्टराई तथा प्रचण्डको गठजोड कमजोर भएको बताइन्छ । त्यतिमात्र होइन, माओवादी केन्द्रीय समितिको बैठकले विपरीत धारणा राख्ने नेताहरूको विचारलाई कार्यान्वय गर्ने नीति लिएको छ ।

यो नीतिसँगै भारतसँग नेकपा माओवादीको मित्रवत् सम्बन्ध कमजोर हुने आँकलन गरिएको छ । विपरीत धारणा राख्ने नेताहरूको विचारमा भारतले नेकपा (माओवादी) लाई सहयोगका नाममा नेकपा (एमाले) जस्तै पतन गराउने नीति लिएको छ । गौर घटनामा नेकपा (माओवादी) का २८ कार्यकर्ताको मृत्यु हुनुमा नेतृत्व तह जिम्मेबार भएको आरोप पनि फरक मत राख्नेहरूले लगाएका छन् । यो धरणाले बल पाउन थालेपछि भारतीय नीतिका पक्षधर डा. बाबुराम भट्टराई केन्द्रीय समितिमा एक्लो भएका छन् भने डा. बाबुराम भट्टराईको नीतिमा चलेर क्रान्तिलाई विश्राम गरेको भन्दै प्रचण्डले नेतृत्व परिवर्तन गर्न उदार हुनुपर्ने आवाज उठेको छ । दुई वर्षअघि नेकपा (माओवादी) भित्र बाबुराम र प्रचण्डबीच यस्तै विचारका कारण झण्डै पार्टी नै विभाजन भएको थियो ।

सत्तामा पुग्नेबित्तिकै २०५२ सालमा नेकपा (एमाले) भित्र पनि यस्तै विवाद चर्किएको थियो । नेकपा (एमाले) को नेतृत्ववर्गले भारत तथा दरबारलाई सहयोग पुऱ्याएको भन्दै नेता वामदेव गौतमसहित सिपी मैनालीको समूहले पार्टी परित्याग गरी नेकपा (माले) पार्टी गठन गरेका थिए । माध्यावधी निर्वाचनमा उक्त दलले एउटा पनि सिट जित्न नसकेपछि वामदेवसहितको एउटा समूह नेकपा (एमाले) भित्रै फर्किएको थियो भने सिपी मैनालीहरू अझै पनि संयुक्त वाममोर्चाका रूपमा नेकपा (एमाले) बाहिर छन् ।

पछिल्लो समयमा नेकपा (माओवादी) भित्र चर्किएको विवादले तत्काल पार्टीलाई ठूलो असर नपारे पनि संविधानसभाको निर्वाचनमा सबै वामपार्टीहरू गणतन्त्रका लागि एकै ठाउँमा उभिने भर्खरै सार्वजनिक भएको रणनीतिमा धक्का पुग्ने देखिएको छ । नेकपा (एमाले) लाई भारतसहित विदेशी मित्रराष्ट्रहरूको विस्वास प्राप्त भैसकेको छ । यता नेकपा (माओवादी) भित्र भने भारतलाई समेत विस्वास गर्न नहुने विचारले विजय पाएको छ । पछिल्लो समयमा माओवादीका नेता डा. बाबुराम भट्टराई तथा अध्यक्ष प्रचण्ड महत्त्वपूर्ण स्थानहरूमा एक्ला-एक्लै उपस्थित हुनुले पनि उक्त दलमा बाबुराम भट्टराई एक्लो हुँदै गएको सङ्केतका रूपमा लिइएको छ । एक साताअघि एउटा सार्वजनिक कार्यक्रममा प्रचण्डको उपस्थितिबिना भट्राईले गणतन्त्रका लागि वाम एकता हुनुपर्ने आवश्यकता औंल्याए भने त्यसको एक दिनअघि प्रचण्ड एक्लैले पत्रकार सम्मेलन गरे । यसअघि यस्ता महत्त्वपूर्ण कार्यक्रममा दुवै नेता एकसाथ देखिन्थे ।

## मुखाले

चन्दनको तस्करी रोक्न गृहमन्त्रालय र अर्थ प्रशासनले मलाई सहयोग गरेन ।

**मातृका यादव, वन तथा भूसंरक्षण मन्त्री**

संविधानसभा निर्वाचनमा षड्यन्त्र भए संसद्बाटै गणतन्त्र घोषणा गरिनेछ ।

**कृष्ण सिटौला, गृहमन्त्री**

नेपालको शान्ति-प्रक्रिया फेरि खतरामा पर्ने सङ्केत देखिएको छ ।

**जेम्स एफ मोरियार्टी**
**नेपालका लागि अमेरिकी राजदूत**

म भ्रष्ट्राचारी होइन, भ्रष्ट्राचारी त प्रधानमन्त्री भएका छन्, थाहा छैन ?

**तुलसी गिरी**
**शाही शासनकालका उपाध्यक्ष**

जबसम्म जनताको सम्पत्ति फिर्ता हुँदैन तबसम्म माओवादी सेनालाई सरकारले खर्च छुट्याउन सक्तैन ।

**गिरिजाप्रसाद कोइराला, प्रधानमन्त्री**

नेपालको शान्ति-प्रक्रिया विश्वमै उदाहरणीय बनेको छ ।

**एरिक सोल्हेम**
**नर्वेका अन्तर्राष्ट्रिय विकास मन्त्री**

नेपालमा चाँडै गणतन्त्र आउने सङ्केत पाएको छु ।

**सीताराम यचुरी**
**भारतीय कम्युनिस्ट नेता**

तालिम खुल्यो
CTEVT बाट मान्यता
एकमात्र भरपर्दो संस्था
- मोवाइलफोन
- फोटोकपी,
- रेडियो टेलिभिजन
- हाउसवाइरिङ्ग
- मोटररिवाइल्डिङ्ग
- प्लम्बिङ्ग
विषयमा S.L.C दिएर बसेका विद्यार्थीहरुका लागि ५०% छुट
शनिवार पनि खुल्ला रहनेछ ।
सम्पर्क:
फोन: ४२७४२१७, कालिमाटी

आवश्यकता
NGO संग आबद्ध संस्थालाई २१ कर्मचारी तु. आवश्यकता SLC दिएका विद्यार्थी तथा ग्रिहणीले पार्टटाइम फुलटाइम जब गर्न मिल्ने, तलब-७५००
फोन:२०७३६१६, ९८०३०७५९८१
(चावहिल चोक)

विशेष छुट
उद्घोषण
रू. ५५५ मा
अडियो भिडियो ल्यावमा प्राक्टिकल सहित
एभरेष्ट कल्चर मिडिया एकेडेमी
५५५०६६२

सुवर्ण अवसर
नव वर्ष २०६४ को शुभकामना सहित विशेष छुटमा कक्षा ८ पास तथा कक्षा ९ र Test/SLC फेल भएका विद्यार्थीहरुका लागि private Test/SLC कक्षाहरुमा धमाधम भर्ना लिइदैछ । साथमा Computer Courses तथा Foreign Languages: English, Korean, Hebrew, German, Japanese आदि भाषाहरु सिकाइन्छ ।
Pupils Education Foundation
Chabahil, Ktm
Tel: 2082469/ 9841567606

सिलाई सिक्ने दिदी बहिनीहरुको लागि सुवर्ण अवसर
हाम्रो यस प्रशिक्षण केन्द्रमा सिलाई तालिम लिने दिदी बहिनीहरुलाई नि:शुल्क हेण्डीक्राफ्ट सम्बन्धी तालिम दिइन्छ ।
अन्य जानकारीको लागि
L.G. सिलाई प्रशिक्षण केन्द्र
भिमसेनस्थान काठमाडौं ।
फोन नं.: २०१०६४०, ९७४१०१५३९७

विशेष ५०% छुटमा होटल तालिम शुरु
तालिमहरु: कुक, वेटर, क्याप्टेन, तन्दुरी, वारमेन, स्टोरकिपर, हाउसकिपिङ्ग, रूम व्याई, वेल व्याई, फ्रन्ट अफिसर, रिसेप्सनिष्ट, सुपरभाईजर, बेकरी
S.L.C दिनेलाई थप छुट
नव वर्ष २०६४ को शुभ उपलक्ष्यमा
विशेषताहरु:
साहारा होटेल तालिम सेन्टर (S.M.T.T.C.)
फोन: २०४०७८२, ९८५१०९३६२९, नयाँ बानेश्वर (शिव दर्शन हल अगाडी)
र्याडीसन कूकिङ्ग तालिम सेन्टर (R.M.D.T.T.C.)
फोन: ४४६८७२०, नयाँ बानेश्वर, (BICC पानी ट्यांकीको ठीक अगाडी)



महिला तथा पुरूषहरूको लागी
नि:शुल्क व्यूटिसियन ट्रेनिङ्ग
NGO को सहयोगमा नेपाल सरकारद्वारा मान्यता प्राप्त हबिब, डा. ब्लोशम कोचर साथै विदेशबाट तालिम प्राप्त प्रशिक्षकहरुद्वारा अत्याधुनिक मेशिनमा कोर्ष ग्यारेन्टीका साथ Basic, Advance, Diploma र हेयर कटिङका साथै अन्य Special कोर्षहरुमा ग्यारेन्टीका साथ रोजगारीको अवसर सहित भर्ना खुल्यो ।
विदेश जानेहरुको लागी विशेष कोर्षको पनि व्यवस्था छ ।
सम्पर्क:
एन्जल ब्यूटी होम
★ SLC दिएर बसेका विद्यार्थीहरूलाई विषेश प्राथ्यता
न्यूरोड लेडिज एण्ड जेन्स् पार्लर -०१६२०७९०४, डिल्लीबजार -४४२४२५६, बाईपास -२१०४०२०
सुर्य विनायक (ट्रलिबस स्टप संगै) -६६१५७७७, कुपण्डोल (कानदेवथान चोक) -५५२३७५१
चावहिल चोक -२१९००८७, क्षेत्रपाटि चोक-४२५५९९०

## सम्पादकीय

# लोकतन्त्रलाई संस्थागत गरौं

गत मंगलबार नेपालीहरूले पहिलो लोकतन्त्र स्थापना दिवस मनाए। जनआन्दोलन–२ को सफलतापछि मुलुकमा स्थापित लोकतन्त्रको पहिलो वर्षले नेपाली जनतालाई उसका आर्थिक तथा सामाजिक अधिकारहरूप्रति सचेत हुन आग्रह गर्दै राजनैतिक अधिकारका लागि आवश्यक संघर्ष अझै टुंगिनसकेको सन्देश दिएको छ। संविधानसभामार्फत नेपाली जनता आफैंले आफ्ना लागि संविधान निर्माण गर्ने घोषणाका साथ नेपालमा लोकतन्त्रले प्रवेश पाएको थियो। बितेको एक वर्षमा नेपाली जनताले सबै किसिमका राजनैतिक द्वन्द्वलाई शान्तिपूर्ण आन्दोलन र वार्ताका माध्यमबाट समाधानको बाटोमा लान सकिन्छ भन्ने आत्मबोध पनि गरे। यद्यपि यसै अवधिमा मुलुकमा देखिएका विभिन्न जातजाति एवं सम्प्रदायका राजनैतिक महत्त्वाकांक्षाका कारणले कतिपय अवस्थामा राजनैतिक आन्दोलनले विद्रुप स्वरूपसमेत धारण गर्‍यो। यस क्रममा तराईमा चर्किएको हिंसात्मक आन्दोलन अग्रपंक्तिमा रह्यो। यस्तो अवस्था मुलुकमा अझै पनि विद्यमान् छ। अहिले नेपाली जनताको चुलिएको आकांक्षालाई आकार दिने काम पनि लोकतन्त्रले नै गरेको हो। यस अर्थमा लोकतन्त्रलाई कतिपय राजनैतिक विश्लेषकले नेपाली जनताको राजनैतिक चेतनाको ब्यारोमिटरका रूपमा समेत लिएका छन्। निश्चय पनि कुनै पनि समाजको आर्थिक तथा सामाजिक विकास उसको राजनैतिक चेतनामा निर्भर गर्छ। लोकतन्त्रका लागि नेपाली जनताले गरेको राजनैतिक आन्दोलनले उनीहरूको राजनैतिक चेतनाको एउटा पाटोलाई समेत प्रतिविम्बित गर्छ। यो सन्दर्भमा हामी के भन्न सक्छौं भने लोकतन्त्रका लागि नेपाली जनताले जे–जस्ता राजनैतिक संघर्ष गरेका छन् त्यसलाई विश्वका कुनै पनि राजनैतिक आन्दोलनभन्दा कम आँक्न सकिँदैन।

लामो र बलिदानी आन्दोलनपछि प्राप्त लोकतन्त्रको अर्थ छाडातन्त्र होइन। यो कुरा आमनेपालीले राम्रैसँग बुझेका छन्। अहिले नेपाली जनता आफ्नो राजनैतिक उपलब्धिलाई राजनैतिक दलहरूले वैचारिक स्पष्टताका साथ ग्रहण गरून् भन्ने चाहना राख्छन्। जनताको यस्तो चाहनालाई आकार दिन राजनैतिक दलहरू प्रयासरत छन्। कतिपय अवस्थामा दलहरूबीच मतभेद तथा द्वन्द्वको स्थिति देखिए पनि त्यस्ता सबैखाले राजनैतिक विवादलाई हाम्रा राजनैतिक दलहरूले समझदारीका साथ एक–अर्कालाई विश्वास गरेर छिनोफानो गर्नेछन् भन्ने विश्वास आमनेपाली जनतालाई छ। अहिले मुलुक संविधानसभा निर्वाचनको तयारीमा व्यस्त छ। ढिलोचाँडो जहिले भए पनि संविधानसभाले नेपालमा स्थापित लोकतन्त्रलाई कुनै पनि राजनैतिक दलको अभीष्ट पूरा गर्ने साधनका रूपमा भन्दा पनि नेपाली जनताको राजनैतिक अधिकारको कोसेढुंगाका रूपमा स्थापित गर्नेछ भन्ने आशा गर्न सकिन्छ। पहिलो लोकतन्त्र दिवसका अवसरमा नेपाली जनताले आफ्नो राजनैतिक अधिकारलाई जुन महत्त्वका साथ ग्रहण गरेको संकेत दिएका छन्, त्यसले राजनैतिक दलहरूमाथि पनि नेपाली जनताको विश्वासलाई खण्डित हुन नदिने दबाब परेको छ। यस्तो दबाबले निश्चय पनि नेपालका राजनैतिक दलहरूलाई आपसी विवादभन्दा माथि उठेर स्थापित लोकतन्त्रलाई भावी पुस्ताका लागि जगेर्ना गर्न एवं नेपाली समाजमा आमनागरिकको दैनिकीका रूपमा संस्थागत गर्न थप मेहनत गर्नुपर्ने चुनौती एवं जिम्मेवारी एकैसाथ थपिएको छ।

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऊँ साप्ताहिक पत्रिकाहरु पढ्न ।
सौजन्य : साप्ताहिक–पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल

# पाणीग्रहण–परित्राण





डा. डी.पी. भण्डारीसँग
अन्तरंग

कुनै बेला विवाहोत्सवहरूले अरू बेलाका विवाहहरूभन्दा बढी सनसनीपूर्ण जिज्ञासा र उत्तेजना पैदा गर्दा रहेछन्। यदि ऋतु वसन्त छ भने कौतूहलमा पनि वृद्धि भेटिन्छ। वसन्त ऋतु र अरू ऋतुहरूमा सम्पन्न पाणिग्रहण-मनोविज्ञान विराट् भिन्नता लिएर आएको हुन्छ। पाश्चात्य पुराण र परम्परामा वसन्तलाई सिजन अफ वर्थ, सिजन अफ रिजनरेसन भन्ने चलन छ। पूर्वीय मिथक र अभ्यासमा पनि वसन्तलाई ऐश्वर्य, सौन्दर्य, श्रृङ्गार, उर्वरता र जीवन्तताको कालखण्ड भन्ने प्रचलनले प्राचीन कालदेखि आजसम्म निरन्तरता पाइरहेको छ। दुई-तीन वर्षभित्र घटेका केही विवाहको छाप लोकको सामूहिक चेतनाभित्र यति जोडसित जम्यो कि सान्दर्भिक क्षणहरूमा तिनीहरूको चर्चामा बिस्मय र विषादको मिश्रण गुञ्जित भएको सुनिन्छ। विषाद किनकि स्मरणकर्ताहरूको आफ्नै विवाह त्यो रंग र रौनकबाट वञ्चित थियो।

सारांशतः मानिस एक विरोधाभासपूर्ण प्राणी हो। जे छैन त्यो देखाउँछ, जे छ त्यो लुकाउँछ। अधिकांशको यही यथार्थ हो। आर्थिक सम्पन्नताबाट पैदा हुने विलास र भव्यतातिर कहिलेकाहीं सुशिक्षित भीड पनि रसपूर्ण भएर खिचिँदो रहेछ। पुराना युगका सम्राट्का सन्तानहरूको विवाह-चर्चामा क्षणिक ऐतिहासिक रसोन्मेष हुनु एक स्वाभाविक सत्य हो। धेरै टाढाको विवाह-वैभवको पुराण सुन्दा वा पढ्दा मानिस डाहा गर्दैनन्, तर धेरै निकटका विपुल वैभव सूचक विवाहहरूले ईर्ष्या उत्पन्न नगरे पनि केही मिठासपूर्ण चञ्चलता, मधुर, शान्त, विस्मय र रागात्मकता पैदा गर्छ। विवाह एक अति सामान्य अपरिहार्य अनुष्ठान हो, तर कुनै विवाह बढी विस्मयकारी हुन्छन्, ईर्ष्याजनक नभए पनि।

कुनै बेला देखिन्छन् नरनारीहरू आश्चर्यपूर्ण भावदशामा जिब्रो टोकिरहेका। गत तीन-चार वर्षभित्र अनुष्ठित भएका केही जिब्रो टोकाउने पाणीग्रहण घटनाहरू घटेका हुन्–सुव्रतो रायको छोरा, लक्ष्मी मित्तलकी छोरी, प्यारजंग थापाकी छोरी, पशुपतिशमशेरकी छोरी, अमिताभ बच्चनको छोरा आदिका विवाह समारोह-भव्यता। स्वभाविक हो दर्शक, श्रोता र अरू सूचना पाउनेहरू अभिताभ-पुत्र अभिषेक बच्चनको विवाहतिर बढी खिचिनु। ग्ल्यामर जगत्का शिखर कलाकारका पुत्रको लगनगाँठो शिखर सुन्दरी ऐश्वर्य रायसित हुनु नै सामान्य र असमान्य उपभोक्ताहरूका लागि एक रक्तसञ्चालनकारी घटना हो।

एक साधारण रिक्साचालक र विश्वविद्यालयको एक असामान्य प्राध्यापक ऐश्वर्य-अभिषेक विवाहमा एउटै तीव्रतासित रुचि राख्छन्। उद्दिपन धेरै बलशाली छ भने आकर्षित हुने मुद्रा र व्यापारमा धेरै फरक हुँदैन। एक प्रकारको रुचि-साम्यवादको अनुभूति भेटिन्छ केही कालका लागि। सामान्य लोकको सतहमाथि विचरण गर्ने धनपतिहरू एक प्रकारको आयाममा रमाउन खोज्छन्, निर्धन र मध्यवर्गीयहरूको आफ्नै अलिखित रुचिशास्त्र हुन्छ, आफ्नै सीमा छन्। विपरीतता नभैदिएको भए हाम्रो संसार यति रोचक हुने थिएन होला।

वैविध्य मानव अस्तित्वको नुन हो भन्ने मन लाग्छ कुनै बेला, तर आधारभूत आवश्यकताको अनुपस्थितिमा हामी न रम्न सक्छौं, न रमाउन नै सक्छौं। विवाह वैभवको फजुलखर्चीको दृश्यावली हेर्न पनि दर्शकका प्रारम्भिक आवश्यताहरू पूरा भएका हुनुपर्छ। निरक्षर विपन्नहरूका लागि न लक्ष्मी मित्तलको आर्थिक ऐश्वर्य प्रदर्शनको अर्थ हुन्छ, न ऐश्वर्य रायको सौन्दर्यको नै अभिप्राय हुन्छ। नेपाली सक्षमहरूमध्ये धेरैले विवाह हेरे, विवाह-चर्चा सुने विद्युतीय माध्यमहरूबाट र रमाए चैनसित, वेचैनीसित। वस्तुतः बहुसंख्यकका लागि चैन कम, वेचैनी बढी तीक्ष्ण हुन्छ : चाहना बहुसंख्यकको पनि वैवाहिक विपुलता नै हुन्छ, ऐश्वर्यजस्तै सुन्दरी खोज्छन्, अमिताभ र सुव्रतो राय जस्तै ससुरा खोज्छन्। तर के गर्ने ? शेक्सपियरले प्राचीन उखान आफ्नो नाटक 'मर्चेन्ट अफ भेनिस' मा उद्धृत गरेको याद आउछ :

The ancient saying is so heresy
Hanging and wiving goes by desting.

पुरानो उखान गलतै छैन : फाँसी र विवाहमा विशुद्ध भाग्यको खेल हुन्छ, अर्थात् धेरै कम मानिसलाई फाँसी दिइन्छ, त्यस्तै धेरै कम विवाहितहरूको दाम्पत्य जीवन सुखी हुन्छ। अतिरिक्त अर्थ लगायो भने भन्न सकिन्छ– फाँसीमा झुन्डिनु र विवाहमा झुन्डिरहनुमा साम्यता छ।

महाकवि विलियम ब्लेकले आफ्नो प्रसिद्ध कृति 'म्यारिज अफ हेवेन एन्ड हेलमा हाम्रो अस्तित्वगत विपरीतहरूको सुन्दर प्रस्तुति दिएका छन्। विदाउट कन्ट्र्यारिज नो प्रोग्रेसन' (विपरीतहरूविना कुनै गति छैन, कुनै प्रगति हुँदैन : आकर्षण-विकर्षण, प्रेम-घृणा, बुद्धि र भावना, शुभ र अशुभ आदि)। शुभ स्वर्ग, अशुभ नर्क भएजस्तै अरू द्वैतहरूमा पनि त्यस्तै घनिष्ठ सम्बन्ध छ। स्त्री र पुरुष पनि दुई विपरीतहरू हुन्। एक-अर्कालाई तानिरहेकै हुन्छन्।

त्यो गुरुत्वाकर्षण जब विवाहको रूप लिन्छ तब अर्कै यात्रा सुरु हुन्छ। अनि विवाह-अनुभवीहरू सत्य बोल्न थाल्छन् विविध पदावलीमा : सफल दाम्पत्य जीवन स्वर्ग हो, विवाह एक नाटकीय यात्रा हो, विवाहमा नर-नारी दुवै पूर्ण आनन्द भेट्टाउँछन्, विवाहको निर्णय स्वर्गमा हुन्छ, पृथ्वीमा सम्पन्न हुन्छ र नरकमा भोगिन्छ। प्रेमविवाह मूढता हो, प्रेमविवाह बुद्धिमानी हो आदि वचनहरू पढ्न पाइन्छन्, सुन्न पाइन्छन् पाणीग्रहण संस्कारबारे।

ऐश्वर्य-अभिषेकको विवाहबारे असामान्य लोक-कौतूहल जागृत भएको देखेर मैले केही लेख्न बाध्यता अनुभव गरेको हुँ। यो जोडी त निकट अतीतमा घटेका विवाह-श्रृंखलाको आजसम्मको अन्तिम कडी मात्र हो। पण्डित जवाहरलाल नेहरूले आफ्नो एक लेखमा भनेको कुरा याद आइरह्यो उक्त उल्लेखित विवाहबारे सञ्चारमाध्यमहरूमा सूचनाहरू हेर्दा, पढ्दा। नेहरू भन्छन्– 'सबै सम्पन्न र विपन्न भारतीयहरूको विवाहमा गर्ने फजुल खर्ची, एक्ट्राबेगेन्स देखेर म चकित हुन्छु, व्यथित हुन्छु। विवाहको तामझाममा हुने फजुलखर्ची एक विराट्, अकाट्य मुर्खता हो।

मानिसहरू जहाँ आफ्नो अस्तित्वको महत्त्व भौतिक विलासमा, आर्थिक सम्पन्नता प्रदर्शनमा देखाउन खोज्छन् त्यो समाज गतिहीनज दुर्गतितिर जाँदै छ भनी ठाने हुन्छ।' नेहरूको मूल्य-चेतना धेरै उच्चकोटिको थियो। उनलाई उद्धृत गरेर मैले विलासप्रेमी आत्मप्रक्षेपणकारीहरूलाई होच्याउन खोजेको होइन। जति बढी खर्चिला पाणीग्रहणहरू त्यति नै बढी उत्सवीय उत्फुल्लता– केही क्षणहरूका लागि किन नहोस्। विश्वसुन्दरी ऐश्वर्या अमिताभ बच्चनकी बुहारी हुन चाहन्थिन्, सफल भइन्। शुभ कामना, हार्दिक शुभकामना ☐ पाणी कुशल दम्पतीहरूका लागि बन्धन नभएर परित्राण पनि हुन सक्छ। परित्राणको अर्थ सायद मुक्ति हुन्छ, उर्धगमन उर्धउडान हुन्छ।

bhandaridp@gmail.com



## नीति-नियम

जहाँ धेरै साक्षी छन् र मत फरक छन् अनि सत्यका लागि निर्णयमा पुग्न शंका भैरहेको छ भने बहुमतले भनेको कुरा मान्नुपर्छ। यदि समान संख्याका विभिन्न कुरा गर्छन् भने तिनमा जो गुणी पुरुष छ उसैको वचन मान्नुपर्छ। यदि गुणी व्यक्तिको वचनमा पनि विभिन्नता आए जुन विषयमा विभिन्नता आएको हो त्यसमा अधिक गुणी व्यक्तिको कुरालाई मान्नुपर्छ। जसले साक्षीका क्रममा सत्य बोल्छ उसले उत्तम लोक एवं सर्वोच्च कीर्ति प्राप्त गर्छ। सत्यले नै साक्षी पूजित हुन्छ। सत्यबाटै धर्म बढ्छ। त्यसैले सबै वर्गका मानिसले सत्य बोल्नुपर्छ।

–शुक्रनीति

अनुवाद : रामहरि बन्जारा



## चि ठी प त्र

### बैंक डुबाएर भागे

रक्सी, तरुनी, बार तथा डान्सको मात्र नभएर युएईमा अर्को माध्यमबाट पनि नेपालीहरू इज्जत गुमाउन बाध्य छन्। ४-५ वर्ष एउटा कम्पनीमा काम गर्‍यो, अनि बैंकबाट जति सकिन्छ ऋण लियो, त्यसपछि ऋण तिर्दै नतिरी नेपाल टाप। यसरी अरूलाई ठगेको रकमले भविष्यमा भित्र-भित्र पोल्छ र राम्रो काम पनि गर्न सकिनेछैन। परिश्रमले कमाएको धन प्यारो हुन्छ, अरूलाई ठगेर कमाएको धन फुस्सा हुन्छ। हिजोआज इमान्दार नेपालीले बैंकबाट ऋण लिन खोज्दा पहिलेका नेपालीहरूकै कारण नपाएको गुनासो बढ्दो छ। युएईका केही बैंकले नेपालीहरूलाई ब्ल्याक लिस्टमा पनि राखिसकेका छन्। एक नेपालीले गर्दा सारा नेपालीको छविमा दाग लागेको छ। नेपालीहरू अन्य देशका नागरिकभन्दा इमान्दार, मेहनती तथा जेहेन्दार हुन्छन् भन्ने कुरामा यहाँका उद्योगपति-व्यवसायीहरू विश्वस्त छन् र भविष्यमा अझ बढी नेपाली भित्र्याउने जमर्को पनि गरिरहेको छ यहाँको श्रमबजारले, तर यस्तै कार्य गर्दै जाने हो भने के अब नेपालीहरूलाई इमान्दार, मेहनती तथा जेहन्दार कामदार भन्न सुहाउला ? बेलैमा हामी सबै सचेत हुने बेला आएको छ। हामीले गर्दा अब आउने नेपालीहरूको छविमा समेत दाग नलागोस्। कैयौं नेपाली बैंकबाट ऋण झिकेर भ्याकेसन जाने र फर्केर नआउने योजनामा छन् होला। एकपटक सोच्नुहोस्, धन भनेको हातको मैला हो– आज छ भोलि छैन, तर इज्जत भनेको एक पटक गुमेपछि फेरि-फेरि पाउन गाह्रो हुन्छ। कतै तपाईं-हाम्रो योजनाले गर्दा अब आउने पिंढीका नेपालीहरूको छविमा र नेपाल राष्ट्रमाथि नै त दाग लाग्दैन ? हामी सबै प्रवासी नेपालीले सोच्ने बेला आएको छ। हामी आफैंले आ☐नै बेइज्जत नगरौं। पैसा लिएर गएपछि सबैको नजरबाट खस्न बाध्य हुनुपर्छ।

यस्तो कार्यमा नेपाली दूतावासले चाहेर पनि हस्तक्षेप गर्न सक्दैन। बैंकहरूबाट ऋण लिएर गएपछि नफर्केका नेपालीहरूका बारेमा दूतावासमा खबर हुन्छ र दूतावासले बैंकको ऋण लिएर गएका व्यक्तिहरूको सूची पनि सार्वजनिक गर्छ, तर पनि यसमा दूतावासले केवल प्रक्रिया मात्र पुर्‍याएजस्तो देखिन्छ।

kn_paudyal@yahoo.com

### राम्रो लाग्यो

साप्ताहिकको पहिलो पृष्ठमै प्रकाशित चाहना स्टाइलिस बाइकको लेख मलाई असाध्यै राम्रो लाग्यो। बाइक मोडिफाइ कुन हदसम्म पुगिसक्यो, यसले के-के विकृति निम्त्याउँछ, ट्राफिक प्रहरीहरूले यसमा के कस्तो पहल गरिरहेका छन्, मोडिफाई बाइकका पार्टपुर्जाहरूको मूल्य र फाइदा-बेफाइदा आदि सम्पूर्ण जानकारी पढ्न पाउँदा असाध्यै खुसी लाग्यो साथै ज्ञान पनि बढ्यो। उक्त लेख पढेर मैले मेरा साथीहरूलाई यो कुरा भन्दा कतिले मोडिफाई बाइक पनि पुरानो स्वरूपमा फर्काए।

**– सुबोधविक्रम राई, चितवन**

### परिवर्तनको खाँचो

साप्ताहिकको प्रथम पृष्ठमा मसाजसम्बन्धी लेख पढ्न पाइयो। सोचेजति खोजमूलक र बृहत् नभए पनि त्यहाँभित्रको पीडा कारुणिक तथा मार्मिक लाग्यो। पूजना, रेखा थापा र मध्यपृष्ठमा नायिका अरुणिमा लम्सालको आकर्षक तस्बिरले साप्ताहिकलाई रंग्याएको छ। नजिकबाट स्तम्भमा पूजा राईले आफ्नो जन्ममिति नभनेकै ठीक हुन्थ्यो। किशोर नेपालको कान्तिपुर गाथा त्यति रामोन्टिक लागेन, कृपया 'विपला' पात्रलाई नै निरन्तरता दिनुहोला। किनकि उनले आम आधुनिक नारीको प्रतिनिधित्व गरेकी छिन्।

देवनारायण चौधरीका बारेमा सामग्री प्रकाशित गरेर साप्ताहिकले म जस्ता खेलप्रेमीलाई गुन लगाएको छ। संविधानसभाको मात्र नभएर अन्य समसामयिक विषयमा जनताका मत प्रकाशित भए साप्ताहिक समावेशी हुने थियो कि ? फेसन र डान्ससम्बन्धी तीन चारवटा लेख प्रकाशित गर्नुभन्दा समाधान शीर्षकमा पाठकको समस्या कुनै विज्ञबाट समाधान खोजिदिए सामाजिक भ्रातृत्व बढ्ने थियो। मैले यो कुरा लगे रहो मुन्नाभाइबाट प्रेरित भएर भनेको हुँ। तन्नेरीहरूको अभिमत नपुगेजस्तो देखिन्छ, तसर्थ तन्नेरीरूको अभिमत स्तम्भ सिर्जित गर्न मिल्छ कि ?

**–अनिमेष पोखरेल, काठमाडौं**

## तीतो सत्य

फोहोर ठाउँमा फोहरै थप्न सजिलो हुन्छ, तर सफा ठाउँमा फोहोर पार्न जो-कोहीलाई पनि अप्ठेरो लाग्छ।

**पद्मा सिटौला**

मानिसले त्यति बेला मात्र सुख पाउँछ जतिबेला उसले सारा दु:ख भुल्न सक्छ।

**विनु सुब्बा, दमक**

फूल रोज्नेले काँडालाई पनि अँगाल्नु सक्नुपर्छ।

एउटा जिन्दगीलाई सबै कुराबाट जोगाउन सकिन्छ, तर मानवता जोगाउन गाह्रो हुन्छ।

सूर्यले नि:स्वार्थ सेवा प्रदान गर्छ, त्यसैले सूर्यसँग कुनै प्रकारको सम्झौता नगर।

पत्थर पग्लँदैन, टुक्रा-टुक्रा भएर जान्छ, त्यसैले पत्थरलाई कहिल्यै पगाल्ने प्रयास नगर।

**आनन्द खड्का**

*तीतो सत्य स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ।*

*–सम्पादक*

## मेरो विचार

### असल संविधानसभा

संविधानलाई देशको मूल कानुनका रूपमा स्वीकार गरिन्छ। संविधानअन्तर्गत रही राज्यका अन्य कानुनहरू निर्माण गरिन्छन्। संविधान सभा भनेको संविधान निर्माण गर्ने उद्देश्यले गठन गरिने जनताका प्रतिनिधिहरूको सभा हो। संविधान सभालाई असल संविधान बनाउने स्वच्छ निकायका रूपमा हेर्नुपर्छ। आमजनतालाई उनीहरूको हक-अधिकार बोध गराई त्यसलाई सुनिश्चित गराउन संविधानसभा आवश्यक हुन्छ।

जनतासँग प्रत्यक्ष सरोकारका विषयहरू आर्थिक, सामाजिक, सांस्कृतिक गतिविधिलाई सबलीकरण गरी राज्य-व्यवस्थाको पुनर्संरचना गर्दै नयाँ राज्यको स्थापना गर्ने परिकल्पना यसले गरेको हुन्छ। संविधानसभाको गठन विभिन्न पेसा, रोजगार, व्यवसाय, धर्म, वर्गमा आबद्ध जाति, जनजाति, दलित, गरिब, महिला, शोषित, पीडित, अशक्त, अपांगसमेतलाई समेट्ने गरी भौगोलिक, क्षेत्रीयता, वर्ग, जनसंख्या आदि विषयका आधारमा समानुपातिक प्रतिनिधित्व प्रणालीबाट गर्न सकिए देशमा विद्यमान वर्गीय, क्षेत्रीय, जातीय, लैंगिक, जनसंख्याजस्ता समस्या समाधान गर्न सजिलो हुन्छ। यसरी गठन हुने सभा समावेशी प्रकृतिको हुने हुँदा आमजनताको समस्याले सम्बोधन पाउँछ र यसबाट बनेको संविधान प्रभावकारी पनि हुन्छ।

संविधानसभामा सबै क्षेत्रको प्रतिनिधित्व हुने गरी प्रतिनिधि छानी पठाउने जिम्मा हामी जनताकै हातमा छ।

**– लक्ष्मीप्रसाद जोशी, बझाङ**

### जनताबीच जानुपर्छ

'संविधान' भन्नाले देशको मूल कानुन र 'सभा' भन्नाले सज्जनवृन्दको सहभागिता जहाँ विभिन्न विषयमा बहस हुन्छ बुझिन्छ, अर्थात् संविधानसभा योग्य (बौद्धिक, राजनैतिक दूरदर्शिता भएका) व्यक्तिहरूको सभा हो।

नेपालको संविधान २०४७ तत्कालीन समयमा एउटा पूर्ण संविधान थियो। त्यसलाई विश्वको सर्वोत्कृष्ट संविधान पनि भनिएको हो तर यसको निर्माण कालमा जनप्रतिनिधि आएनन्, केवल उच्च ओहोदाका व्यक्तिहरू र केही संस्थाको मात्र प्रतिनिधित्व भयो, फलस्वरूप असन्तुष्ट पक्षबाट यसलाई वहिष्कार गरी १०-१२ वर्ष सशस्त्र सामाजिक क्रान्ति र राजाको असोज १८ र माघ १९ का घटनापछि मृतप्रायः भएको संविधानलाई संशोधन गर्नुभन्दा संविधानसभामा जानु ठीक मानियो।

अल्पसंख्यक शिक्षित रहेको यो देशका जनतालाई संविधानसभाका बारेमा कति ज्ञान छ ? कुनै राजनैतिक दललाई चासो छैन। यतिबेला दलहरूले संविधानसभाका विषयमा नीति तथा सिद्धान्तका घोषणापत्र जारी गरी जनतासामु जानुपर्ने होइन ? जनतालाई सचेत तथा संविधानसभाका बारेमा बुझक नबनाई आएको परिणाम दीर्घजीवी होला ? त्यस्तै कुनै पनि मान्यताका सम्बन्धमा (जस्तै राजसंस्था) आफ्नो दलको नीति तथा सिद्धान्तका आधारमा त्यसका गुण-अवगुण, फाइदा-बेफाइदा सबैलाई दूरदर्शी ढंगले केलाएर जनताबीच जानुपर्छ।

राजनैतिक दलहरूले संविधानसभाको निर्वाचनमा उम्मेदवारी दिंदा विभिन्न कुराहरू जस्तै जातजाति, संप्रदाय, वर्ग आदिको बौद्धिक तथा दूरदर्शी उम्मेदवार, छनौट गर्न सक्नुपर्छ। निष्पक्ष निर्वाचन, दूरदर्शिता, कर्तव्यनिष्ठ सभासद देशको आवश्यकता हो। जसबाट देशको अग्रगामी निकास होस्।

**–कृष्णचन्द्र वाग्ले, गोंगबु काठमाडौं**

### अधिकार सम्पन्न सभा

देश अहिले संक्रमणकालबाट गुज्रिरहेको छ। त्यसैले यसको सही व्यवस्थापन तथा मुलुकको नयाँ गन्तव्य सुनिश्चित गर्नु नितान्त आवश्यक छ। यो समान्तवादको क्रमभङ्ग र नयाँ लोकतान्त्रिक यात्राको थालनी हो। यतिबेला प्रतिगामी शक्तिहरू संविधानसभाको निर्वाचन असफल पार्ने षडयन्त्रमा लागि परेका छन्। संविधानसभाको निर्वाचन अग्रगामी राजनैतिक निकास एवं दिगो शान्तिको माध्यम हो। यसले निश्चित रूपमा १० वर्षे सशस्त्र जनयुद्ध तथा १९ दिने ऐतिहासिक जनआन्दोलन-२ को मर्म एवं नेपाली जनताको भावनालाई समेट्न सक्नुपर्छ।

नेपाली जनताले आफ्नो अस्तित्व बचाउने लडाइँ फेरि कहिल्यै लड्न नपरोस्। त्यसैले सम्पूर्ण राजनैतिक शक्तिहरू एकजुट भएर संविधानसभालाई लक्ष्यसम्म पुऱ्याउन कटिबद्ध हुनुपर्छ।

संविधानसभाका वास्तविक संवाहक भनेका राजनैतिक दलहरू नै हुन। त्यसैले अन्य देशमा संविधानसभा सफल र असफल हुने कारणलाई विश्लेषण गरी समयमै सही एवं उचित निर्णय लिनु नितान्त आवश्यक छ। संविधानसभाका बारेमा जनतामाझ चेतना जागाउने कार्य गर्नुपर्छ। बुद्धिजीवी, सञ्चारकर्मी, सञ्चारमाध्यम, नागरिक समाजका अगुवा आदिले आ-आफ्नो तह एवं तप्काबाट संविधानसभालाई सुसम्पन्न गर्न सक्दो योगदान दिनुपर्छ।

जनताको अधिकतम सहभागिताका लागि समानुपातिक निर्वाचन प्रणाली अपनाउनुपर्छ। हरेक नेपाली जनताको भाग्य निर्माणको बेला हो यो। त्यसैले सरकारले निर्वाचन आयोगलाई सक्रिय बनाउने, उपयुक्त सुरक्षा संयन्त्र निर्माण गर्ने, स्वतन्त्र, निष्पक्ष एवं भयरहित वातावरणको प्रत्याभूति दिलाउने काम गर्नुपर्छ। हरेक नेपाली सचेत र सजग बन्नुपर्छ। संविधानसभा निर्वाचनमा तगारो लाउन खोज्ने जो-कोहीलाई पनि अब नेपाली जनताले त्यसै छोड्नुहुँदैन।

**–वेदप्रसाद बास्तोला, कञ्चनपुर**

**तपाईंको विचारमा संविधानसभा के हो ? यसले के गर्छ ? यसका बाधा-अड्चनहरू के-के हुन् ? तिनलाई हटाउन के गर्नुपर्छ ? संविधानसभाको निर्वाचन कसरी सफल हुनसक्छ ? संविधानसभाका लागि सरकार तथा नागरिकका दायित्व के-के हुन् ? जस्ता प्रश्नमा केन्द्रित रहेर आफ्ना धारणा हामीलाई लेखिपठाउनुहोस्। प्रत्येक प्रकाशित सामग्रीलाई नगद रु. २ सय प्रदान गरिनेछ।**




# कति आवश्यक छ ए लेभल ?

**विदुर खतिवडा**

काठमाडौं– बेलायतको क्याम्ब्रिज विश्वविद्यालयअन्तर्गत क्याम्ब्रिज इन्टरनेसनल एक्जामिनेसन्सद्वारा सञ्चालित जनरल सर्टिफिकेट अफ एजुकेसन (जिसिई) अर्थात् 'ए' लेभलको विश्वव्यापी परीक्षामा नेपालकी प्रकृति मिश्रले 'समाजशास्त्र' मा उच्च प्राप्ताङ्क हासिल गरेको समाचारले केही समयअघि निकै चर्चा पायो। यसअघि पनि केही नेपाली विद्यार्थीले त्यस्तो उत्कृष्टता हासिल गरिसकेका थिए, तर प्रकृतिले पाएको सफलतालाई आमसञ्चारका प्रायः सबै माध्यमले महत्त्व दिए। नेपाली विद्यार्थीहरूमध्ये सर्वोत्कृष्ट भएकी प्रकृतिले पनि यति धेरै चर्चा पाउने आशा नगरेको साप्ताहिकलाई बताइन्। अहिलेसम्म ए लेभलअन्तर्गत गणितमा महेश्वर श्रेष्ठ, वातावरण विज्ञानमा निलेश प्रधान तथा मनोविज्ञानमा प्रणय राणाले विश्वमै उत्कृष्ट अंक ल्याएका छन्। प्रकृति भन्छिन्- 'जे होस्, मेरो पालादेखि उत्कृष्ट अंक ल्याउनेहरूको चर्चा हुने ट्रेन्ड बसेको छ।'

प्रकृतिको भनाइ र आमसञ्चार-माध्यमले दिएको प्राथमिकताका आधारमा नेपालमा ए लेभल पाठ्यक्रम लोकप्रिय भएको पुष्टि हुन्छ। नेपालमा ए लेभल पाठ्यक्रमअन्तर्गत अध्यापन प्रारम्भ भएको दुई दशक बितिसकेको छ। दुई दशक लामो यो यात्रामा ए लेभलप्रति आकर्षण बढ्न थालेको भने करिब आधा दशक मात्र भयो। अर्को महत्त्वपूर्ण कुरा गत वर्षसम्म एक दर्जन कलेजले अध्यापन गराउने यो पाठ्यक्रमलाई यो वर्ष थप एक दर्जन कलेजले अध्यापन गराउने अनुमति पाएका छन्। शिक्षा मन्त्रालयका सहसचिव लवप्रसाद त्रिपाठीका अनुसार अनुमति दिने तयारीमा अझै केही शिक्षण संस्था 'पाइप लाइन' मा छन्।

## शुल्क

ए लेभल सञ्चालन गर्ने कलेजहरूले मासिक ४ हजार देखि ११ हजारसम्म शुल्क लिने गरेका छन्। यस्तै भर्नाबापत १० हजारदेखि ६० हजार रुपैयाँसम्म लिने गरिएको छ। यसबाहेक परीक्षा शुल्क २५ हजारसम्म हुन्छ। दुई वर्षको ए लेभल पूरा गरुन्जेल विद्यार्थीले १ लाख ७५ हजारदेखि २ लाख ५० हजार रुपैयाँसम्म बुझाउनुपर्छ। ए लेभल अध्ययन गर्दा महँगो अनुभूति गराउने अर्को पक्ष हो– पाठ्यपुस्तक। पाठ्यपुस्तक महँगो हुने भएकाले विद्यार्थीले फोटोकपीको सहारा लिनुपर्छ।

यसले पनि ए लेभलको पाठ्यक्रम लोकप्रिय भएको पुष्टि हुन्छ।

एसएलसी परीक्षा सकिएको केही दिनमै अध्यापन प्रारम्भ हुने 'ए' लेभल कोर्सका बारेमा बुझ्न विद्यार्थीहरू कलेज चहार्न थालिसकेका छन्। 'ए लेभल अध्ययनका लागि एसएलसीको परिणाम कुर्नु आवश्यक नभएकाले पनि प्रक्रिया अघि बढिसकेको हुन्छ।' चेल्सी इन्टरनेसनल कलेज, नयाँ बानेश्वरका प्राचार्य सुधिर कुमार झा भन्छन्- 'ए लेभल पाठ्यक्रमका लागि सुरुमा आधारभूत कक्षा लिनुपर्ने भएकाले पनि परिणाम आउनुअगावै कक्षा प्रारम्भ भैसकेको हुन्छ।' झाका अनुसार पछिल्ला वर्षहरूमा विश्वव्यापी शिक्षा ए लेभलप्रति चासो बढेको छ। त्यसैगरी उच्च वर्गको चासोका रूपमा रहेको ए लेभल क्रमशः मध्यमवर्गीय परिवारमा पनि पुग्न थालेको छ।

ए लेभल यस्तो पाठ्यक्रम हो, जहाँ विद्यार्थीले आफूले अध्ययन गर्न खोजेको बाटो आफैं पहिल्याउन सक्छन्। साइन्स, ननसाइन्स र ह्युमानिटिज संकायअन्तर्गत १ सय ५० भन्दा बढी विषयमध्ये विद्यार्थी आफैले छनौट गरेर अध्ययन गर्ने भएकाले पनि उनीहरूले राम्रो नतिजा ल्याउन सक्छन्। त्यति मात्र होइन, अंग्रेजी भाषाबाहेक अन्य विषय विद्यार्थी आफैंले छनौट गर्न सक्छन्।

**परिभाषा 'ए' लेभलको**

'एड्भान्स लेभल अर्थात ए लेभल' बेलायतको युनिभर्सिटी अफ क्याम्ब्रिज लोकल एक्जामिनेसन्स सिन्डिकेटको एउटा अंगका रूपमा रहेको क्याम्ब्रिज इन्टरनेसनल एक्जामिनेसन बोर्ड (सीआईई) बाट सञ्चालित पाठ्यक्रम हो। आधा शताब्दी लामो यात्रा तय गरिसकेको यो कोर्सलाई नेपाल सरकारले प्रवीणता प्रमाणपत्रसरह मान्यता दिएको छ। ए लेभलको पाठ्यक्रम बनाउनेदेखि लिएर परीक्षा सञ्चालनसम्म सीआईईअन्तर्गत नै हुन्छ। परीक्षा सञ्चालनका लागि नेपालमा रहेको ब्रिटिस काउन्सिलले सम्पूर्ण रूपमा जिम्मेवारी लिएको छ।

ए लेभल अध्ययनका केही सकारात्मक पक्ष पनि छन्। कोर्स दुई वर्षको भनेर निर्धारण गरिएको भए पनि राम्रो तयारी गरेका विद्यार्थीले निर्धारित समयभन्दा अगावै पनि कोर्स पूरा गर्न सक्छन्। यसबाहेक कुनै विषयमा राम्रो ग्रेड नआए त्यो विषयमा फेरि परीक्षा दिइरहन पाइन्छ। बूढानीलकण्ठ उच्च मा.वि.का प्रिन्सिपल नारायण शर्माका अनुसार हरेक दुई-तीन वर्षमा पाठ्यक्रम परिमार्जित हुनु ए लेभलको अर्को विशेषता हो। परीक्षा प्रणाली पनि छिटो-छरितो एवं व्याहारिक छ। ए लेभलमा बढी विषय छनौट गर्ने अवसर रहन्छ। पहिलो वर्षको कोर्स एड्भान्स सब्सिडरी लेभल र दोस्रो वर्ष ए टु गरी दुई भागमा पाठ्यक्रम विभाजन गरिएको हुन्छ। ए लेभलमा चारवटा विषय अध्ययन गर्नुपर्नेमा जनरल पेपरका रूपमा अंग्रेजीबाहेक अन्य विद्यार्थी आफैंले मन परेको विषय छनौट गर्न पाउँछन्। निश्चित पाठ्यक्रममा विद्यार्थीले कति पढ्यो भन्ने भन्दा पनि उसले कति बुझ्यो भन्ने कुरामा रहेर परीक्षा सञ्चालन हुने भएकाले विद्यार्थीले गहन अध्ययन गर्नु आवश्यक छ। काठमाडौं भ्याली स्कुलकी प्रिन्सिपल बबिता लाभ भन्छिन्- 'विद्यार्थीले उच्च शिक्षाका क्रममा विदेश गएर पढ्न सक्ने सामर्थ्य राख्नुपर्ने भएकाले भर्ना गर्नुअघि उसको क्षमता पनि हेर्नु त्यत्तिकै आवश्यक छ।'

ए लेभलमा विज्ञान, व्यवस्थापन तथा मानविकी संकायका विषयहरू नै हुन्छन्, तर विद्यार्थीको रुचि छ भने विज्ञानमा पनि व्यवस्थापन वा मानविकीको कुनै विषय राखेर अध्ययन गर्न सकिन्छ। ए लेभल पढेको मानिसले पछि के पढ्ने ? एजेवाइल्ड इन्स्टिच्युट अफ एड्भान्स स्टडिजका प्रबन्ध निर्देशक नवीन श्रेष्ठका अनुसार यो आधारभूत कोर्स हो, विद्यार्थीले आफ्नो भविष्य जता देख्छ, त्यही कोर्सतर्फ अघि बढ्न सक्छ।

यो प्रणालीअन्तर्गत एउटै विषयमा ७ वटा पेपरसम्मको परीक्षा दिनुपर्ने हुन्छ, साइपाल एकेडेमीका किरण चापागाईं भन्छन्- ग्रेडिङ प्रणालीबाट यसको मूल्याङ्कन हुन्छ, विद्यार्थीले कुनै पेपरमा सामान्य राम्रो र कुनैमा अत्यन्त राम्रो गरेको छ भने एभरेजका आधारमा उसलाई ग्रेडिङ दिइन्छ। ग्रेडिङमा क्रमशः ए, बी, सी, डी, ई र्‍याङ्किङ हुन्छ, हरेक विषयमा ए ग्रेड ल्याउन सक्नु विद्यार्थीको उच्च सफलता हो भने ई ग्रेड तल्लो तह हो। 'यदि विद्यार्थीले यु ग्रेड पायो भने सम्झनुपर्छ, ऊ परीक्षामा अनुत्तीर्ण भयो,' चेल्सीका प्राचार्य झा भन्छन्- 'चित्तबुझ्दो ग्रेडिङ नआए विद्यार्थीले पुनः परीक्षा दिन सक्छन्। प्रश्नपत्र ४० प्रतिशत वस्तुगत तथा अन्य छोटो र लामो उत्तर लेख्ने हुन्छन्। परीक्षा वर्षको दुईपटक मे-जून र अक्टोबर-नोभेम्बरमा हुन्छ। परीक्षाका लागि प्रश्नपत्र तयार गर्नेदेखि लिएर जाँच गर्नेसम्म सबै काम क्याम्ब्रिज विश्वविद्यालयले नै गर्छ भने नेपालमा ब्रिटिस काउन्सिलअन्तर्गत परीक्षा सञ्चालन हुन्छ।

एसएलसीपछि उच्च शिक्षाको अध्ययनका लागि बिदेसिने विद्यार्थीहरूलाई लक्षित गरेर नै क्याम्ब्रिज विश्वविद्यालयको सम्बन्धनमा रहेको ए लेभलको अध्यापन प्रारम्भ भएको जेभियर इन्टरनेसनल कलेजका प्राचार्य लोक भण्डारी बताउँछन्। क्याम्ब्रिजको सम्बन्धनमा विश्वका १ सय ६३ राष्ट्रमा ए लेभलको अध्यापन हुने गरेको छ। 'विद्यार्थीले राम्रो नतिजा ल्याए विदेश जाने ढोका आफैं खुल्छ,' लुम्बिनी इन्टरनेसनल कलेजका प्रिन्सिपल राम पौडेल भन्छन्- 'प्रतिष्ठित क्याम्ब्रिज विश्वविद्यालयको कार्यक्रम भएकाले पनि राम्रा विद्यार्थीहरू ए लेभलको अध्ययनमा जान रुचाउँछन्।'

सन् १९८५ मा पहिलो पटक क्याम्ब्रिजकै 'ओ' लेभल अर्थात् एसएलसी बराबरको पाठ्यक्रमको अध्यापन बूढानीलकण्ठ उच्च मा.वि.ले प्रारम्भ गरेको थियो। दुई वर्षपछि बूढानीलकण्ठले नै 'ए' लेभल पनि सुरु गर्‍यो, तर अहिले ओ लेभल खारेजीमा परेको छ। काठमाडौं भ्याली स्कुलकी बबिता लाभका अनुसार ओ लेभल नेपालमा खारेज भएकाले नेपाली विद्यार्थीहरू उक्त शिक्षाका लागि पनि बिदेसिन थालेका छन्। लाभ भन्छिन्- 'छिमेकी मुलुक भारतका सीमावर्ती सहरमा त्यस्ता विद्यार्थीको संख्या उल्लेख्य छ।'

अहिले ए लेभलका लागि आवश्यक पूर्वाधार तयार गरेर ब्रिटिस काउन्सिलमा निवेदन दिनुपर्ने व्यवस्था छ, जसका आधारमा ब्रिटिस काउन्सिल तथा सीआईईका पर्यवेक्षकहरू निरीक्षण गरेर क्याम्ब्रिजको पिन कोड प्रदान गर्छन्, तर पिन कोड प्राप्त गर्ने कलेजले नेपाल सरकारले २०५९ मा लागू गरेको उच्च शिक्षा सञ्चालन निर्देशिकाबमोजिम शिक्षा मन्त्रालय उच्च तथा प्राविधिक शिक्षा शाखाबाट अनिवार्य रूपमा अनुमति लिनुपर्ने प्रावधान छ। निर्देशिकाले निर्धारण गरेको मापदण्डअनुरूप अन्तर्राष्ट्रिय स्तरको पूर्वाधार छ-छैन, मन्त्रालयले पनि अनुगमन गर्छ। मन्त्रालयका प्रवक्ता तथा शाखा संयोजक लवप्रसाद त्रिपाठी भन्छन्– 'मन्त्रालयअन्तर्गत प्राविधिक शाखाले सिफारिश गरेको आधारमा शिक्षामन्त्रीको अध्यक्षतामा रहेको उच्चस्तरीय मूल्याङ्कन तथा अनुगमन समितिले निर्णय गरेपछि मात्र कलेजले वैधानिक रूपमा सम्बन्धन पाएको ठहर्छ।' मन्त्रालय र काउन्सिलले क्याम्ब्रिजले तोके-बमोजिमको पूर्वाधार छ-छैन भनेर वर्षको दुई पटक छुट्टाछुट्टै अनुगमन तथा निरीक्षण गर्छन्।

**ए लेभलको मुख्य उद्देश्य विदेश**

उच्च वर्गका विद्यार्थीका निम्ति ए लेभल उपयुक्त हुने भनिए पनि छोराछोरीको उज्ज्वल भविष्यको कल्पनामा अहिले मध्यमवर्गीय परिवार पनि यसतर्फ तानिएको छ। निश्चित रूपमा एसएलसीपछिका अन्य शिक्षाभन्दा ए लेभल महँगो नै छ। उच्च शिक्षाका क्रममा बिदेसिइरहेकाहरूलाई स्वदेशमै शिक्षा उपलब्ध गराउन यो कोर्सको प्रारम्भ भएको पनि शिक्षाविद्हरू बताउँछन्। अहिले ए लेभलको प्रवेश परीक्षा दिलाउने संस्थाहरूदेखि कलेजसम्म सबैले विदेश जाने राम्रो अवसरका रूपमा यो कोर्सलाई परिभाषित गर्ने गरेका छन्। जुन केही हदसम्म सत्य हो, तर आर्थिक वा अन्य कुनै कारणले बिदेसिन नसकेको अवस्थामा के त्यो विद्यार्थीको क्यारियर डावाँडोल हुन्छ ? शिक्षाविद् तीर्थ खनियाँ भन्छन्- 'ए लेभललाई विदेश जान पाउने शिक्षाका रूपमा परिभाषित गरिनु ठीक होइन, तर ए लेभल अध्ययन गर्नु भनेको हाम्रो जनशक्तिलाई विदेश जान प्रेरित गर्नु नै हो। यता उत्कृष्ट छात्रा प्रकृति

बाँकी पृष्ठ ७ मा



छ कहिं यस्तो ?
(उदघोषण)
के तपाईं रेडियोमा बोल्न चाहनु हुन्छ ?
नेपालभरी एकै पटक १६ वटा कार्यक्रम प्रसारण गरेर लोकप्रियताको शिखर चुम्न सफल RJ डियरकल्याण को प्रत्यक्ष संलग्नतामा RJ/ट्रेनिङ्ग भैराखेको छ।
नेपालमै उद्घोषणको लागि अत्याधुनिक उपकरण सहितको STUDIO जहाँ तपाईंलाई हामी PRACTICE गराउँदछौं।
नेपालमा रहेका विभिन्न ५० भन्दा वढि F.M. हरु संग मिलेर हामी कार्यक्रम निर्माण र प्रसारण गर्दछौं।
त्यसैले आउनुहोस् M.D.C. मा RJ ट्रेनिङ्ग लिएर राम्रो संचारकर्मि वन्नुहोस्।
M.D.C. Dillibazar, Batuleghar Phone: 4418139




गरिबी, अन्याय, अत्याचार, भ्रष्टाचार, अशिक्षा, जातिय भेदभाव हाम्रा शत्रु हुन्। यसका विरुद्ध सबै सचेत, सजग र क्रियाशील रहनु पर्दछ।
नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग


'सबैको लागि शिक्षा'
PRIVATE TEST/S.L.C. 2064
कक्षा ८ पास, कक्षा ९ पास/फेल तथा TEST र S.L.C. फेल भएका, जागिर खाएर पढ्न चाहने र विविध कारणले स्कूल छाडेका विद्यार्थीहरुलाई Private Test/S.L.C. मा विशेष छुटका साथ धमाधम भर्ना लिईदैछ।
कक्षा सुरु: वैशाख २ गतेबाट
SHIVAPURI OPEN SCHOOL
सामाखुसी, कपुरधाराचोक,
फोन: ४-३६२१२५, ९८४१५३७६८०

उद्घोषण तालिम
नयाँ वर्ष २०६४ सालको उपलक्ष्यमा एस.एल.सी. दिएर बसेका विद्यार्थीहरुलाई विशेष छुट सहित धमाधम उद्घोषण (RJ/VJ) तालिम दिईदै छ।
हाम्रा विशेषताहरु
१. ८०% भन्दा वढिलाई रोजगार दिलाउन सफल।
२. Theory र Practical संगसंगै गराइने।
३. सबैभन्दा पुरानो र विश्वासिलो।
४. तालिमको अन्त्यमा १ घण्टाको कार्यक्रम रेकर्ड गर्न दिइने।
सम्पर्क: पारस मिडिया एण्ड ट्रेनिङ्ग सेन्टर
प्रदर्शनी मार्ग
फोन : २००३०९८

प्राइभेट TEST/SLC ०६४
'भर्ना खुल्यो'
Staff Nurse
H.A., D-Pharma
Preparation
SAMARPAN ACADEMY
Lagankhel, Lalitpur
Tel.: 5547574, 2384239

KEI for BE ENTRANCE
Admission open: Preparation Classes
• Managed by Highly experienced teachers and Post graduate Enginneers of IOE Pulchowk Campus.
• Excellent result in IOE Entrance with top 10 students. (BE 96%, ME 98 % and IOE topper)
• Provided Text books, Question banks & Practice Sheets.
Kantipur Educational Institute (KEI)
Kupandol, Tel: 5540917, GPO Box: 8973 NPC115
Web:www.kei.edu.np/email:info@kei.edu.np

# एसएलसीपछिका चुनौतीहरू



आशिष लुइँटेल

यसपालिको एसएलसीमा सहभागी भै डिस्टिङ्सनको आशा गर्ने काठमाण्डौंकी ऋचा पौडेलका अगाडि अब कुन कलेजमा भर्ना हुने ? कुन विषय पढ्दा आफ्नो लक्ष्यमा सजिलै पुग्न सकिन्छ ? आफ्नो हैसियतअनुसार कुन कलेजमा पढ्दा अध्ययनलाई निरन्तरता दिन सकिन्छ ? जस्ता चुनौती प्रस्तुत भएका छन् । उता ओखलढुङ्गाका विश्वम्भर घिमिरेको व्यथा पनि उस्तै छ । सोचेजस्तो शिक्षा लिन राजधानी नै छिर्नुपर्ने चिन्ताले उनलाई थप सताएको छ । त्यसो त धुलिखेलको एक होटलमा वेटरको काम १५ दिनका लागि थन्क्याएर एसएलसी परीक्षामा सहभागी रमेश श्रेष्ठमा शिक्षाको यात्रा अघि बढाउने स्रोत जुटाउन अब के गर्ने भन्ने चिन्ता छ । भर्खरै एसएलसी परीक्षामा सहभागी थुप्रैको व्यथाको प्रतिनिधित्व ऋचा, विश्वम्भर अनि रमेशले गरेका छन् ।

शैक्षिक जगत्मा एसएलसी परीक्षाका साथै प्रमाणपत्र तह पनि उच्च शिक्षा प्राप्तिको महत्त्वपूर्ण पाटो हो । यस्तो समयमा विद्यार्थी तथा अभिभावकले विशेष ध्यान पुऱ्याउनुपर्छ । विद्यार्थीको इच्छा, रुचि अनि क्षमतालाई ध्यानमा राखेर मात्रै अभिभावकले निर्णय लिनुपर्छ ।

**विद्यार्थी तथा अभिभावकको अन्तर्सम्बन्ध**

- मेरो छोरालाई इन्जिनियर बनाएरै छाड्छु ।
- मलाई त वकिल बन्ने इच्छा छ ।

आफ्नो छोरालाई इन्जिनियर बनाउने सपना साँधेका भक्तपुरका केशव कार्की छोरा राहुलको वकिल बन्ने सोच देखेर दिक्क छन्, तर आफूले सोचेजस्तो पढ्न पाए आफ्नो क्षेत्रमा उत्कृष्ट हुनेसपना राहुलको छ ।

अभिभावकहरू छोराछोरीलाई डाक्टर, इन्जिनियर अनि पाइलट बनाउन चाहन्छन् तर छोराछोरीहरू भने कलाकार, साहित्यकार वा अरू नाम कमाउने पेसा रोज्छन् । यसो भन्दैमा आफ्ना छोराछोरी भड्किए भनेर सोच्नु हुँदैन । प्रथम श्रेणीमा एसएलसी उत्तीर्ण गर्नेले विज्ञान संकाय पढ्ने अनि दोस्रो र तेस्रो श्रेणीमा उत्तीर्ण गर्नेले चाहिं व्यवस्थापन वा आर्ट्स पढ्नुपर्ने पुरातनवादी सोच अझै पनि व्याप्त छ ।

भविष्यमा के बन्ने भन्ने कुरा अभिभावकले इच्छा गरेर मात्र हुँदैन । पैसा पनि कमाइने, सेवा पनि हुने भनेर धेरैको इच्छा डाक्टर, इन्जिनियर बन्ने वा बनाउने हुन सक्छ, तर त्यो गलत मान्यता हो । हिजोआज सय जनाका लागि जागिर खुल्दा दस हजारको दरखास्त पर्न थालेको छ । जुनसुकै क्षेत्रमा पनि कडा प्रतिस्पर्धा छ । त्यसैले जुनसुकै विषय पढे पनि त्यसमा कामचलाउ मात्र भएर पुग्दैन, पूर्ण दक्षता चाहिन्छ । त्यसका लागि विद्यार्थी स्वयंले आफ्नो क्षमता अनि रुचिका आधारमा कुनै पनि क्षेत्र निर्धारण गर्नुपर्छ । प्रथम श्रेणीमा उत्तीर्ण भए पनि आर्ट्स पढ्न मन लाग्छ र त्यो क्षेत्रमा उत्कृष्ट गर्छु भन्ने लाग्छ भने विज्ञान संकायमा भर्ना हुनु बेकार हो । छोराछोरीले साथीभाइको लहैलहैमा लागेर वा मिल्ने साथीसँग नछुट्टिनकै लागि एउटै विषय पढ्ने भनेर आफूलाई मिल्दै नमिल्ने विषय रोज्न सक्छन् भन्नेतिर अभिभावकहरूले विचार पुऱ्याउनु अर्को आवश्यक कुरा हो, तर विद्यार्थीको रुचि र क्षमताबाहिरको विषय छानेर त्यसमा दबाब दिने कामचाहिं भुलेर पनि गर्नु हुँदैन ।



एसएलसी परीक्षा सकिएपछि नेपालमा १०+२ शिक्षाअन्तर्गत निजी क्षेत्रमा कस्ता-कस्ता कलेज खुलेका छन् ? अथवा सरकारी कलेजहरू कस्ता छन् ? तिनले कुनकुन विषय पढाउँछन् ? त्यहाँ के-कस्तो शैक्षिक सुविधा छ ? कस्ता-कस्ता शिक्षकले पढाउँछन् भनेर जान्नु आवश्यकता मात्र होइन, हरेक अभिभावक एवं विद्यार्थीको अधिकार पनि हो ।

**कस्तो कलेज छान्ने ?**

'युगअनुसारको गुणस्तरीय शिक्षा दिने' नाराका साथ खोलिएका अधिकांश (निजी क्षेत्रका) उच्च मा.वि.हरू आफ्नो व्यापार फस्टाउने उपाय खोज्नमै समय खर्चिरहेका देखिन्छन् । आकर्षक नारा र सुविधाको प्रलोभन देखाएर विद्यार्थी तान्ने होडबाजीमा विद्यार्थीहरू झुक्किन सक्छन् । जसरी हुन्छ आफ्नो विद्यालयमा विद्यार्थीलाई भित्र्याउनु कतिपय उच्च मा.वि.हरूको काम नै भएको छ । उचित सल्लाह-सुझावको अभावमा बलिको बोका बनिन्छ भन्नेतर्फ सम्बन्धित विद्यार्थी-अभिभावक सबैको ध्यान जानुपर्छ ।

विद्यार्थी तथा अभिभावकले सुन्दर प्रोस्पेक्ट्स, आकर्षक प्रलोभनतिर आँखा नलगाई विद्यार्थीको क्षमता, इच्छा, लगनशीलता तथा रुचि हेरेर कहाँ पढ्ने, के पढ्ने भन्ने निर्णयमा पुग्नु राम्रो हुन्छ । समयमै सही निर्णय लिन सकिएन भने विद्यार्थीको भविष्य अन्धकारमय मात्र हुँदैन, अभिभावकले पनि पछुताउनुपर्छ ।

हाल नेपालमा विद्यार्थीहरूले एसएलसी परीक्षा उत्तीर्ण गरिसकेपछि कुन विषयमा अध्ययन गर्ने, भविष्यमा कस्तो शिक्षा लिने भन्ने विषयमा जानकारी दिने आधिकारिक निकायको अभाव खड्किरहेको छ, जसले गर्दा विद्यार्थीहरू कुन विषय कस्तो हो, कसरी अध्ययन पूरा गर्न सकिन्छ भन्ने जानकारी नपाई अलमलिने तथा गलत छनौटमा पर्ने गरेका छन् ।

ठूल्ठूला भौतिक संरचना देखाएर मात्र शिक्षाको गुणस्तर राम्रो हुँदैन । हामी सोच्छौं– 'शुल्क धेरै भएपछि त्यहाँ पक्कै पनि राम्रो एवं गुणस्तरीय शिक्षा दिइन्छ ।' तर यो आफैंमा गलत सोचाइ हो । कलेज भर्ना हुनुपूर्व निकै विचार पुऱ्याउनुपर्छ, कुन कलेजले कुन-कुन विषय पढाउँछ भनेर मात्र हुँदैन, रोजाइका लागि के-के छ भन्ने कुरा पनि थाहा पाउनुपर्छ । कुनै कलेज रोज्नुभन्दा पहिले चिल्ला ब्रोसर, ठूल्ठूला भवन, आकर्षक नारा र छात्रवृत्तिको प्रलोभन हेरेर होइन, राम्रो नतिजा, पूर्वाधारको अवस्था, कुशल व्यवस्थापन, परिश्रमी एवं अनुभवी शिक्षकहरूको समूह, अभिभावकसँगको निरन्तर अन्तर्क्रिया, अनुशासनको अवस्था, शैक्षिक सुविधा, आन्तरिक परीक्षाजस्ता अत्यावश्यक कुरामा ध्यान पुऱ्याउनुपर्छ ।

*(लेखक काठमाडौं विश्वविद्यालयमा इन्जिनियरिङका छात्र हुन् ।)*

# कति आवश्यक छ ए लेभल ?

**पृष्ठ ६ बाट जारी**

मिश्रका अनुसार गहिरिएर अध्ययन गर्नुपर्ने भएकाले राम्रोसँग ए लेभल उत्तीर्ण विद्यार्थीले विदेशमा मात्र होइन, स्वदेशमा पनि क्यारियर विकास गर्न सक्छ । ए लेभल अध्ययन गरेपछि अंग्रेजी भाषामा विद्यार्थीको थप दखल हुने भएकाले उसले विदेशी उच्च शिक्षामा अवसर पाउने प्रकृतिको तर्क छ । काठमाडौं भ्यालीकी प्राचार्य बबिता लाभका अनुसार विदेश जानका निम्ति अध्ययन गर्ने भन्ने सोचाइ खतरनाक हो, त्यसकारण ए लेभललाई यो सोचाइलाई हटाएर व्यावहारिक शिक्षापद्धतिको एउटा नमुनाका रूपमा परिभाषित गरिनुपर्छ ।

**बुझ्नु आवश्यक हुन्छ**

धेरै विद्यार्थी नबुझीकनै ए लेभलप्रति आकर्षित हुने ट्रेन्ड बढेको छ । ए लेभल पढेपछि धेरै अवसर सृजना हुने उनीहरूको ठम्याइ छ । ए लेभल कोर्स किन आवश्यक छ ? कस्तो छ ? यसको अध्ययनपश्चात् के गर्ने जस्ता विषयमा विद्यार्थीले भर्ना हुनुअगावै राम्रोसँग बुझ्नु आवश्यक छ । ए लेभल सेन्टर चक्रपथका प्रबन्ध निर्देशक राजाराम मल्लका अनुसार ए लेभलको विषयगत पाठ्यक्रम र आफ्नो रुचिको विषयका बारेमा विद्यार्थीले शैक्षिक संस्थाका प्रतिनिधिसँग बसेर गहिरो छलफल गर्नुपर्छ । यस्तो छलफलले विद्यार्थीका निम्ति यो पाठ्यक्रमको आवश्यकता छ/छैन प्रस्टिनेछ । विद्यार्थीले भर्ना हुनुअगावै आफू अध्ययन गर्ने शिक्षण संस्थाको आधारभूत संरचनादेखि अध्यापन शैली पनि बुझ्नु आवश्यक हुन्छ । कतिपय कलेजमा ए लेभल अध्ययन पूरा गरेका विद्यार्थीहरूले नै अध्यापन गराइरहेको पनि पाइन्छ ।


सुवर्ण अवसर ! सुवर्ण अवसर !
❖ तपाई एस. एल. सी. को परिक्षा दिएर खाली समय बिताई रहनु भएको छ ?
❖ परिक्षा सके पछि के गर्ने भन्ने सोचाईमा भौतारीनु भएको छ ?
❖ खाली समयको सदुपयोग गर्ने चाहानु हुन्छ ?
❖ तपाईले आफुलाई दक्ष स्वास्थ्य कर्मीको रुपमा प्रस्तुत हुने चाहाना राख्नु भएको छ ?
❖ तपाईमा विश्वका Canada, Australia, Israel, German, U.K. मा गएर काम गर्ने इच्छा छ ?
❖ तपाईले Nursing तथा H. A. पढ्ने चाहाना राख्नु भएको छ ?
❖ स्वदेशमा रहेका अस्पताल, नर्सिङ्ग होम क्लिनीक, स्वास्थ्य चौकी NGO, INGO हरुमा स्वास्थ्य कर्मी भई काम गर्ने इच्छा छ ?
यि सबै समस्याको समाधानका लागि हामी तपाईलाई पूर्ण सहयोग गर्ने छौं ।
जन स्वास्थ्य विकास केन्द्र
फोन: २०८३१६२ कोटेश्वर, ०१-६२१८९३४, बालाजुचोक, काठमाडौं
E-mail:- phdc_org@yahoo.com

प्राइभेट Test/S.L.C.
विगत वर्षहरुमा 100% पास गराउन सफल ।
२०६४ को लागि Private/Test/S.L.C. भर्ना खुल्यो ।
कक्षा समय : बिहान र दिउसो
माध्यम : अंग्रेजी र नेपाली
साथै Computer, Languages/Tuition Classes सञ्चालन भइरहेको छ
Kathmandu Multiple Institute
Bhotahity, Kathmandu
Ph 4232203

विशेष छुट सहित ब्युटिसियन तालिम
नेपाल सरकारबाट मान्यता प्राप्त, NGO को सहयोगमा सञ्चालित, वरिष्ठ ब्युटिसियनहरुद्वारा प्रशिक्षण दिइने Basic, Advance, Diploma र Special कोर्षहरु सञ्चालन हुँदैछ । SLC दिएर बसेका विद्यार्थीहरुलाई विशेष प्राथमिकता दिइनेछ ।
सम्पर्क :
New CBTC, महाराजगञ्ज, चक्रपथ चोक, पेट्रोल पम्पसगै फोन : २०८०५५२
मोबाइल : ९८५१०६९९४४

कुकिङ्ग तालिम
SLC दिएर बसेका बिद्यार्थीहरुलाई विशेष छुटका साथ कुकिङ्ग तालिम दिइदैछ ।
बैशाख १६ गतेदेखि नयाँ तालिम शुरु

| | |
|---|---|
| इण्डियन कुकिङ्ग | बिहान १०:०० बजे |
| इटालियन कुकिङ्ग | बिहान ११:०० बजे |
| चाइनिज कुकिङ्ग | दिउँसो १२:०० बजे |
| कन्टिनेन्टल कुकिङ्ग | दिउँसो १:०० बजे |
| बेकरी | दिउँसो २:०० बजे |
| आइसक्रिम | दिउँसो ३:०० बजे |
| अचारहरु | दिउँसो ४:०० बजे |

बेकरी साँझ ५:३० - ६:३० बजे
कुपण्डोल बस स्टप
फोन: ५५३६०५७, ५५२३०८२
९८४१२०८७४९

तालिमको लागि
✿ रेडियो, क्यासेट, VCR, VCD, TV
✿ एसी / फ्रिज
✿ मोबाईल फोन
✿ हाउसवायरिङ्ग
✿ मोटरवाईण्डिङ्ग
✿ कम्प्युटर हार्डवेयर, सफ्टवेयर
११ वर्ष पुरानो
५०% छुटमा
Job को लागि सहयोग
तालिमका लागि सम्पर्क
राज इलेक्ट्रोनिक्स
शिव दर्शन हल अगाडी
नयाँ बानेश्वर फोन: 4495581
कालिमाटी 01-6224798
नोट: विदेश जानेलाई विशेष कोर्ष ।

होटल तालिम
✪ कुक ✪ वेटर ✪ हाउसकिपिङ्ग
✪ लण्ड्रीमेन ✪ वेलब्वाई
✪ सेक्यूरिटी गार्ड ✪ केयर गिभर
तालिम आदि
विशेषताहरु:
✪ विदेश जानेलाई विशेष व्यवस्था
✪ Theory/Pratical दुबैको व्यवस्था
✪ कुक सिक्नेलाई Waiter free
✪ उत्कृष्टलाई स्वदेशमै रोजगारी

Language
कोरीयन, जापनिज, हिब्रु र अंग्रेजी भाषा
Tution:
SLC, +2, Bachelor (All Level All Subjects)

Private Test / SLC
प्रा. लि २८- ९- ७७ ०६० EIA १२१ ०६३
✪ कक्षा ८ वा ९ पास अथवा Test / SLC फेल भई स्कुल जानबाट वञ्चित, उमेर नाघेका र जागिर गर्दै पढ्न चाहनेको लागी अध्यनको सुवर्ण अवसर
✪ Eng र Nepali दुबै भाषामा विहानी बेलुकी कक्षा
✪ विगतको राम्रो नतिजा रहेको दक्ष तथा अनुभवि द्धारा मनोवैज्ञानीक तरिकाबाट पढाइने ।

कामना इन्ष्टिच्युट कोटेश्वर
4601878, 4600335 (प्रहरी चौकी संगै) टंक प्रसाद शालिक अगादि

# सूचना तथा सञ्चार प्रविधिमा वर्ष- २०६३

एक दशक लामो सशस्त्र द्वन्द्वका कारण मुलुकका सबै आर्थिक क्षेत्र तहसनहस भैरहेको अवस्थामा पनि सूचना तथा सञ्चार प्रविधि (आईसीटी) को क्षेत्रमा १० प्रतिशत वृद्धिदर कायम रह्यो, जुन यो क्षेत्रको सबैभन्दा सकारात्मक पक्ष थियो । राजधानीमा केही समयअघि आयोजित एक कार्यक्रममा इन्टेल कर्पोरेसनका प्रतिनिधिले महिनामा ३० हजारभन्दा बढी पर्सनल कम्प्युटर बिक्री भएको देखेर इन्टेलले नेपाललाई चासोका साथ हेरेको बताएका थिए । 'इन्टेल मात्र होइन, यो क्षेत्रमा अन्य ठूला लगानीकर्ताहरूले पनि चासो देखाउन सक्छन् ।' कम्प्युटर एसोसिएसन अफ नेपालका अध्यक्ष विप्लवमान सिंह भन्छन्- 'तर राज्यले लगानी गर्न सक्ने वातावरण सिर्जना गर्नुपर्छ ।'



सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा यो वर्षको सबैभन्दा ठूलो उपलब्धि सफल व्यापार नै हो । कम्प्युटर मात्र होइन, मोबाइललगायत पछिल्लो अवधिमा आएका अन्य इलेक्ट्रोनिक्स उपकरणका प्रयोगकर्ताहरूको संख्या अहिलेसम्मकै सबैभन्दा बढी छ । आईसीटीसम्बद्ध उपकरणका उपभोक्ताको संख्या बढ्नु तथा प्रविधिको पहुँच धेरैभन्दा धेरै जनतामा पुग्नुले सहरी नागरिकहरूको दैनिक जीवनशैलीसमेत चुस्त भएको छ ।

छिटो सम्पर्क हुने यस्ता साधनको प्रयोगमा नेपालीहरूको चाहना पनि बढेको छ । विशेष गरी मोबाइल प्रयोगका लागि अहिले पनि निकै लामो लाइन देख्न सकिन्छ । त्यसैगरी इन्टरनेटको सञ्जालमा जानेहरूको संख्या पनि उल्लेख्य रूपमा बढ्दै गएको छ । केही समयअघि दूरसञ्चार प्राधिकरणले सार्वजनिक गरेको तथ्याङ्कअनुसार इन्टरनेट सेवा प्रदायक संस्थाबाट लाइन लिएर इन्टरनेट चलाउनेहरूको संख्या पचास हजार पुगेको छ ।

अहिले आईपड, पेनड्राइभ, डिजिटल क्यामेरा, ब्लुटुथ, एमपीफोर, एमपीथ्री, डिजिटल क्यामेरा, वेबक्यामजस्ता उपकरणको प्रयोगमा पनि ठूलो वृद्धि भएको छ । सूचना तथा सञ्चार प्रविधि विज्ञ राजीव सुब्बा भन्छन्- 'आईसीटीका यी विविध साधनका उपभोक्ताको संख्या बढ्नु नै यो वर्षको सबैभन्दा महत्त्वपूर्ण पक्ष हो ।'

आईसीटीको क्षेत्रमा यो वर्षको महत्त्वपूर्ण उपलब्धि विद्युतीय कारोबार अध्यादेश ऐनमा परिणत हुनु हो ।





शाही सरकारको समयमा अध्यादेशमार्फत आएको विद्युतीय कारोबार अध्यादेशले संसद् पुनर्स्थापना भएपछि ऐन बन्ने मौका पायो । उक्त ऐन मंसिर १७ गते संसद्बाट पारित भएको थियो । विद्युतीय कारोबार ऐनको अर्को आकर्षक पक्ष, यो ऐनमा अपराधीहरूलाई अहिलेसम्मकै सबैभन्दा धेरै जरिवाना एवं सजाय गर्न सकिने व्यवस्था छ । विद्युतीय कारोबार ऐनले आईसीटी क्षेत्रका धेरै विषयलाई सम्बोधन गरे पनि कार्यान्वयनको तहमा यसले धेरै अप्ठ्यारा सामना गर्नुपर्ने अवस्था छ । यो ऐन आएपछि हालसम्म अनधिकृत रूपमा सञ्चालन भएका विद्युतीय कारोबार (मनी ट्रान्जेक्सन, इमेल, इन्टरनेट) ले पनि आधिकारिकता पाएका छन् । त्यसैगरी डिजिटल सिग्नेचरको माध्यमबाट विश्वसनीय ढंगबाट आर्थिक तथा सामाजिक क्षेत्रमा काम गर्न सकिन्छ ।



यद्यपि विद्युतीय कारोबार ऐन आउनुपूर्व नै सरकारले नियुक्त गर्नुपर्ने 'नियन्त्रक' का बारेमा भने अहिलेसम्म पनि कुनै निर्णय भएको छैन । यसअघि अध्यादेश आउँदा शाही सरकारले दीपक रौनियारलाई नियन्त्रकमा नियुक्त गरे पनि शाही सरकारसँगै उनी पनि फालिएका थिए ।

सरकारी तवरमा भएको अर्को उपलब्धिमूलक कार्य भनेको कोरियाली सरकार (किपा) को सहयोगमा तयार भएको ई-गर्भनेन्स (विद्युतीय-सुशासन) मास्टर प्लानलाई सरकारले लालमोहर लगाएर त्यसबमोजिम हिंड्ने प्रतिबद्धता जनाउनु हो । ई-गर्भनेन्स मास्टर प्लानअन्तर्गत सेवा र सुविधाका विभिन्न तहलाई विद्युतीय माध्यममा लगिनेछ । सरकारी तथा गैरसरकारी संघ-संस्थाका काम कारबाहीमा चुस्तता आउने तथा सेवाग्राहीहरूले भनेको समयमा आफ्नो काम गर्न सक्ने अपेक्षा गरिएको छ ।

सूचना प्रविधि (आईटी) पार्कको विषयमा विगत आधा दशकयता विभिन्न चर्चा आइरहेको छ । तीन वर्षअघि नै तयार भएर बसेको आइटी पार्कमा यो वर्ष नेदरल्यान्डको जाभ्रा नामक एक कम्पनी आएर आफ्नो व्यवसाय सञ्चालन गर्न थालेको छ । सरकारले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तवरमा विभिन्न टेन्डर सार्वजनिक गरेपनि जाभ्राबाहेक अन्य कम्पनीको प्रवेश नहुनुले आईटी पार्क देखाउने दाँतजस्तो मात्र देखिएको छ ।

ऋण लिएर हटमेलको विकास गरेका साविर भाटियाले ठूलो मूल्यमा हटमेल म्यासेन्जर माइक्रोसफ्ट कर्पोरेसनलाई बिक्री गरेपछि उनले त्यसअघि लिएको ऋण तिरेका थिए । नेपाली आईसीटी क्षेत्रमा दक्ष युवाहरूको उपस्थिति बढ्दै जाँदा उनीहरूलाई रकम अभाव काम गर्न बाधक नबनोस् भनेर नेपाली व्यवसायीहरूको समूहले 'भेन्चर क्यापिटल' को व्यवस्था गरेका छन् । यसबाट अर्थ अभावका कारण आफ्नो महत्त्वपूर्ण योजना साकार गर्न नसकेकाहरूलाई सहज भएको छ । भेन्चर क्यापिटल समूहकै एक सदस्यका अनुसार यसमा लगानीकर्ता र दक्ष व्यक्ति दुवैको सेयर रहनेछ ।

यो वर्ष विश्वव्यापी रूपमै चर्चित एक सय डलरको ल्यापटपको प्रोटोटाइप नेपालमा पनि प्रदर्शन गरियो । प्रत्येक बालबालिकाका लागि एउटा कम्प्युटर (ओएलपिसी) भनिएको उक्त प्रोजेक्टलाई एमआईटी अमेरिकाको अवधारणामा विकास गरिएको हो । विश्वभरका ओपन सोर्स कम्युनिटीका सदस्यहरूको सक्रियतामा अहिले हजारौं व्यक्ति यो योजनालाई साकार बनाउने क्रममा छन् । खासगरी अल्पविकसित राष्ट्रका हरेक बालबालिकालाई शिक्षाको उज्यालोतर्फ उन्मुख गराउनु यो योजनाको मूल उद्देश्य हो । नेपालमा पनि ओएलपीसी नेपालले उक्त ल्यापटपका लागि



नेपाली भाषाको सामग्री विकास गर्ने तथा आफ्नो तर्फबाट उक्त ल्यापटप विकासका लागि काम गर्दै आएको छ । ओलपीसी नेपालका अध्यक्ष शंकर पोखरेलका अनुसार ओपन कम्युनिटीका विश्वभरका सदस्यले सामूहिक रूपमा यसका लागि काम गरिरहेका छन् ।

सधैंका वर्षहरूझैं कम्प्युटर एसोसिएसन अफ नेपालले वर्षको उत्तरार्द्धमा १३ औं क्यान इन्फोटेक सम्पन्न गर्‍यो । ३ लाख दर्शकले अवलोकन गर्ने भनिएको उक्त इन्फोटेकको नारा 'नयाँ नेपाल ई-नेपाल' तय गरिएको थियो । उक्त इन्फोटेकमा व्यापारिक प्रदर्शनीका अतिरिक्त अन्तर्राष्ट्रिय स्तरको सूचना तथा सञ्चार प्रविधि सम्मेलन आयोजित गरिएको थियो । सम्मेलनलाई बहुराष्ट्रिय कम्पनीहरूले समेत प्रायोजन गरेका छन् । क्यानले उपत्यकाबाहिर पनि यस्ता विभिन्न कार्यक्रम प्रारम्भ गरेको छ ।

नेपाल टेलिकमले यसै वर्ष ताररहित सीडीएमए (कोड डिभिजन मल्टिपल एक्सेस) प्रविधिअन्तर्गत फोनलाइन वितरण गर्ने कार्य प्रारम्भ गर्‍यो । केही समय राजधानीमा मात्र वितरण गरिएको उक्त प्रविधिको फोन अहिले गाउँ-गाउँसम्म पुगेको छ । नेपाल दूरसञ्चार प्राधिकरणको तथ्याङ्कअनुसार १ लाख ५० हजारभन्दा बढी सीडीएमए फोन वितरण भैसकेको छ । त्यसैगरी टेलिकमले सीडीएमए प्रविधिकै लिमिटेड मोबिलिटीको फोन पनि वितरण गर्दै आएको आएको छ । नेपाल टेलिकमले यसै वर्षदेखि जीपीआरएस प्रविधि भित्र्यायो, जसअन्तर्गत ग्राहकले मोबाइलमै इन्टरनेट प्रयोग गर्न पाएका छन् । त्यस्तै मोबाइलमा घण्टी आउँदा बज्ने संगीतका लागि 'रिङ ब्याकटोन सर्भिस' पनि सञ्चालनमा ल्याइएको छ । नेपाल टेलिकमले यो वर्ष अहिलेसम्मकै सबैभन्दा धेरै ग्राहकलाई मोबाइल सेवा प्रदान गर्‍यो ।

निजी क्षेत्रको मोबाइल सेवा प्रदायक कम्पनी मेरो मोबाइलले वर्षको प्रारम्भमा जीपीआरएस सेवा प्रदान गरेको थियो भने मोबाइलमार्फत तस्बिर पठाउने एमएमएस सर्भिस वर्षको मध्यदेखि प्रारम्भ गर्‍यो । मेरो मोबाइलले टेलिकमअगावै रिङब्याकटोन सर्भिस पनि सुरु गरिसकेको थियो ।

नेपाली भाषामा कम्प्युटर अपरेटिङ प्रणाली विकास गरेको मदन पुरस्कार पुस्तकालयले कात्तिकको दोस्रो साता दोस्रो संस्करणको 'नेपालीनक्स १.१' सार्वजनिक गर्‍यो । पहिलो संस्करणमा अपुग सुविधा यसमा पूरा गरिएको पुस्तकालयले जनायो । नेपालीनक्स १.१ मा लिनक्स कर्नेल २.६.१७, जिनोम डेक्सटप वातावरण २.१४, ओपन अफिस डट ओआरजी २.०.२, जिएनयु क्यास एकाउन्टिङ सफ्टवेयर २.०., सिमङ्गी सुइट, प्याङ्गो समाविष्ट फायरफक्स १.५



तथा जटिल लिपी समायोजन गर्न सक्ने थन्डरवर्ड १.५.०.१ विशेषता थपिएका छन् । त्यसैगरी यसमा अद्यावधिक इनपुट प्रणाली, अद्यावधिक नेपाली हिज्जे परीक्षक तथा पर्यायकोश, अनुप्रयोगहरूका अतिरिक्त अनुवाद (एबीवर्ड प्रोसेसर, ब्लुफिस, जीभिम, जीनोम बेकर, ग्रीप जीएन्युमेरिक आदि) हार्डवेयर चिन्ने र ग्रहणमा पहिलेभन्दा क्षमता अभिवृद्धि गरिएको एवं स्थिर अनुवादजस्ता विशेषता भएको बताएको छ । पुस्तकालय नेपाली राष्ट्रिय पाठसंग्रह तथा अनलाइन शब्दकोश विकास गर्ने तयारीमा जुटेको छ । यही वर्ष पुस्तकालय तथा काठमाडौं विश्वविद्यालयको संयुक्त प्रयासमा अंग्रेजी भाषाबाट नेपाली भाषामा अनुवाद गर्ने दोभाषे सफ्टवेयरको प्रारम्भिक संस्करण



सार्वजनिक भयो । यसले सामान्य रूपमा मात्र काम गर्न सक्छ ।

नेपाल टेलिकमले यसै वर्षदेखि वायरलेस इन्टरनेट कार्ड (वाइम्याक्स कार्ड) मार्फत इन्टरनेट इमेल तथा टेलिफोन सुविधा उपलब्ध गरायो । वाईम्याक्स कार्डको प्रयोगपछि टेलिफोन र विद्युत् नभएका स्थानमा समेत इन्टरनेट, इमेल तथा फोन आदि प्रयोग गर्न सकिन्छ । वाईम्याक्स कार्डमा टेलिफोन लागि छुट्टै नम्बरको आवश्यकता पर्दैन, कार्डमै टेलिफोन नम्बर उपलब्ध गराइएको हुन्छ । सीडीएमए प्रविधिबाट यो सेवा विस्तार गरिएको हो । २ सय ३० किलोवाइट प्रतिसेकेन्डको गतिमा डाटा ट्रान्सफर हुने भएकाले इन्टरनेट प्रयोगकर्ताका निम्ति यो कार्ड अत्यन्तै महत्त्वपूर्ण छ । सीडीएमए लाइन विस्तार भएको स्थानमा मात्र यो सेवा उपलब्ध हुन्छ ।

यो वर्ष केही सरकारी कार्यालयले आफ्नो सेवा चुस्त बनाउन नेटवर्किङ प्रणालीलाई आत्मसात् गरे । सर्वोच्च अदालतले आफ्नो सम्पूर्ण विवरण र काम-कारवाही कम्प्युटिङ गराउन थालिसकेको छ । त्यसैगरी हुलाकले साउन १ गतेदेखि पोस्टबक्सका ग्राहकका लागि अनलाइन सेवा उपलब्ध गराएको छ । उक्त सेवाअन्तर्गत पोस्टबक्सका ग्राहकले घरमै बसी आफ्नो नम्बरमा कहाँबाट के सामग्री आयो भन्ने कुरा थाहा पाउन सक्नेछन् । आईसीटी विकासकै क्रममा गाउँ-गाउँसम्म टेलिसेन्टर (ग्रामीण सूचना केन्द्र) विस्तार हुने क्रम यो वर्ष पनि निरन्तर रह्यो । वर्षभरिमा १ सय ५० हाराहारीमा टेलिसेन्टर थपिएको सूचना प्रविधि मञ्च (फिट) नेपालले जनाएको छ । फिट नेपालले यही क्षेत्रमा काम गर्दै आएको छ ।

सगरमाथा क्षेत्रमा वेबक्याम्पको स्थापना भएपछि सगरमाथासम्बन्धी ताजा जानकारी प्राप्त गर्न चाहनेहरूलाई सजिलो भएको छ । वेबक्याम्पले सगरमाथा क्षेत्रको मौसम के-कस्तो छ भन्ने जानकारी गराउँछ । इटालियन राष्ट्रिय अनुसन्धान परिषद्ले स्थापना गरेको उक्त वेबक्याम्पले हावा बहेको अवस्था, बादल लागेको अवस्थालगायत थुप्रै जानकारी गराउँछ । उक्त वेबक्याम्पको उद्घाटन कात्तिकमा इटलीको बेरिगेमा सहरका नोबेल पुरस्कार विजेता पाउल क्रुजले गरेका थिए ।


त्यसैगरी स्वतन्त्र तथा खुला सफ्टवेयरका प्रयोगकर्ताहरूको संख्या बढाउन स्वतन्त्र तथा खुला सफ्टवेयर समुदायले वर्षभरि विभिन्न कार्यक्रमको आयोजना गर्‍यो । यसबाहेक पनि विभिन्न तहका आईसीटी सम्मेलन तथा कार्यशालाहरू पनि गत वर्ष सञ्चालनमा आए ।



मोनिका गैरे
२०५७ वैशाख १४



कृति अर्याल
२०६० वैशाख १५




शुभम चौधरी
२०६० वैशाख १५



श्रेया जोशी
२०६२ वैशाख १६



नम्रता मुकारुङ
२०६१ वैशाख १६



कस्मिक थापा
२०६० वैशाख १८



ममता भट्टराई
२०५५ वैशाख १८



गौरव अधिकारी
२०६१ वैशाख १८



आह्वान कोइराला
२०५७ वैशाख १८



सौगात लिङ्देन
२०५८ वैशाख १८



प्रिशी लाभ
२०६१ वैशाख १९



## जन्मदिनको शुभकामना

नाम :.....................................................

जन्म मिति :.....................................................

स्कुल :.....................................................

ठेगाना : .....................................................

तस्बिर अनिवार्य

तस्बिर र विवरण दुई साताअगाडि आइपुग्नुपर्नेछ।

# हराइन् प्रिया

ग्ल्यामरस अभिनेत्रीको छवि बनाएकी प्रिया रिजालको चियोचर्चा कम हुन थालेको छ। एक समय सेल्युलाइडभन्दा पनि टेलीचलचित्र तथा म्युजिक भिडियोमा एकछत्र राज गरेकी प्रिया नृत्यमा पोख्त कलाकारका रूपमा चिनिन्थिन्। सेल्युलाइड चलचित्रमा उनको आगमन निषेधजस्तै हुन थालेपछि टेलिचलचित्र र म्युजिक भिडियोमा समेत उनको उपस्थिति कम हुन थालेको छ। गहना, जानकी आदि सिरियलमा अभिनय गरेर प्रशंसा कमाएकी प्रियाले औठाछाप, कहीं मिलन कहीं बिछोडजस्ता सेल्युलाइड चलचित्रमा अभिनय गरेकी थिइन्। चलचित्रमा अभिनय गर्दागर्दै लोकगीतको म्युजिक भिडियोमा समेत जमेकी प्रियाले साइड जबका रूपमा रेस्टुराँमा समेत नृत्य गर्न थालेपछि चलचित्र यात्रा उनका लागि क्रमश: टाढाको विषय बन्न पुगेको अनुमान दर्शकहरूले गर्न थालेका छन्।

सुरुमा आंशिक परिश्रमिकमै चित्त बुझाएकी प्रियाले पछिल्ला समयमा आफ्नो पारिश्रमिक निकै बढाएकी थिइन्। पारिश्रमिक बढाएलगत्तै वैवाहिक जीवनमा प्रवेश गरेपछि उनको चार्म घटेको चर्चा चलचित्रवृत्तमा छ। बजारमा राम्रै चर्चा हुँदाहुँदै पनि दर्शकबाट टाढिएपछि उनका दर्शकहरू वास्तवमै न्यास्रिएका छन्। अझ उनको अभिनयभन्दा पनि अंग प्रदर्शन हेरेर सन्तुष्टि लिने दर्शकका लागि त उनको अभाव साँच्चै खट्किएको हुनुपर्छ। दर्शकमा राम्रै प्रभाव पार्न सफल कलाकारहरू पलायन हुनु राम्रो सूचक हुँदै होइन, तर कलाकार स्वयं आफ्नो महत्त्व आफैं बुझ्दैनन् भने उपाय पनि छैन।



# सत्य-स्वरूप अब संगीतकार



आफ्नो स्वरको माधुर्यबाट श्रोताबीच राम्रो प्रभाव पार्न सफल गायकद्वय सत्यराज र स्वरूपराज आचार्य अब संगीतकारका रूपमा प्रस्तुत हुने भएका छन्। चलचित्र सैनिकमा संगीतकारका रूपमा अनुबन्धित भएपछि गायकद्वय औपचारिक रूपमा संगीतकार भएका हुन्।

सैनिकको गीतको सिटिङ सुरु भएको छ भने प्रारम्भिक ट्युन सुनेर निर्माता योगेन्द्र श्रेष्ठ दंग परेका छन्। युवा पुस्ताको सिर्जनाप्रति बढी विश्वास गर्ने निर्माता श्रेष्ठ सत्य-स्वरूपको संगीत सुनेपछि मख्ख त छन् नै, संगीतप्रति बढी नै आशावादी देखिन्छन्। त्यसो त पहिलो पटक संगीतकारका रूपमा अनुबन्धित हुने मौका पाएका संगीतकार दाजुभाइ सत्य-स्वरूप पनि आफ्नो संगीत आमचलचित्रभन्दा पृथक् र स्तरीय बनाउने धुनमा मरिमेटेर लागेका छन्।

नेपाली चलचित्र उद्योगमा संगीतकारको खडेरी नभए पनि स्तरीय संगीतका लागि चलचित्र संगीतकार हकदार हुन नसकेको अवस्थामा सत्य र स्वरूपबाट त्यो अपेक्षा गर्न सकिन्छ। चलचित्र संगीतले पनि आधुनिकजस्तै इज्जतदार हुने मौका पायो भने सत्य र स्वरूप बधाईको पात्र त हुनेछन् नै, समग्र चलचित्र संगीतले पनि कोल्टे फेर्ने अवसर पाउनेछ। पटक-पटक नक्कलको आरोप खेप्दै आएको चलचित्र संगीतमा सत्य-स्वरूपले आफूलाई त्यसबाट मुक्त राख्ने प्रयास गर्ने बताएका छन्। यसै क्रममा उनीहरू क्वेस्ट इन्टर टेन्मेन्टको एक चलचित्रमा पनि संगीत दिँदै छन्।



# निरुताको आरोप

एक टेलिभिजन अन्तर्वार्ताका क्रममा नायिका निरुता सिंहले भनिन्- 'चलचित्र पत्रकारहरू पैसा खान्छन् अनि मात्रै 'पोजेटिभ' लेख्छन्। जसले पैसा दिँदैन उसका बारेमा 'नेगेटिभ' लेख्छन्।' तपाईंका बारेमा किन हिजोआज बढी नै 'नेगेटिभ' कुरा आइरहेको छ भन्ने प्रश्नको जवाफ दिँदै निरुताले चलचित्र पत्रकारहरूमाथि त्यस्तो आरोप लगाएकी थिइन।

नायिका निरुता सिंह, बूढी हुँदै गएकीले उनलाई अब चरित्र अभिनेत्रीमा सुहाउँछ भन्ने टिप्पणी पत्रकारहरूले गर्दै आएको पाइन्छ। निरुतालाई 'बूढी' भन्ने शब्द मन नपरेको हुनुपर्छ। प्रकृतिले नै यस्तो खेल खेलेर निरुताको उमेर बढाउँदै र चाउरी पार्दै लगेपछि त्यस्तो लेखिनु अस्वाभाविक नभए पनि निरुताले सबै पत्रकारलाई एकैपटक भ्रष्ट बनाइदिइन्। पैसा खाँदा मात्रै पत्रकारले 'पोजेटिभ' लेख्छन् त ? त्यसो हो भने पोहोर-परारसम्म उनका बारेमा कसरी पोजेटिभ कुरा लेखियो ? के त्यतिबेला उनले सारा पत्रकारलाई खुसी पारेर राखेकी थिइन् ?

# आवाज सबैभन्दा पहिलो




अभिनेता नवल खड्काले बनाएको चलचित्र 'आवाज' नयाँ वर्षका अवसरमा मोफसलका सहरबाट प्रदर्शन हुन थालेपछि जनयुद्धसम्बन्धी विषयमा निर्मित पहिलो चलचित्र प्रदर्शन गर्ने निर्माताका रूपमा चिनिएका छन् नवल। आवाजमा उनले अभिनय त गरेका छन् नै, केही जनमुक्ति सेनालाई समेत अभिनय गराइएको आवाजमा जनयुद्धको मर्म र महत्त्व प्रस्ट्याउन कुनै कसुर बाँकी नराखिएको नवल बताउँछन्। 'आवाज' मा पेसेवर कलाकारभन्दा पनि बढी गैरकलाकारले अभिनय गरेका छन्।

विषय आफैंमा वजनदार भएकाले यसमा मुख्य भूमिका र सहायक भूमिका भनेर छुट्याउन नमिल्ने धारणा राख्ने नवल आवाज राम्रो बनेको बताउन हिचकिचाउँदैनन्। त्यसो त आफ्नो चलचित्र साह्रै राम्रो छ भनेर प्रशंसा गर्नु कलाकर्मीको आफ्नै विशेषता मानिन्छ। 'राम्रो चीजलाई राम्रो भन्दा खिल्ली उडाउनु हुँदैन, चलचित्र हेरेपछि थाहा हुन्छ– राम्रो छ कि छैन ?' उनले भने। जनयुद्धसम्बन्धी पहिलो चलचित्र भन्नकै लागि आफूले हतार नगरेको नवलको दावी छ।

# २०६४ मा चलचित्र प्रदर्शनको बाढी आउने

### २०६४ सालमा प्रदर्शनमा आउने आशालाग्दा चलचित्र

| चलचित्र | निर्देशक | निर्माता |
| --- | --- | --- |
| नेपाल | दयाराम दाहाल | निर्मल शर्मा |
| हामी साथीभाइ | रवि अर्याल | दिलीप रायमाझी |
| युद्ध | शिव रेग्मी | चिरञ्जीवी बस्नेत |
| पाले दाइ | दयाराम दाहाल | मदनमान बज्राचार्य |
| देबरबाबु | ज्ञानेन्द्र देउजा | केशव भट्टराई |
| पर्खिबसें | दीपक श्रेष्ठ | उद्धव पौडेल |
| अहंकार | दिनेश कार्की | संजीव प्रधान |
| देश | तुलसी घिमिरे | श्रवण घिमिरे |
| टेन प्लस टु | सिद्धार्थ लामा | युवराज लामा |
| कुसुमे रुमाल | निरक पौडेल | उद्धव पौडेल |
| मलामी | सुवर्ण थापा | पदम सुब्बा/नवीन सुब्बा |
| कागबेनी | भूषण दाहाल | भाष्कर ढुंगाना |
| मिसन पैसा | सिमोस सुनुवार | निखिल उप्रेती |
| दोबाटो | दयाराम दाहाल | टंक लम्साल |
| सपनाको नौलो संसार | राजु शाह | जेपी पाण्डे |

यतिबेला नेपाली चलचित्र निर्माणको बाढी नै आएको छ। वर्षको प्रारम्भमै साढे तीन दर्जन चलचित्र निर्माणक्रममा रहनुले उक्त कुरालाई पुष्टि गर्छ।

२०६३ सालभरि प्रदर्शनमा आएका तेत्तीसमध्ये अधिकांश चलचित्र असफल रहे, तर २०६४ मा असफलताको प्रतिशत घट्ने अनुमान गर्न सकिन्छ। केही निर्माता तथा निर्देशकको सोच एवं कार्यकुशलता प्रशंसायोग्य भएका कारण २०६४ साल फलदायी हुने आशा गरिएको हो। यद्यपि धेरैजसो चलचित्र पुरानै ठर्राका छन्। यीमध्ये डेढ दर्जनभन्दा बढी चलचित्रको नाम विदेशमा बनिसकेका चलचित्रबाट सापटी लिइएको छ।

एक दशक लामो जनयुद्धका विषयमा निर्मित आधा दर्जन चलचित्रले यो वर्ष आम चलचित्रले भन्दा बढी नै चर्चा पाउनेछन्। यो सूचीमा लाल सलाम (शिवजी लामिछाने), जनयुद्ध (विमल पौडेल), आवाज (बद्री अधिकारी), अल्पविराम (नारायणपुरी), कानुन (उदय सुब्बा) तथा नयाँ नेपाल (किशोर ढकाल) छन्। चर्चाको हिसाबमा यी चलचित्र अघि नै रहे पनि बक्स अफिसमा भने पछि पर्ने अनुमान प्रदर्शक एवं वितरकहरूको छ। आमचलचित्रकर्मी एउटै स्वरमा भन्छन्- 'राम्रो चलचित्र त्यो हो जुन दर्शकप्रिय बन्छ। जे होस्, २०६४ सालमा पचास बढी चलचित्र निर्माण हुने पूर्वअनुमान लगाउन सकिन्छ।

२०६३ सालमा चलचित्र निर्माता संघसँग झन्डै चार दर्जन चलचित्रले निर्माण इजाजत लिए। यीमध्ये अधिकांश चलचित्र निर्माणको क्रममा छन्।

निर्माण इजाजत लिएका चलचित्र हुन्- गुरुदेव (निर्माता र निर्देशक अजय कुटु तथा श्याम



भट्टराई), रघुवीर (लक्ष्मीकुमारी क्षेत्री), लिटिल बुद्ध (अभिलाष आचार्य), उफ □ यो मन (पवन बस्नेत, प्रमोद भण्डारी), दोबाटो (टंक लम्साल, दयाराम दाहाल), महासंग्राम (भरिपूर्ण श्रेष्ठ, प्रमोद भण्डारी), अमर प्रेम (अनिल संग्रौला), ग्रीन कार्ड (लोकबहादुर रावत, लक्ष्मीनाथ शर्मा), कानुन (उदय सुब्बा), कागबेनी, (भाष्कर ढुंगाना, भूषण दाहाल), सपनाको नौलो संसार (जेपी पाण्डे, राजु शाह), कुसुमे रुपमाल (उद्धव पौडेल, निरक पौडेल), सजनवा अनाडि सजनी खिलाडी (नन्दु श्रीवास्तव, किशोर राना), पर्खिबसें (चलचित्र विकास कम्पनी, दीपक श्रेष्ठ), नारी द ओमेन (सन्तोष लोहनी), सास ननद भौजाई (रोहित अग्रवाल), इलाका (पवन बस्नेत), देशदेखि विदेशसम्म (नरेन्द्र थापा), बाबुआमा (योगेश्वर लामिछाने, मदन घिमिरे), देवर बाबु केशव भट्टराई, दयाराम दाहाल), कर्मरेखा (भद्रकुमारी सेन , किशोर सुब्बा), घायल (जेनी कुँवर, मदन घिमिरे), नयाँ नेपाल ( संजय ढकाल, किशोर ढकाल), जययुद्ध (विमल पौडेल), मर्यादा (अजय कुटु, श्याम भट्टराई), तिम्रो सहारा (हरि भट्ट, रञ्जित राना), जुत्ता खाने बुहारी (सवाल मल्ल, सुवास गजुरेल), बारुद (जयकिसन बस्नेत, शोभित बस्नेत), लाल सलाम (शिवजी लामिछाने), किस्मत (छविराज ओझा, उज्ज्वल घिमिरे), सपूत (प्रज्ञा जोशी), दिदी भाइ (टंक लम्साल, दयाराम दाहाल), तेजाव (दीपक परिकोटी), दिदी भाइ- नाता रगतको (कृष्ण चापागाईं), अग्नि साक्षी (विष्णु सुब्बा, उदय सुब्बा), त्रिशूल द पावर (वीरेन्द्रनारायण श्रेष्ठ, दीपक श्रेष्ठ), डन (दिनेश पाखिन, मदन घिमिरे), डन द अन्डरवर्ल्ड (रोज राणा, ऋषि न्यौपाने), बाडुली र बार डान्सर (डाक्टर सिंह गुरुङ), डर (बाला गुरुङ, प्रदीप श्रेष्ठ), मलामी, (पदम सुब्बा, सुवर्ण थापा) आदि।

**स्रोत : चलचित्र निर्माता संघ**



## सुगमको भाग्य

गफै त हो

२३ वर्षे उमेरमा 'फेरि त्यो दिन सम्झन चाहन्नँ....' गीत गाएपछि गायक सुगम पोखरेललाई हेरेर भुतुक्क हुने युवतीहरूको संख्या उल्लेख्य थियो तर वान एमबी गीतिसंग्रह लिएर आएका चकलेटी अनुहारका गायक सुगम उक्त गीतिसंग्रह बजारमा आउनुअघि नै विवाहित थिए । त्यसकारण उनी युवतीहरूबाट भरसक टाढै बस्न रुचाए । विवाह गर्नु अघिदेखि नै सांगीतिक क्षेत्रसँग साइनो गाँस्न खोजेका सुगमले विवाहअघि खासै चर्चा पाउन सकेका थिएनन्, तर लिजासँगको प्रेमलाई विवाहमा परिणत गर्नेबित्तिकै आएको संग्रह वानएमबीले सुगम पोखरेललाई सांगीतिक फाँटमा बलियो परिचय दिलायो ।

'विवाह गरेपछि मेरो भाग्योदय भयो,' सुगम आफैं भन्छन्- 'विवाह गरेको फापेछ क्यारे' । त्यसपछि हाइवे, सूत्र संग्रह बजारमा आए पनि तिनीहरूले औसत व्यापार मात्र गरे । बजारमा हल्ला चल्यो, अब सुगमका दिन गए भनेर, तर गत वर्ष आएका उनका केही गीतले त्यो हल्लालाई निराधार तुल्याइदिए । यो वर्ष उनले कान्तिपुर एफएम एवार्ड र हिट्स एफएम एवार्ड पनि जिते । अर्को सुखद संयोग, छोरी जन्मिएपछि उनले ती एवार्ड पाएका थिए ।

त्यसपछि भेटिएका सुगमले भने, 'छोरी जन्मिएपछि फेरि भाग्य चम्कियो' । सुगमको जीवनमा प्रवेश गरेका यी दुवै पात्रले उनको सांगीतिक उडानलाई अझ माथि पुऱ्याएको उनी आफैं स्वीकार गर्छन् । अहिलेको अवस्थामा समकालीन गायकहरूमा सुगम अग्रणी स्थानमै छन्, तर भविष्य के हुन्छ, कसैलाई थाहा छैन । त्यसकारण क्रेजलाई घट्न नदिन भविष्यमा अर्को कुन पात्रलाई सुगमले आफ्नो जीवनमा प्रवेश गराउने ? हाम्रो त सल्लाह छ, त्यसका लागि अहिलेदेखि नै तयारी गर्ने कि ?



## जम्का भेट पोइल जाला भन्ने डर छ

नेपाल टेलिभिजनबाट प्रसारण हुने चर्चित हास्यटेलिश्रृङ्खला जीरे खुर्सानीका निर्देशक जितु नेपाल यतिखेर टेलिभिजन कार्यक्रममा मात्र होइन, अन्य स्टेज कार्यक्रममा पनि व्यस्त छन्। वि.सं. २०४९ सालदेखि अभिनय यात्रामा संलग्न नेपाललाई दर्शकले यतिखेर "मुन्द्रे" उपनामले बढी चिन्न थालेका छन्।



**तपाईंको अभिनय यात्राका प्रारम्भिक दिन कस्ता थिए ?**
अत्यन्तै कष्टकर, पहिलो कुरा काम नै नपाउने, पाइहाले नाम चल्ने खालको भूमिका नपाइने, तेस्रो दाम त पाउँदै नपाउने । अनि कति कष्ट भयो होला ? आफैं सोच्नुहोस् ।

**अहिलेसम्म कसरी टिक्नुभयो त ?**
मेहनत एवं लगनशीलता अनि भाग्यले पनि साथ दिएकैले भन्नुपर्छ । आधा पेट खाएर पनि काम गरियो । दिनभरि हिँडेर पनि यति-उति पैसा चाहिन्छ भनिएन । जे-जे पाइयो त्यही-त्यही गरियो, अहिले यति भइयो । दुःख पर्दा सुकुल नओढ्नु र सुख पाइयो भनेर सिरक नओच्छ्याउनु भन्ने उक्तिलाई मैले पनि पछ्याएँ हा हा हा.... ।

**जीरे खुर्सानी प्रसारण भएपछि तपाईंको वास्तविक परिचय बाहिर आएको हो ?**
अवश्य नै हो, तर अझै पूरै परिचय कहाँ भएको छ र ? बाँकी नै छ नि । जीरे खुर्सानी एकतले घर हो भने यसमा तला थप्न अझै बाँकी नै छ, रङरोगन गर्नुपऱ्यो, बगैंचा सजाउनुपऱ्यो । सम्झेर ल्यायो भने त गर्न बाँकी धेरै कुरा छन् ।

**जीरे खुर्सानी तपाईंको मात्र परिकल्पना हो ?**
जीरे खुर्सानीको परिकल्पना मेरी श्रीमतीको हो । त्यसलाई पीरो बनाउने काम भने शिवहरि दाइ, किरण दाइ, म लगायत सम्पूर्ण युनिटको हो ।

**आजभोलि कत्तिको व्यस्त हुनुहुन्छ ?**
अत्यन्तै, जीरे खुर्सानी हरेक साता आउने भएकाले र बाहिरका विभिन्न कार्यक्रम अनि विज्ञापन पनि भ्याउनुपर्ने भएकाले व्यस्तै भन्नुपर्ला । समग्रमा पसल चलेकै छ ।

**त्यसो भए दाम त राम्रै कमाइयो होला, हैन ?**
भर्खरै किक हान्नै नपर्ने, हातैले थिच्दा घरररर गर्ने मोटरसाइकल किनेको छु । त्यतिमात्र होइन, घर बनाएको ऋण पनि तिर्न लागिसकें ।

**शिवहरिसँग जोडी बनाएर दमनलाई छोड्या हो ?**
जोडी त सबैले जानेको र मैले पनि बुझेको दमन नै हो, तर अहिले सुख-दुःखमा साथ दिने साथी शिवहरि दाइ हुनुहुन्छ । दमन रिसाएर माइत गएको छ, लिन जान भ्याएको छैन, पोइल जाला भन्ने डर भने छ ।

## पोखरामा भिडियो चलचित्र



शिव शर्मा

पोखरा- ठूलो पर्दाका चलचित्र राजधानीमै निर्माण हुन्छन् भन्ने कुरा धेरैलाई थाहा छ । मोफसलमा ठूलो पर्दाको चलचित्र निर्माण हुन नसके पनि भिडियो चलचित्र भने धमाधम बनिरहेका छन् । छायाङ्कनका लागि प्राकृतिक स्टुडियो मानिने पोखरामा भिडियो चलचित्र निर्माणमा युवाहरू नै सक्रिय छन् ।

मातृभूमिको व्यथासँगै पोखरामा भिडियो चलचित्र निर्माणको थालनी भएको हो । २०४० सालतिर हरि मरासिनी, बुद्ध बज्राचार्य आदि युवा मिलेर उक्त चलचित्र निर्माण गरेपछि यहाँ भिडियो चलचित्र बन्ने क्रमले निरन्तरता पाएको हो । भिडियो चलचित्र जुन रूपमा निर्माण भए पनि लगानीको समस्याका कारण निर्माता निर्देशकहरूले घाटा पनि सहनुपरेको छ । सुरुमा प्रदर्शनको पनि समस्या थियो । ठूला हलमा प्रदर्शनका लागि हल सञ्चालकहरूसँग ठूलै संघर्ष गर्नुपर्थ्यो तर अहिले त्यस्तो छैन ।

राम्रा भिडियो चलचित्र प्रदर्शनका लागि सञ्चालकहरूले आफ्नो हल उपलब्ध गराएकै छन् । केवल रहरका लागि निर्माण गरिने चलचित्रलाई हल उपलब्ध गराएर व्यापारमा घाटा खानु त भएन, भिडियो चलचित्र प्लाजा पोखराका अध्यक्ष उत्तम ढ्वा भन्छन् । केही चलचित्र केवल नामका लागि मात्र बनेका कारण करोडौंको लगानी रहेको हलमा प्रदर्शन गर्न दिएर हल सञ्चालकहरूले समस्या पनि झेलेका छन् ।

२०४६ सालमा चेतन खड्काको 'लाचार' पछि त पोखरामा भिडियो चलचित्र निर्माण गर्ने लहर नै सुरु भयो । २०४८ मा घरपरिवार नामक चलचित्रबाट निर्देशनको यात्रा प्रारम्भ गरेका दीपकमान उदास अहिले पोखरामा धेरै भिडियो चलचित्र बनाउनेमध्येमा पर्छन् । लगानीदेखि क्यामेरासमेत आफैं खिच्दै उनी भिडियो चलचित्र निर्माणमा निरन्तर लागिरहेका छन् । सुरुमा रहरैरहरमा भिडियो चलचित्रमा हात हालेका उदास अहिले भने यसलाई पेसाकै रूपमा अघि बढाएर हिँडेका छन् ।

सानो पर्दाका लागि प्राविधिक समस्या छैन, उदास भन्छन्- 'लगानीको समस्या भने खड्किरहन्छ ।' तैपनि उनी निर्माण तथा निर्देशनमा दौडिरहेका छन् । गत वर्ष 'अन्धो प्रेम' निर्माण गरेका उदास अहिले 'नारीको वेदना' को निर्माण एवं निर्देशनमा जुटेका छन् । चलचित्रको अहिले पोखराका विभिन्न भागमा छायाङ्कन पनि भैरहेको छ । एक दर्जनभन्दा बढी भिडियो चलचित्र बनाइसकेका उदासको लभ इन पोखरा भने निर्माण पूरा नभै त्यतिकै थन्किएको छ ।

पोखरामा भिडियो चलचित्र निर्माण गरेर राम्रो इमेज बनाउनेहरूमध्ये युवा निर्देशक घनश्याम लामिछाने पनि एक हुन् । उनले तयार पारेका नेपाली भिडियो चलचित्र 'प्रेम पागल', 'प्रेम मिलन' र 'च्यागी' सफल भए । त्यसो त उनले थुप्रै गुरुङ चलचित्रको सफल निर्देशन पनि गरिसकेका छन् । नबुझी रहरैरहरमा हात हाल्ने बढी तथा व्यावसायिक मानिस कम भएका





कारण मोफसलमा भिडियो चलचित्र अझै पनि सोचेअनुरूप तीव्र गतिमा अगाडि बढ्न नसकेको उनले बताए । मोफसलले भोग्नुपरेको समस्या दक्ष क्यामेराम्यान तथा व्यावसायिक जनशक्तिको अभाव हो, लामिछानेको अनुभव छ ।

भिडियो चलचित्र बनाएर दर्शकलाई मनोरञ्जन प्रदान गर्नेमा केश गुरुङ र डाँफे बूढा पनि आउँछन् । उनीहरूले गुरुङ चलचित्रका अतिरिक्त अन्य भिडियो चलचित्र पनि बनाएका छन् । दुवै जना मिलेर बनाएको पतझड सफल भिडियो चलचित्र हो । त्यस्तै डाँफे बूढा अर्थात् मीनबहादुर गुरुङले बनाएको मालती पनि राम्रै चलचित्रको कोटीमा दरियो । गुरुङ भन्छन्- 'भिडियो चलचित्र स्तरीय भयो भने देश-विदेशमा प्रदर्शन गरेर लगानी उठाउन सकिन्छ ।' उनले केही भिडियो चलचित्र विदेश पुगेर पनि प्रदर्शन गरेका छन् ।

यद्यपि केही चलचित्रको लगानी उठाउन जटिल भएको छ । मूलतः फितलो कथावस्तु र कलाकारको अभिनयमा वास्तविकता नझल्कँदा दर्शकहरू भिडियो चलचित्रतर्फ आकर्षित हुन सक्दैनन्, अर्कातिर कम बजेटमा चलचित्र बन्ने हुँदा कलाकारलाई पाश्रिमिक प्रदान गर्न समस्या छ । राम्रो कलाकार ल्याउँदा कलाकारलाई दिइने पारिश्रमिकले चलचित्र बन्ने हुँदा निर्माता-निर्देशकहरू त्यो खतरा मोल्न चाहँदैनन् । उल्टै पैसा खर्च गरेर नायक हुने होडबाजी ठूलो पर्दाको चलचित्रमा जस्तै भिडियो चलचित्रमा पनि छ । निर्देशक दीपकमान उदास भन्छन्- 'सानो बजेटको चलचित्रमा पारिश्रमिक दिन कठिनाइ छ ।' पछिल्लो समयमा उनले कलाकारको अभिनय हेरेर पारिश्रमिक दिन थालेका छन् ।

वासुदेव पोखरेलले हालै बनाएको 'दोषी' र 'घातक मान्छे' तथा भोज गुरुङको 'कहाँ बिसाऊँ मनको भारी' ले पनि यहाँ भिडियो चलचित्रको ट्रेन्ड बसालेको छ । गणना गर्ने हो भने पोखरामा दुई दर्जनभन्दा बढी भिडियो चलचित्र बनिसकेका छन् । कतिपय प्रदर्शन भैसकेका छन् भने कति प्रदर्शनको तयारीमा छन् । त्यसै गरी निर्माणाधीन भिडियो चलचित्र पनि त्यत्तिकै छन् । यसरी बन्ने चलचित्रको औसत लगानी २ लाखदेखि ५ लाखसम्म हुने गरेको छ । भिडियो चलचित्रमा अभिनय गर्ने नायक नायिकाहरूमा सुरज आरडी, रामकुमार श्रेष्ठ, श्याम अर्याल, विष्णु गौतम, माओत्सेतुङ गुरुङ, ओमप्रकाश गुरुङ, प्रमिला केसी, आर्या भण्डारी आदि छन् । सुरज आरडी र श्याम अर्यालले भने ठूलो पर्दाको चलचित्रमा अभिनय गर्ने अवसरसमेत पाइसकेका छन् । श्यामले अहिले 'तकदीर', 'धर्मात्मा' र 'डर' मा अभिनय गर्दै छन् । भिडियो चलचित्रले चिनाएकै कारण ठूलो पर्दामा अवसर पाएको हुँ, अर्यालले भने । त्यसै गरी सुरज आरडीले 'बिन्तीपत्र' पछि 'जीवनचक्र'मा नायकको भूमिका पाइसकेका छन् भने उनी सिमोस सुनुवारको मिसन पैसाका लागि पनि अनुबन्धित भएका छन् । यसरी भिडियो चलचित्रबाट चम्किएको देखेर भिडियो चलचित्रतिर आकर्षित हुने युवायुवतीहरूको संख्या पनि बढिरहेको छ ।

# फिल्मी खबर

-मगर भाषामा फेरि अर्को चलचित्र निर्माणको क्रममा छ। नयाँ चलचित्र 'कानुङ आमिटमा' (हाम्रो सम्झना) मा ओम आले, अनिता थापामगर, तेज आले, भावना थापामगर (बालकलाकार) आदि कलाकारले अभिनय गरिरहेका छन्। चलचित्रको निर्देशक झमान दर्लामी हुन्। रम्भादेवी फिल्मस् प्रा.लि.द्वारा निर्माण हुने यो चलचित्रको छायाङ्कन पाल्पाको ताहुँ गाविस, त्यसको सेरोफेरो, स्याङ्जाको मिर्मी तथा श्रीनगरमा भैरहेको छ। मगर भाषामा बनेको यो छैटौं चलचित्र हो। यसअघि मगर भाषामा लिसरा, लङ्घन, आसे, फेर्च नम्खान, यानीमायाजस्ता चलचित्र तयार भैसकेका छन्। बुबाले छोरालाई लाहुरे बनाउने सोच र लाहुरे लडाइँमा मरेको कथामा निर्माण भैरहेको चलचित्र 'कानुङ आर्मिटमा' मगर र खस भाषामा एकसाथ सुटिङ भैरहेको छ।

-निर्देशक तुलसी घिमिरे चार वर्षको विश्रामपछि चलचित्र निर्देशन गर्दैछन्। यही वैशाखदेखि उनी समसामयिक विषयमा आधारित चलचित्र 'देश' को निर्माण आफ्नै निर्माण कम्पनी अजम्बरी फिल्म्सबाट गर्दैछन्। जनताको नजरमा देशको वर्तमान अवस्था तथा राजनीति कस्तो छ ? भन्ने कुरा उक्त चलचित्रमा हेर्न पाइनेछ। राजेश हमाल, निखिल उप्रेती, निरुता सिंह, मिथिला शर्मा, श्रवण घिमिरे आदि कलाकारको मुख्य भूमिका रहने उक्त चलचित्रको छायाङ्कन काठमाडौं उपत्यकाका अतिरिक्त सिक्किम तथा इलाममा हुनेछ। चलचित्रमा शम्भुजित बासकोटाको संगीत, शिवकिशोर ढकालको छायाङ्कन एवं दिनेश अधिकारीको नृत्य निर्देशन रहनेछ।

- वास्तविक कथामा आधारित भनिएको सन्देशमूलक नेपाली चलचित्र 'टिन एजर्स' को निर्माण सम्पन्न भएको छ। हाल प्रदर्शनीको तयारीमा लागेको 'टिन एजर्स' मा परम्परागत नेपाली चलचित्रमा देखिने मनोरञ्जनले कम स्थान पाएको छ। 'टिन एजर्सले' युवाहरूको प्रमुख समस्याका रूपमा रहेको दुर्व्यसनलाई मुख्य विषय बनाएको छ। चलचित्रले लागू-औषध दुर्व्यसनमा फसेका युवाहरू र तिनीहरूले समाजमा पारेको प्रभावका सम्बन्धमा सन्देश दिनेछ।

-नेपाल र फ्रान्सका दुई निर्माताको साझेदारीमा २० मिनेटको एउटा चलचित्र 'मलामी'को छायाङ्कन थालिएको छ। कवि तथा नाटककार सरुभक्तको नाटकमा आधारित उक्त चलचित्रको निर्देशन फ्रान्समा बसोबास गर्दै आएका नाट्यकर्मी सुवर्ण थापाले गर्दैछन्। चलचित्रलाई फ्रान्सका तर्फबाट क्रिस्टिन रिकी तथा नेपालबाट नवीन सुब्बाले निर्माण गरेका हुन्। फ्रान्समा बसोबास गर्ने क्रममा आफ्नो बाबुको मलामीमा सहभागी हुन नपाएकाले उक्त चलचित्रको कथालाई निर्देशक थापाले आफ्नै कथा बताएका छन्। चलचित्रमा कालो र सेतो रंग मात्र प्रयोग हुने पनि उनले बताए। चलचित्र 'मलामी'मा बिपना थापा, शान्ति मास्के, विष्णुभक्त फुयाँल आदि कलाकारले अभिनय गरिरहेका छन्।



-द्वन्द्वप्रधान कथामा निर्माण हुन थालेको चलचित्र 'ज्वालामुखी' यतिबेला निर्माणको अन्तिम चरणमा पुगेको छ। नायिका मेलिना मानन्धर तथा निर्देशक महेन्द्र बुढाथोकीको लगानीमा ओमप्रकाश निरौलाले उक्त चलचित्रको निर्देशन गरिरहेका छन्। चलचित्रमा धीरेन शाक्य, सुशील क्षेत्री, मेलिना मानन्धर, दिनेश शर्मा, उषा पौडेल आदि कलाकारको मुख्य भूमिका छ। मौनता श्रेष्ठको लेखन, चेतन सापकोटाको संगीत तथा सुमन तन्डुकारको छायाङ्कनमा निर्माण भैरहेको चलचित्र 'ज्वालामुखी' वैशाखको अन्त्यसम्ममा प्रदर्शनमा आउने बताइन्छ।

# लभगुरु रेखा



**प्रश्न : म १९ वर्षीया युवती हुँ। एक जना युवक विवाहका लागि मलाई माग्न आएका थिए। त्यतिबेला मैले उनलाई दुई वर्ष पर्खन भनेकी थिएँ, तर उनले अर्की युवतीसँग विवाह गरेछन्। ती युवतीको आफ्नै भिनाजुसँग अबैध सम्बन्ध रहेको र गर्भपतन पनि भैसकेको मैले थाहा पाएँ। अब ऊ मसँग विवाह गर्न चाहन्छ साथै ती युवतीलाई यातना दिने र मलाई माया गर्ने कुरा गर्छ। उसलाई गाउँ र मलाई सहरमा राख्ने बताउँछ, तर उसको पनि चरित्र राम्रो छैन। उसले आफ्नै बाबु र आमालाई पनि दुःख दिएको रहेछ। ऊ मलाई विवाहका लागि बाध्य पार्दैछ। मेरो घरपरिवार पनि ती युवक हुनेखाने छन् भनेर कर गरिरहेका छन्। म के गरूँ ?**

**-शो.**

**उत्तर** : यो त सीधै आफ्नो जीवन भड्खालोमा पार्ने कुरा भएन र ? सबै कुरा बुझेर पनि तपाईं कसरी त्यस्तो मानिससँग विवाह गर्न सक्नुहुन्छ, जसले आफ्नी पहिलो श्रीमतीलाई नै दुःख दिने काम गरिरहेको छ। तपाईंको पत्रअनुसार मलाई के लाग्छ भने उसले नै आफ्नी श्रीमतीको चरित्रहत्या गर्दै तपाईंलाई उसको आफ्नो भिनाजुसँग अबैध सम्बन्ध रहेको बताइरहेको छ। तपाईंको यो समस्या वास्तवमा प्रेम समस्या भन्दा पनि सामाजिक समस्या हो। त्यसैले मेरो भनाइ मान्नुहुन्छ भने आफ्नो घरपरिवार, अभिभावक, नातागोता, साथीभाइ आदिलाई साथ लिनुहोस् र उसको विवाहको प्रस्तावलाई सीधै अस्वीकार गरिदिनुहोस्। यदि त्यो मानिसले तपाईंलाई माया गरेको भए दुई वर्ष किन पर्खन सकेन ? आफ्नी श्रीमतीलाई पनि यातना दिने तर नछाड्ने कुरा गर्ने मानिससँग विवाह गरेर तपाईंको जीवन कहिल्यै सुखमय हुन सक्दैन।

पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनुहोस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।


# उज्वल भविष्य चाहने नयाँ पूस्ताको छनौट, आइस (ICE)

## प्रवेश परीक्षा तयारी कक्षाका लागि भरपर्दो संस्था आइस

आइस इन्स्टिच्युटले उपत्यकाका उत्कृष्ट विभिन्न कलेजहरूमा प्राध्यापन गराउँदै आउनु भएका दक्ष-अनुभवी तथा नाम चलेका प्राध्यापकहरूलाई अध्यापन समुहमा राखेको छ। ब्रिजकोर्स, उत्कृष्ट कलेजमा भर्ना पाउनका लागि प्रवेश परीक्षाको तयारी कक्षा, स्टाफनर्स हेल्थ असिस्टेन्टको प्रवेश परीक्षाको तयारी कक्षा तथा अन्य विभिन्न पाठ्यक्रम अध्ययनकालागि आइस भरपर्दो शैक्षिक संस्था हो। सहि पाठ्यक्रम सामाग्री र उत्कृष्ट प्राध्यापकहरुको समुहलाई परिचालन गरेकाले नै आइस इन्स्टिच्युटले अलग पहिचान कायम राख्न सकेको हो।



**गौरवशाली उपलब्धिहरु:**
**त्रि.वि. नर्सिङ्ग कलेज अन्तर्गत:**
रज्जु थापा महाराजगंज
रश्मी श्रेष्ठ, महाराजगंज
सदिक्षा सिंखडा, महाराजगंज
रीता प्रजापति, महाराजगंज
अनुसुया ढकाल, महाराजगंज
रोश्ना महर्जन, महाराजगंज
सविता काफ्ले, महाराजगंज
निला रजक, महाराजगंज
नविना भट्टराई, नेपालगंज
श्वेता सुबेदी, बिरगंज
निर्जला पौडेल, नेपालगंज
पुष्पाञ्जली पुडासैनी, महाराजगंज



## क्रेज स्टाफ नर्सको

'दक्ष जनशक्ती र सिपमुलक शिक्षा-एक्काइसौं शताब्दीको आवश्यकता' यो शैक्षिक नाराले वर्तमान अवस्थामा सीपमुलक शिक्षाको आवश्यकतालाइ प्रष्ट्याउँछ। नेपाल जस्तो आर्थिक तथा शैक्षिक पछौटेपन भएको मुलुकमा जनताहरू आधारभूत स्वास्थ्य उपचारको अभावमा बाँच्न बाध्य छन्। त्यसकारण पनि स्टाफ नर्स जनशक्तीको खाँचो बढ्दो रूपमा छ। नेपालमा नर्सिङ अध्ययन गरेपछि बेरोजगार हुनु पर्दैन र विदेशमा समेत नेपाली नर्सको माग बढिरहेको छ। नर्सिङ अध्ययनका लागि सिमित कोटा भएकै कारण भविश्यमा सफल नर्स बन्ने चाहना राख्ने धेरै छात्राहरू प्रवेश परीक्षामै अनुत्तिर्ण भएर निराश हुने समस्या छ। त्यसैले एसएलसी परीक्षा पश्चात सचेत अभिभावकले आफ्ना नानीहरूलाइ यसको प्रवेश परीक्षाको तयारी गराएमा सफलता हात पर्ने बढि सम्भावना हुन्छ। अभिभावकको योजना र विद्यार्थीको यो चाहनालाइ पुरा गर्न आइस सधैं सहयोग गर्न तयार छ।

**विश्लेषण**

## "शिक्षा नै ज्ञानको अनन्त ज्योती हो"



आइस इन्स्टिच्युट विस २०५५ सालमा स्थापना भएको हो। 'शिक्षा नै ज्ञानको अनन्त ज्योती हो' यो उद्देश्यलाइ पुरा गर्न आइसले करिअर विकासमा जुटेका विद्यार्थीहरूलाइ सन्तुष्ट गराउँदै गुणस्तरिय शिक्षा प्रदान गर्दै आएको छ। पृथक पहिचान, विश्वसनिय शैक्षिक संस्था र चर्चित पहिचान बोकेको 'आइस इन्स्टिच्युट' पिके क्याम्पस बागबजारको अगाडी अवस्थित छ। आइसले शैक्षिक क्षेत्रका विभिन्न 'सर्ट-टर्म' पाठ्यक्रममा अध्यापन गराउँदै आएको छ। शान्त तथा पारिवारिक वातावरणमा विषयगत विज्ञहरूले विविध पाठ्यक्रममा स्तरिय शिक्षा प्रदान गर्दै आएका छन्। इन्स्टिच्युटको मुख्य उद्देश्य विद्यार्थीलाइ प्रयोगात्मक, व्यवहारिक शैलीमा स्तरिय शिक्षा प्रदान गर्दै उनीहरूको उज्वल भविश्य खाका कोरिदिनु हो। 'यि विद्यार्थीहरू भविश्यमा सबल नागरिक बन्न सकुन भनेर आइसले आवश्यक शैक्षिक परामर्श समेत उपलब्ध गराउँदै आएको छ।' आइसका निर्देशक विनोद दाहाल भन्छन्-'आइसले विद्यार्थीको अवस्था बुझेर, उनीहरूको स्तर विकासमा विशेष ध्यान दिएको छ।' इन्स्टिच्युटले अहिले एसएलसी परीक्षा दिएर बसेका विद्यार्थीहरूका लागि ब्रिज कोर्स तथा स्टाफ नर्स अध्ययन गर्ने योजनामा रहेका छात्राहरूलाइ प्रवेश परीक्षा तयारी कक्षा संचालन गरिरहेको छ। निर्देशक दाहालका अनुसार उपत्यकाका नाम चलेका सिमित कलेजहरूको प्रवेश परीक्षा प्रणालीमा विद्यार्थीलाइ सफल बनाउने दृष्टिकोणले आइसले पाठ्यक्रम निर्धारण गरेको छ।

ICE INSTITUTE
Bagbazar, Opp. PK Campus
Ph: 4238062, 4258335

## नयाँ पुस्ताको छनौट, आइस

विगत ९ वर्षदेखि ब्रिजकोर्स गराउँदै आएको आइस इन्स्टिच्युटको सबैभन्दा ठुलो सम्पत्ति भनेकै उत्कृष्ट भनिएका कलेजमा नाम निकाल्न सफल विद्यार्थीहरू हुन्। 'विद्यार्थीहरूको विश्वास जितेकै कारण करिब एक दशक लामो यो यात्रा सम्भव भएको हो' निर्देशक विनोद दाहाल भन्छन्- हाम्रो प्रमुख विज्ञापन भनेकै यस अघि यो इन्स्टिच्युटबाट कोर्स हासिल गर्ने विद्यार्थीहरू हुन्। उनीहरूको सिफारिशको भरमै नयाँ पूस्ताका थुप्रै विद्यार्थीहरू भर्ना हुन आउने गरेका छन्'। आइसबाट ब्रिजकोर्स अन्तर्गत एडभान्स कोर्स गरेका विद्यार्थीहरूले मेडिकल साइन्स तथा इन्जिनियरिङको प्रवेश परीक्षाका लागि पनि अहिले गरेको पाठ्यक्रम उपयोगी हुने गरेको बताए।

**विशेषता**

## आइसको साथ, सफलता हात



नमस्ते साथीहरू
एसएलसी दिएर फुर्सदमा बस्नुभएको होला, यदि त्यस्तो हो भनें तपाइ आफ्नो फुर्सदको समयलाइ सदुपयोग गर्नुहोस। त्यस्को लागि नर्सिङ फ्याकल्टी रोज्न सक्नुहुन्छ। नर्सिङको प्रवेश परीक्षा तयारी कक्षा आइस इन्स्टिच्युटमा लिन सक्नुहुन्छ। आइस इन्स्टिच्युट एउटा सफल र उत्कृष्ट इन्स्टिच्युटको रूपमा परिचित छ। यस इन्स्टिच्युटले तपाईहरूलाइ पढ्नको लागि पूर्णतया घरायसी वातावरण तयार गरी सक्दो सहयोग गर्नेछ। आइस इन्स्टिच्युटमा लिएको छोटो अवधीको प्रवेश परीक्षा तयारी कक्षाले र आफ्नो मेहनतले म महाराजगञ्ज नर्सिङ क्याम्पसमा नाम निकाल्न सफल भए। यसको सम्पूर्ण श्रेय म आइस इन्स्टिच्युट परिवारलाइ दिन चाहन्छु।

*अनुसुया ढकाल*
*महाराजगञ्ज नर्सिङ क्याम्पस-२०६२*

**अनुभुती**

**गौरवशाली उपलब्धिहरु:**
**KU नर्सिङ्ग कलेज अन्तर्गत:**
सिर्जना शिवाकोटी,
कोपीला तिमल्सीना
दिपशिखा गुरुङ
किरण खत्रि
सुस्मीता तुलाचन
समिक्षा बस्नेत
राजश्री श्रेष्ठ
ज्योती ठकुरी
प्रतिक्षा शाही

## आइसकै कारण स्टाफ नर्स भए





उच्च शिक्षा हासिल गर्न चाहने छात्राहरूको आकर्षणमा 'स्टाफ नर्स' पनि एक हो, तर प्रवेश परीक्षामा खरो रूपमा आफुलाइ प्रस्तुत गर्नुपर्ने भएकाले पनि सबैले आफ्नो योजना साकार पार्न सक्दैनन्। परीक्षार्थीले आफुलाइ बलियो रूपमा तयार पार्न प्रवेश परीक्षा तयारी कक्षाको भूमिका महत्वपूर्ण हुन्छ। **आइस**बाट स्टाफ नर्सको प्रवेश परीक्षा तयारी कक्षा गरेका सयौं छात्राहरूले स्टाफ नर्सको अध्ययन गरेका छन्। स्टाफ नर्स अध्ययनका लागि आइसबाट प्रवेश परीक्षाको तयारी गरेकि महाराजगञ्ज नर्सिङ क्याम्पसमा अध्ययनरत रञ्जु थापाका अनुसार आइसको अध्ययन र अध्यापन शैलीले हौसला र प्रेरणा बढाउँछ। **थापा भन्छिन्** -'मैले आइसबाट पाएको मार्गदर्शन कै कारण स्टाफनर्सको प्रवेश परीक्षामा नाम निकाल्न सफल भएकि हुँ। नेपाल इन्स्टिच्युट अफ मेडिकल साइन्स टेक्नोलोजीमा अध्ययनरत सन्दिपा लामा पनि थापाको कुरा स्विकार्दै भन्छिन्- 'चार महिनाको अभ्यास कक्षाको क्रममा हासिल गरेको शैक्षिक आधारले नै स्टाफ नर्समा नाम निकाल्न समर्थ भए।' फुर्सदको समय सदुपयोग गर्ने क्रममा त्यहाँ पुगेकि **रिता प्रजापती**ले पनि दक्ष अनुभवी शिक्षककै कारण स्टाफ नर्सको परीक्षामा नाम निकाल्न सकेको बताइन्। ललितपुर नर्सिङ क्याम्पसकि जिज्ञासा थापा, महाराजगञ्ज नर्सिङ क्याम्पसकि रश्मी श्रेष्ठले पनि साथीहरूको भनाइमा सहमती जनाए।

Advt.

## केवल एक प्रश्न

# युवतीहरूले चुरोट पिएको देख्दा कस्तो लाग्छ ?



उत्तर दिनैपर्ने ? मनैदेखि भन्ने हो धेरैको चित्त दुख्न सक्छ। पब्लिक फिगर भएकाले हामीले त यस्तो प्रश्नमा ध्यान दिनुपर्‍यो नि, होइन ? चुरोट पिउनु सबैका लागि हानिकारक छ। अहिले यति मात्र भनूँ कि......

**निखिल उप्रेती, नायक**

मलाई यति धेरै रिस उठ्छ कि, च्याप्प समातेर मुखमा हानूँजस्तो लागिहाल्छ। मैले संगत गरेका युवतीहरूमध्ये अहिलेसम्म कसैले चुरोट पिएका छैनन्।

**सरोज केसी, कलाकार**

झुर लाग्छ, म आफैंले पनि चुरोट पिउन छोडिसकेकाले त्यस्तो लागेको होला। अँ, झरना बज्राचार्यजस्ता लेडीले सोलिड शैलीमा पिएको चाहिँ मन पर्छ तर जो पायो उसैले पिएको देख्दा उल्टै चुरोटको बेइज्जत भएजस्तो लाग्छ।

**ऋषि लामिछाने, निर्देशक**

मलाई एक हिसाबले राम्रै लाग्छ। स्वतन्त्रताको कुरा पनि त आयो नि ....तर हाम्रो समाजमा युवतीहरूले चुरोट पिएको त्यति राम्रो मानिँदैन। अझ जबरजस्ती पिउने, देखावटी गर्ने, अनावश्यक स्टाइल देखाउने काम मलाई पनि मन पर्दैन।

**अविनाश घिसिङ, गायक**

युवतीहरूको आउटलुक हेर्नुपर्‍यो। राम्रो व्यक्तित्व भएकाहरूले चुरोट पिउँदा उनीहरू अझै कामुक देखिन्छन्, हेर्नेको मन पनि आनन्दित हुन्छ, तर आउटलुक छैन र नसाका लागि पिएको हो भने सबैभन्दा घीनलाग्दो दृश्य त्यही हुन्छ।

**श्याम भट्टराई, निर्देशक**

## साइबर गर्ल

# अन्तर्राष्ट्रिय स्तरमा पुग्ने लक्ष्य

**रिया सिंह**



म्युजिक भिडियोमा अभिनय गर्ने इच्छा राखेकी १७ वर्षीया रिया सिंहले भर्खरै 'ओ' लेभलको कोर्स पूरा गरेकी छिन्। उमेरका दृष्टिकोणले सानै भए पनि मोडलिङको क्षेत्रमा आफ्नो भविष्य देखेकी रियाले र्‍याप गायक कल्याणका साथै सुगम पोखरेल, लेजी ब्वाइ तथा श्यामको म्युजिक भिडियोमा अभिनय गरिसकेकी छिन्। रियाको उचाइ ५ फिट ५ इन्च छ। त्यस्तै उनको शारीरिक बनावट पनि आकर्षक छ। त्यसैले होला, नजिकबाट चिन्नेहरूले उनलाई मोडलिङमा क्यारियर खोज्न सल्लाह दिँदै आएका छन्। रिया भन्छिन्- 'मलाई मेरो परिवारले पनि यो क्षेत्रमा सक्रिय रहन राम्रो सहयोग तथा उत्प्रेरणा दिएको छ।' रिया कुशल नृत्यांगना पनि हुन्।

रियाका अनुसार नृत्यमा सबल भएकैले उनले म्युजिक भिडियोमा आफू फिट हुने देखेकी छिन्। म्युजिक भिडियोमा काम गर्ने धेरै अवसर पाए पनि आफ्नै व्यस्तताका कारण उनले यो क्षेत्रमा सोचेजसरी काम गर्न पाएकी छैनन्। सानैदेखिको मोडलिङ मोहका कारण रियाले अब विज्ञापनमा पनि अभिनय गर्ने इच्छा राखेकी छिन्। उमेरका दृष्टिकोणले अझै क्यारियर बनाउने समय भएकाले विवाहका सम्बन्धमा उनले कुनै योजना बनाएकी छैनन्, तर व्यक्तित्व झल्कने, स्टाइलिस्ट तथा स्मार्ट पुरुषहरू उनको नजरमा पर्छन्।

रिया भन्छिन्- 'ह्यान्डसम, समझदार तथा मायालु युवक नै मेरो जीवनसाथी बन्न योग्य हुन्छ।' फुर्सदको समय साथीभाइसँग बिताउने रियाले भविष्यको योजना बुनिसकेकी छैनन्, तर मोडलिङको क्षेत्रमा अन्तर्राष्ट्रिय स्तरको मोडल बन्ने चाहना रहेको बताउन पनि उनी चुक्दिनन्।

# धनपालगढी महोत्सव



विराटनगर- मोरङको कसेनी-२ स्थित धनपालगढीमा पहिलो पटक धनपालगढी महोत्सव सम्पन्न भएको छ। वैशाख १० देखि १२ गतेसम्म चलेको महोत्सवमा हजारौं मानिसले सहभागिता जनाएका छन्। हरेक वर्ष वैशाख १० गते मेला लाग्दै आएको धनपालगढीमा यस वर्षको महोत्सवले ऐतिहासिक र पुरातात्त्विक धनपाल राजाको दरबारको प्रचार हुने तथा आन्तरिक एवं बाह्य पर्यटक भित्र्याउन सकिने आयोजकहरूको आशा छ।

चारैतिर मानवबस्तीले घेरिएको ३५ बिघा क्षेत्रफलमा फैलिएको सानो जंगलभित्र धनपाल राजाको ऐतिहासिक दरबारको अवशेष छ। धनपाल राजाले खनेका नौ पोखरीमध्ये तीन पोखरी अझै बाँकी रहेको मानिएको गढीमा निर्मित राजा धनपालको मन्दिरलाई विशेष गरी यहाँका थारु समुदायले पुज्ने गरेका छन्। यहाँ भाकल गरेको सबै कुरा पुग्ने जनविश्वास रहँदै आएको छ।

विराटनगरबाट २१ किलोमिटर उत्तर-पूर्व र महेन्द्र राजमार्गको बेलबारीबाट ८ किलोमिटर दक्षिणमा स्थित धनपालगढीमा रहेको मन्दिरमा हात्तीमा चढेको राजा धनपालको मूर्ति र ठूल्ठूला नौवटा घण्टी चोरी भैसकेका छन्। राजा धनपालको दरवारका केही इँटा र ताम्रपत्र, देवालको भग्नावशेष, इनारको पाटा मात्रै त्यहाँ अवशेषका रूपमा बाँकी छन्।

महोत्सवमा स्थानीय परिकारहरू भक्का, बगिया, गुलगुलिया, चिछौरी, सेल, वरी, पुव, जिलेवी आदि जडिबुटीको समेत स्टल राखिएको थियो। उक्त अवसरमा विभिन्न जातजातिका संस्कृति झल्कने झाँकीहरूसमेत प्रदर्शन गरिएको थियो। चण्डी नाच, थारु नाच, सतार नाच महोत्सवका आकर्षण बनेका थिए। संविधानसभाको निर्वाचन यथाशक्य चाँडो गराउनुपर्ने सन्देश दिँदै एकातर्फ भजन मण्डलीले भजन गाइरहेको थियो भने अर्कातर्फ बालन र सँगिनी नृत्यले दर्शकहरूलाई लोभ्याइरहेको थियो। उक्त अवसरमा थारु जातिको विवाह एवं व्रतसम्बन्धी विधिलाई समेत झाँकीका रूपमा प्रस्तुत गरिएको थियो।

**– कमल रिमाल**

## चलचित्र

### ता रा रम पम



बलिउड चलचित्र उद्योगमा आज हिन्दी चलचित्र 'ता रा रम पम' सार्वजनिक हुँदैछ। यशराज फिल्म्स ब्यानरका लागि यश चोपडाको प्रस्तुति 'ता रा रम पम' सामान्य कथामा निर्माण भए पनि राम्रो व्यापार गर्न सक्ने चलचित्रको सूचीमा छ। रोमान्समा आधारित यो चलचित्रमा स्टार अभिनेता सैफ अलि खानले उत्कृष्ट कार रेसरको भूमिकामा अभिनय गरेका छन् भने नायिका रानी प्रतिष्ठित सफ्टवेयर व्यापारीकी छोरी तथा संगीतकी विद्यार्थी हुन्छिन्, जसले सैफको अर्धाङ्गिनीको भूमिकामा अभिनय गरेकी छिन्। चलचित्रमा सैफले रानी मुखर्जीलाई भेटेपछि उनीहरूबीच प्रेम प्रारम्भ हुन्छ। त्यसपछि उनीहरूले विवाह गर्छन्। विवाहलगत्तै सैफ अमेरिकाको नम्बरवान कार रेसर हुन सफल हुन्छन्। यसबीच उनीहरूका दुई छोराछोरी पनि हुर्किसकेका हुन्छन्, तर सफल जीवनयापन गरिरहेको परिवारमा एक्कासि विभिन्न समस्या आइलाग्छ। सैफ रेसिङ दुर्घटनामा पर्छन्। त्यसपछि क्रमशः उनको क्यारियर समाप्त हुने देखिन्छ। आदित्य चोपडाको निर्माण तथा सिद्धार्थ आनन्दको निर्देशन रहेको यो चलचित्रमा श्रुति सेठ, जाफेद जाफेरी, एन्जेलिना इड्नानी, अलि हाजी आदि कलाकारले पनि अभिनय गरेका छन्। चलचित्रमा जाफेद अख्तरले गीत लेखेका छन् भने संगीत विशाल- शेखरको छ।

### द इनभिजिवल




निक, उज्ज्वल भविष्य बोकेको माध्यमिक विद्यालयको सिनियर विद्यार्थी हुन्छ, तर एउटा सानो गल्तीका कारण उसको जीवनमा ठूलो दुर्घटना आइपर्छ। ऊमाथि एउटी युवतीले खतरनाक आक्रमण गर्छे। उसको शरीरलाई मृत मानेर त्यत्तिकै छोडिन्छ, यद्यपि उसको आत्मा त्यसबेलासम्म मरेको हुँदैन। अदृश्य रूपमा उसले जीवनजगत्लाई हेरिरहेको हुन्छ। यतिसम्म कि उसलाई यो अवस्थामा कसले पुऱ्यायो भनेर उसकी आमा र प्रहरीले गरिरहेको खोजीका बारेमा समेत निकले थाहा पाइरहेको हुन्छ। यो आज शुक्रबार सार्वजनिक हुने चलचित्र 'द इनभिजिवल' को कथा हो। साइन्स फिक्सन, फ्यान्टासी तथा थ्रिलर शैलीमा निर्मित यो चलचित्रलाई डेभिड एस गोयरले निर्देशन गरेका हुन्। द इनभिजिवलमा जस्टिन चाटविन, मार्गेरिटा लिभिएभा, मार्सिया गे हार्डेन, क्रिस्टोफर मार्केटी, माइकल ह्यारिसन् आदि कलाकारले प्रमुख भूमिका निर्वाह गरेका छन्। क्यानाडाको भ्यानकोभरमा छायांकन गरिएको यो चलचित्र थ्रिलर तथा सस्पेन्स शैली मन पराउने युवावर्गप्रति लक्षित छ।

## हुँदैछ किड्स हन्ट र मास्टर नेपाल

बालबालिकासम्बन्धी प्रतियोगितात्मक कार्यक्रम सञ्चालन हुने क्रममा किड्स हन्ट र मास्टर नेपाल शीर्षकमा दुईवटा यस्ता प्रतिस्पर्धाको तयारी भैरहेको छ। ५ देखि १२ वर्ष वर्ष उमेर समूहका बालक र बालिका गरी १५ जना सहभागीलाई समेटेर बी.एल.हाउसले किड्स हन्ट नामक प्रतियोगिता सञ्चालन गर्दैछ। भोलि शनिबार दिउँसो महेन्द्र पुलिस क्लबमा सम्पन्न हुने उक्त प्रतियोगितालाई परिचयात्मक, ट्यालेन्ट, वेस्ट ड्रेस, टपटेन तथा टप फाइभ गरी विभिन्न चरणमा सञ्चालन गरी विभिन्न विधामा विजेताको छनौट गरिनेछ। सुनील श्रेष्ठको कोरियोग्राफीमा सञ्चालन हुने यो प्रतियोगिताका सहभागीहरूको पहिरन एन.इ.एफ.टी. नामक डिजाइनिङ संस्थाले तयार पारेको छ।



## मास्टर स्टार २००७

काठमाडौं– चैत २० गते सुरु भएको मास्टर स्टार- २००७ को प्रशिक्षण अहिले तीव्र रूपमा अघि बढिरहेको छ। नेप्लिज फेसन होमद्वारा आयोजित उक्त प्रतियोगिताको प्रशिक्षणकै क्रममा प्रतियोगीहरूले भृकुटीमण्डपस्थित महेन्द्र पुलिस हेल्थ क्लबमा पौडीको मज्जा लिए भने नयाँ वर्षको सुरुवातसँगै नील डेभिड हेयर सैलुनमा आ-आफ्ना केश पनि कटाए। प्रशिक्षणका दौरान नै प्रतियोगीहरू आत्मविश्वास, जनमानसमा बोल्ने कला तथा आफूमा भएको प्रतिभा देखाउन सक्षम भएका छन्। यही सिलसिलामा प्रतियोगीहरूले होटल सोल्टीको 'फन वर्ल्ड' को भ्रमण गरे। आउँदो वैशाख २२ गते हुन गैरहेको उक्त प्रतियोगिताका लागि विवेक श्रेष्ठ तथा रोहिया महर्जनले प्रशिक्षण दिइरहेका छन्।

## जेठमा इमेज एवार्ड

**साप्ताहिक समाचार**

काठमाडौं– आउँदो जेठ महिनाको दोस्रो साता गायक दीप श्रेष्ठलाई इमेज च्यानलले लाइफ टाइम एचिभमेन्ट एवार्डद्वारा विभूषित गर्दैछ। शुक्रबार आयोजित नवौं इमेज एवार्ड घोषणा कार्यक्रममा च्यानलका अध्यक्ष आर.के. मानन्धरले उक्त जानकारी दिएका हुन्। इमेज एवार्डको अन्य विधाका लागि भने कडा प्रतिस्पर्धा हुने देखिएको छ। पुरुष गायनतर्फ एकै पुस्ताका रामकृष्ण ढकाल, यम बराल र राजेश पायल राईबीच प्रतिस्पर्धा हुँदैछ, जसमा पछिल्लो पुस्ताका हेमन्त शर्मा र जगदीश समाल पनि नामाङ्कन भएका छन्। गायकहरूमा निमा रुम्बाको 'आऊ न सँगै नाचौं' र राजेश पायल राईको 'शिरैफूल शिरबन्दी' धेरै विधामा नामाङ्कन भएका छन्। नामाङ्कन सूची सार्वजनिक कार्यक्रममा इमेज एफएमका स्टेसन म्यानेजर भरत शाक्यले गत वर्षभन्दा यो वर्ष गायिकाको संख्या घटेको बताए। उनले म्युजिक भिडियो निर्माणमा भिन्नता नदेखिएको, पपगीतको आकर्षण घट्दै गएको तथा रिमिक्स गीतको प्रवृत्ति बढेको चर्चा पनि गरे। शाक्यले लोकगीतको स्थिति खस्कँदै गएको तर दोहोरी गायन उर्वर रहेको पनि जानकारी दिए।

इमेज एवार्ड वितरण कार्यक्रम आगामी जेठ महिनामा आयोजना हुनेछ भने विजेताका लागि रेडियो, टेलिभिजन, दैनिक पत्रिका, एसएमएस तथा रेडियो अनलाइनमार्फत दर्शकहरूको मत संकलन गरिनेछ। यस पटकको इमेज एवार्डमा २५ विधामा उत्कृष्ट पाँचको प्रतिस्पर्धा हुँदैछ भने यी विधामा २७ वटा विभिन्न सङ्गीत उत्पादक, नौ म्युजिक भिडियो उत्पादकको पनि सहभागिता छ। १ हजार ४ सय गायक-गायिकामध्ये १ सय २५ गायकगायिकालाई मात्र प्रतिस्पर्धामा उतारिएको छ, जसमा ६२ वटा एल्बमका ८८ गीतबीच प्रतिस्पर्धा हुनेछ।


## सानो पर्दा

**तपाईंले** चिनेजानेका वा आफन्त हराए पक्कै पनि प्रहरीलाई जानकारी गराउनुका अतिरिक्त विभिन्न पत्रपत्रिकामा मानिस हराएको सूचना दिनुहुन्छ होला। त्यसबाहेक नेपाल वान टेलिभिजनको कार्यालयमा गएर कार्यक्रम 'खोजतलास'की निर्माता सुलोचना थिङलाई पनि भेट्न सक्नुहुन्छ। निर्माता थिङकी बहिनी सुनीता थिङले निर्माण थालेको कार्यक्रम 'खोजतलास'ले २ सय भाग पूरा गर्दा कार्यक्रमकी निर्माता हुन पुगेकी सुलोचनाका अनुसार उक्त कार्यक्रमका कारण हराएका धेरै मानिस फेला परेका छन्। बालबालिकादेखि वृद्धवृद्धासम्म जो कोही हराए वा उनीहरूको अपहरण भएको थाहा पाएपछि उनी सम्बन्धित हराएका मानिसको घरमा पुगेर परिवार, साथीभाइ, छिमेकी आदिसँग उनका बारेमा सोधखोज गर्छिन्। हरेक सोमबार राति ८ बजे प्रसारण हुने उक्त कार्यक्रमको सञ्चालन राजेन्द्रले गर्छन्। कार्यक्रम धेरै पटक पुनः प्रसारण हुने भएकाले पनि हराएका मानिस भेटिन सक्ने सम्भावना भएको निर्माता थिङले साप्ताहिकलाई बताइन्।

**नयाँ** एवं पुराना कलाकारबीच मेलजोल बढाउन तथा नयाँलाई पुरानाबाट प्रेरणा प्राप्त होस् भन्ने उद्देश्यले सानो पर्दाबाट एउटा कार्यक्रम प्रसारण हुने गरेको छ। एनटिभी टुबाट हरेक मंगलबार साँझ ७ बजे प्रसारण हुने कार्यक्रम 'मञ्चन'मा नयाँ तथा पुराना कलाकारहरूको प्रतिभा मिश्रण गर्दै देखाइन्छ। कुराकानी गर्दै रमाइलो ढंगबाट सञ्चालन हुने उक्त कार्यक्रमका सञ्चालक प्रचण्ड पौडेल हुन्।

**कान्तिपुर** टेलिभिजनबाट प्रसारण भैरहको कार्यक्रम 'इन्डी मिक्स ब्याग'को सञ्चालनको अभिभारा श्रद्धा पालले पाएकी छिन्। हरेक शनिबार राति साढे दस बजे प्रसारण हुने उक्त कार्यक्रममा हिन्दी चलचित्रका गीत, हिन्दी पप तथा रिमिक्सहरू बजाइन्छ। कान्तिपुर टेलिभिजनको उक्त कार्यक्रमबाट सानो पर्दामा पदार्पण गरेकी श्रद्धा सेन्ट जेभियर्स कलेजको स्नातकोत्तरकी छात्रा हुन्।

**नेपाल** टेलिभिजनबाट प्रसारण भएपछि चर्चामा आएको गायन कार्यक्रम 'नेपाली तारा'को दोस्रो संस्करणको प्रसारण आरम्भ भएको छ। नेपाल टेलिभिजनमा हरेक शुक्रबार राति पौने दस बजे प्रसारण हुने उक्त कार्यक्रम एक घण्टाको छ। मिडिया हबको प्रायोजन तथा नील बाराही फिल्म्सको निर्माणमा राजेन्द्र सलभले निर्देशन गरिरहेको उक्त कार्यक्रम गायक दाजुभाइ सत्यराज र स्वरूपराजले सञ्चालन गर्छन्। यद्यपि कार्यक्रमको छायाँङ्कनका क्रममा ब्रजेश खनाल सञ्चालक थिए। प्राप्त जानकारीअनुसार कार्यक्रमको निर्माण उत्कृष्ट २० को छनौटपछि केही समयलाई रोकिएको छ।



**नायिका** रेजिना उप्रेती पनि टेलिभिजन कार्यक्रम सञ्चालिकाका रूपमा देखा पर्दैछिन्। नेपाल वानबाट केही साताभित्रै प्रसारण हुन लागेको चलचित्रसम्बन्धी कार्यक्रमको सञ्चालन रेजिनाले गर्दैछिन्। सुशील देवकोटा निर्माता रहने उक्त कार्यक्रम चलचित्रका गीतहरूको काउन्ट डाउन हुनेछ। बिहीबार साँझको समयमा प्रसारण हुने कार्यक्रमको शीर्षक भने तय भएको छैन। यसबीच निर्माता देवकोटा र सुलोचना थिङले निर्माण गरिरहेको चलचित्रसम्बन्धी कार्यक्रम 'चित्रपट' को शीर्षक परिवर्तन गरेर 'मुभी मसला' राखिएको छ। हरेक मंगलबार राति नौबजे प्रसारण हुने उक्त कार्यक्रममा नेपाली चलचित्रका विविध गतिविधि देखाइन्छ। कार्यक्रमको सञ्चालन ज्योतिले गर्छिन्।

**इजरायल / कोरिया**

के तपाई इजरायल तथा कोरिया जाँदै हुनुहुन्छ ? यदि जाँदै हुनुहुन्छ भने हिब्रु भाषा/कोरियन भाषा सिकी दक्ष भई जानुहोस्।

**हाम्रा सेवाहरू :**

१. हिब्रु (Hebrew) भाषा, कोरियन भाषा, तथा अंग्रेजी भाषा तालिम।
२. केयर गिभर, House Keeping, Nursing तथा Orientation तालिम।
३. Cook/Waiter तालिम।

सम्पर्कः **पाइथागोरस एकेडेमी**

प्रर्दशनीमार्ग, पुतलीसडक, काठमाडौं, फोन : ४२६०६३२

**बिशेष सेवा**

रसायन वाजिकरण एवं ताजगीकरण

(Sexopsychology, Sexotherapy & Rejuvination):

नपुंसकता, लिङ्ग उत्तेजना सम्बन्धी समस्या, सिघ्र स्खलन, हस्तमैथुन, स्वप्न दोष, धातु वीर्य तथा शुक्रकीटको विकासका समस्या, सरुवा यौन रोग, पुरुष-स्त्री यौनाङ्ग, स्तन एवं शरीरको कमबढी विकास एवं हर्मोनल समस्या तथा महिनावारीमा गडबडी।

(पूर्ण गोप्यताको वातावरणमा अन्तरङ्ग परामर्श)

सम्पर्कः (विशेष सेवा विभाग)

धन्वन्तरी आयुर्वेद हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि.

धुम्बाराही चोक, फोनः ४३७१७७१, ०१६२०४१५६

website ; www.sexologistnepal.com E-mail: info@ayurvednepal.com

**सिलाई तालिम** तथा भर्ना सम्बन्धी सूचना

यस फेसन डिजाइनिङ्ग तथा सिलाई इन्ष्टिच्युटमा नयाँ भर्ना खुलेको हुँदा इच्छुक महिला तथा पुरुषहरुले तुरुन्त सम्पर्क राख्न आउनुहोला। फारम वितरण भइरहेको छ। सिट सिमित मात्र छ। लेखपढ गर्न नजान्नेहरुलाई पनि सिकाउने ब्यवस्था छ। यस इन्ष्टिच्युटका विशेषताहरु साधारण कोर्स, स्पेसल कोर्स, डिप्लोमा कोर्स, च्वाइस कोर्स, फेसन डिजाइनिङ्ग, फ्लावर मेकिङ्ग, कटिङ्ग मात्रको कोर्स, सर्ट, पाइन्ट, सुट ज्याकेट, स्कुल ड्रेस तथा हाल बजारमा चलेका नयाँ फेसन अनुसारको कुर्ता डिजाइनिङ्ग, दसथरी सुरुवाल, दसथरी ब्लाउज, दसथरी विभिन्न डिजाइनका लेडिज टि-सर्ट, लेडिज पाइन्ट, स्कर्टहरु, बेबी फ्रकहरु र विभिन्न डिजाइनका गला र बाहुलाहरुको साथै विभिन्न डिजाइनका अन्य लुगाहरुको पनि तालिम दिइनेछ।

सम्पर्क स्थानः

**ए.आर. फेसन डिजाइनिङ्ग तथा सिलाई इन्ष्टिच्युट**


ललितपुर, छायबहाल टोल

(पुल्चोक नमस्ते सुपरमार्केट अगाडिको बाटोबाट सिधै छायबहाल गुठी घरमा)

फोनः ५५२६७३० मोबाइलः ९८४१ ३०४२७२

सिप सिकेर आत्मनिर्भर बनौं जसको हातमा सिप छ उ कहिल्यै बेरोजगार हुँदैन

## साताको स्वर



### डा. भोला रिजाल

**जिन्दगीको यात्रा.... कस्तो प्रकारको गीत हो ?**

-यो गीतले प्रत्येक व्यक्तिको जीवनचक्रको भौतिक रूपलाई आध्यात्मिक र सेवासँग जोड्ने प्रयास गरेको छ। मानिस मरेर गए पनि ऊ पुरानो आफ्नै समाजमा आएर राम्रो काम गर्न चाहन्छ भन्ने भावमा यो गीत छ।

**यो गीतलाई दर्शक– श्रोताले कसरी लिएका छन् ?**

-जसले सुन्नुभएको वा हेर्नुभएको छ, उहाँहरूले राम्रै प्रतिक्रिया दिनुभएको छ। आफनै शैलीमा जीवन बिताइरहेकाहरूका लागि केही गर्नुपर्छ भन्ने प्रेरणा यो गीतले दिएको छ। तपाईंको गीत आएपछि अरू काम छोडेर भए पनि हेर्छु भन्नेहरू पनि भेटेको छु।

**यो गीतको आकर्षक पक्ष के हो ?**

-मेरो दृष्टिकोणमा शब्द, संगीत अनि स्वरमध्ये सबैभन्दा आकर्षक पक्ष शब्द नै हो। त्यसैगरी यो गीतको म्युजिक भिडियो पनि त्यत्तिकै सशक्त छ।

**पाँच मिनेटको गीतिसंग्रहको बजार कस्तो छ नि ?**

- पाँच मिनेटको एउटा गीतमात्र भएको संग्रह भए पनि श्रोता–दर्शकको रोजाइमा पर्न सफल छ।

**म्युजिक भिडियो कस्तो बनेको छ ?**

-शब्दअनुसार कथात्मक शैलीमा प्रस्तुत गरिएको छ। म्युजिक भिडियो हेर्दा गीतको शब्द बिर्सिएर पनि दर्शकहरू भिडियोतर्फ केन्द्रित हुन्छन्।

-गायन क्षेत्रमा केही वर्षअघि पहिलो एल्बम 'फस्टस्टेप' बजारमा ल्याएका जुम्ल्याहा गायक राम–लक्ष्मणको दोस्रो एल्बम 'वाउ' हालै बजारमा आएको छ। एल्बम सार्वजनिक भएलगत्तै त्यसमा समाविष्ट गीतको म्युजिक भिडियो पनि सार्वजनिक गरिएको छ।

- धराने युवक सुरेश राजभण्डारी तथा राजधानीका युवक राजेन्द्र साहूको पहिलो एल्बम 'सुरुवात' बज्र रेकर्ड्सले बजारमा ल्याएको छ। मोडर्न तथा आधुनिक पप मिश्रण गरिएको एल्बममा ११ वटा गीत सुन्न सकिन्छ। डेमोन्स सोर्ड र नेक्सस ब्यान्डका पूर्व बास गितारिस्ट सुरेश र राजेन्द्रको स्वर एल्बमको गीतमा छुट्याउन श्रोतालाई कठिन हुन्छ। उनीहरूले प्रभाकर असीम र जीवन प्रधानको एक–एकवटा गीत गाएका छन् भने बाँकी ९ वटा गीत सुरेशले रचेका हुन्।

- केही महिनाअघि मात्रै आफ्नो पहिलो एकल एल्बम 'चाहना' सार्वजनिक गरेर गायकका रूपमा चर्चामा आएका मोडल सपन श्रेष्ठका दुईवटा गीतको म्युजिक भीडियो चाँडै टेलिभिजनको पर्दामा देख्न पाइनेछ। तीन दिनको मेहनतपछि ती दुवै म्युजिक भिडियोको छायाङ्कन धरानमा सम्पन्न भएको छ। म्युजिक भिडियोको दृश्य धरानभित्रकै बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, सिन्द्रेलाज बेकरी तथा बगरकोटमा छायाङ्कन गरिएको थियो। ती म्युजिक भिडियो वैशाख महिनाभित्रै सार्वजनिक हुने बताइन्छ।

- लोकभाकाको गीत 'एकादशी बजारै' मा गाएर ख्याति कमाएका संखुवासभाका गायक खेमराज गुरुङका तीनवटा म्युजिक भिडियोको छायाङ्कन सम्पन्न भएको छ। गायक गुरुङको पछिल्लो एल्बममा समाविष्ट लोकभाकाका तीनवटा गीत धरानै बजार, शिरैमाथि र लेकैको लेलेको म्युजिक भिडियोको छायाङ्कन धरान, भेडेटार, तमोर नदी, हिले, धनकुटा र राजारानीमा गरिएको थियो। नम्रता एवं रेमन श्रेष्ठले धरानै बजार गीतमा मोडलिङ गरेका छन् भने नृत्य निर्देशक प्रशान्त तामाङसहित गरिमा डान्स सेन्टरका कलाकारहरूले 'शिरैमाथि' तथा 'लेकैको लेले' मा अभिनय गरेका छन्।

-विवाहको मौसम छ। यो मौसममा विवाह गर्नेहरूको फेहरिस्त लामो हुनसक्छ। यो लहरबाट संगीतक्षेत्र पनि अछुतो छैन। एकताका 'मेरो गुम्बाको कसम छाड्दिनँ' गीतबाट चर्चामा आएका ओम माने पेमे समूहका राजेश लामा पछिल्लो समयमा व्यस्त संगीत संयोजक भएका छन्। उनले हालै दामनकी सुमेना लामालाई भित्र्याएका छन्। गत साता सार्वजनिक गरिएको नवौं इमेज एवार्डको नामाङ्न सूचीमा उत्कृष्ट म्युजिक भिडियो सम्पादन विधामा एक मात्र महिला सम्पादकको प्रतिनिधित्व गर्दै नामाङ्कनमा परेकी सृष्टि गहतराजको पनि हिजो बिहीबार डा. सबित सुन्व्योरीसँग विवाह सम्बन्ध गाँसिएको छ। थुप्रै म्युजिक भिडियो सम्पादन गरिसकेकी गहतराज हाल कान्तिपुर टेलिभिजनमा कार्यरत छिन्।

-आधुनिक गायक रामकृष्ण ढकाल तथा पप गायक नवीन के. भट्टराई एक अन्तर्राष्ट्रिय संस्थाबाट सम्मानित भएका छन्। संयुक्त राष्ट्रसंघसँग आबद्ध एक संस्था युथ फेडरेसन फोर पिसको दक्षिण कोरियाली शाखाका डा. युन जिन मुनको संयोजकत्वमा हालै यी दुई गायक सम्मानित भएका हुन्। उनीहरूलाई उक्त संस्थाले 'युथ एम्बेसडर फोर पिस' शीर्षकको सम्मान दिएको हो। दस वर्षभन्दा बढी गायनक्षेत्रमा रहेर गीतसंगीतको माध्यमबाट मानवीय शान्तिको काम गरेकोमा उनीहरूलाई सम्मान गरिएको बताइन्छ। उक्त संस्थाले हालै प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई पनि शान्ति पुरस्कार बाट सम्मानित गरेको थियो।

-किंग्स थियटरका रंगकर्मी हेमन्त गौतम म्युजिक भिडियो निर्देशक भएका छन्। गायिका रिमा गुरुङ तथा गायक दिलेन्द्र राईले गाएको लोक–आधुनिक गीत 'विनायो बजाउँदै' लाई उनले भिडियोमा ढालेका छन्। नेपाल टेलिभिजनबाट प्रसारण भैरहेको कार्यक्रम 'जाँदाजाँदै'को निर्देशनसमेत गरिरहेका गौतमले निर्देशन गरेको उक्त म्युजिक भिडियो आगामी साता सार्वजनिक हुनेछ।

-गायक रामभक्त जोजिजु तथा उनकी गायिका पत्नी इतु जोजिजुको युगल गीतिसंग्रह 'छायाँ'को विमोचन सम्पन्न भएको छ। नेपाल पर्यटन बोर्डको सभाकक्षमा आयोजित विमोचन कार्यक्रममा गायक तथा गायिकाले एल्बममा समावेश 'त्यो कहिले घाम' गीत प्रत्यक्ष सुनाएका थिए भने उक्त गीतको म्युजिक भिडियो पनि त्यही अवसरमा सार्वजनिक गरिएको थियो।

-विभिन्न रक कन्सर्टमा युवा दर्शकको रोजाइ बन्ने रक समूह 'रविन एन्ड द न्यु रोभुलेसन'ले नयाँ वर्ष प्रवेशको अवसर पारेर नयाँ एल्बम सार्वजनिक गरेको छ। उक्त एल्बम हालै ललितपुरको जावलाखेल मैदानमा आयोजित एक कन्सर्टमा दर्शकका सामुन्ने सार्वजनिक गरिएको हो। एल्बमको शीर्षक छ– '१३ हजार'। समूहका गायक रविन तामाङका अनुसार विगतमा द्वन्द्वका कारण देशले १३ हजार नागरिक गुमायो। उनीहरूकै सम्झनामा आगामी दिनमा त्यस्तो नहोस् भन्ने कामना गर्दै उक्त एल्बमको शीर्षक '१३ हजार' राखिएको हो। एल्बमलाई गायक तामाङको निजी कम्पनी लोनेउलोस प्रोडक्सनले बजारमा ल्याएको हो। एल्बम सार्वजनिक भएलगत्तै उक्त समूह कालिङ्पोङ, दार्जीलिङ तथा सिक्किममा आयोजना हुने कार्यक्रमहरूमा व्यस्त भएको छ।

-आजभोलि टेलिभिजन च्यानलहरूमा बज्ने एउटा एल्बमको विज्ञापनमा रेल गाडी तथा ठूलो नदीको दृश्य देखाइन्छ। गायक प्रमोद खरेल हालै भारतको गुवाहाटी, आसाम र तेजपुरका स्थानीय कलाकारहरूसँग एक कार्यक्रममा सहभागी भै फर्किए। कार्यक्रमका क्रममा उनले उतै आफ्नो आगामी एल्बम 'सेन्टिमेन्ट्स'को विज्ञापन पनि छायाँङ्कन गरे। अब उनी केही समयपछि एल्बमको एउटा गीतको म्युजिक भिडियो पनि उतै बनाउने योजनामा छन्।

-गायक मिग्मा शेर्पा पछिल्लो समयमा निकै व्यस्त छन्। एउटै एल्बमका तीनवटा गीत चर्चित भएपछि उनी यसरी व्यस्त भएका हुन्। छ महिनाअघि अमेरिका र क्यानाडाका विभिन्न कार्यक्रममा सहभागी भएर फर्किएपछि मिग्मा हरेक साता दुईदेखि चारवटा कार्यक्रममा व्यस्त भए। नयाँ वर्षयता मात्र उनी नौवटा कार्यक्रममा सहभागी भैसकेका छन्। कार्यक्रमहरूको प्रस्तावका कारण वैशाखभरि र आगामी जेठमा पनि उनको व्यस्तता यस्तै रहनेछ। यसका साथै उनी एक महिनापछि बेलायत तथा दुबईका कार्यक्रमहरूमा भाग लिन त्यसतर्फ जाँदैछन्। एक वर्षअघि चर्चामा आएका गायक शेर्पा आफ्ना समकालीन गायकहरूमध्ये सर्वाधिक व्यस्त मानिएका छन्।

-गायक जबिकले 'ट्यालेन्ट फोर'मा समावेश एउटै गीतका कारण निकै चर्चा पाए। यद्यपि उनको एकल एल्बम अझै पनि बजारमा आएको छैन। जबिकको नयाँ एल्बम कस्तो होला वा उक्त एल्बमका अन्य गीत 'आँखाभरि आँसु किन' जत्तिकै चर्चित होलान् कि नहोलान्, रहस्यमै छ। यसबीच गायक जबिकले आफ्नो पहिलो एल्बम आगामी महिनाको पहिलो साता बजारमा आउन सक्ने बताएका छन्। गायन यात्राको पहिलो एल्बम भएकाले उक्त एल्बमको शीर्षक 'जीरो किलोमिटर' राखिएको छ। केही साता भित्र म्युजिक भिडियो तयार गरिसकेपछि उक्त एल्बम बजारमा आउनेछ।

-गायक उदितनारायण झाको एकल स्वर तथा आलोकश्रीको एकल संगीत रहेको गीतिसंग्रह 'उपहार'ले सफलता प्राप्त गरेको झन्डै दुई वर्षपछि संगीतकार आलोकश्री त्यसको दोस्रो श्रृंखला बजारमा ल्याउने भएका छन्। आलोकको एकल संगीतमा गीतकार एसपी कोइरालाको एकल शब्द रहने एल्बमको शीर्षक 'उपहार भाग दुई' राखिएको छ। उक्त एल्बममा यसपटक उदितनारायण झाका अतिरिक्त रामकृष्ण ढकाल, नेपाली तारा दीपक लिम्बू, भारतीय गायक शान र मनोज मिश्रा, गायिका साधना सरगम र सञ्जीवनीका साथै पुराना गायक सिपी लोहनीले पनि स्वर दिएका छन्। आगामी जेठ महिनामा सार्वजनिक हुने उक्त संग्रहका दुई गीतको म्युजिक भिडियो क्रमशः भूषण दाहाल र आलोक नेम्वाङले निर्माण गर्न लागेका छन्।




हाल अमेरिकामा अवैध आप्रवाससम्बन्धी झमेलामा फसिरहेका गायक राजु लामा जेट विमानमा एयर होस्टेजसँग। *तस्बिर : फुर्सद डटकम*

## लाइभ शो

नक्सालस्थित बंजला मस्कोभा रेस्टुराँ काठमाडौं उपत्यकामा विभिन्न चाडपर्व तथा जात्राहरूमा स्थानीय रूपमा प्रस्तुत गरिने परम्परागत नृत्य हेर्ने राम्रो गन्तव्य बन्न सक्छ। हरेक साँझ सात बजेपछि उक्त रेस्टुराँमा लाखेनाच, लठ्ठीनाच, हात्तीनाच, मजूरनाचजस्ता नाचहरु प्रस्तुत गरिन्छ।

## जनताका गायकलाई मकवानपुरेको सम्मान



मकवानपुर– 'स्थिति यस्तो थियो कि गीत गाउन स्टेजमा उभिनका लागि समेत अर्कैको लुगा माग्नुपर्थ्यो। भनेको बेला चप्पलसमेत किन्न सक्ने स्थिति थिएन। काठमाडौंका साहू–महाजनहरूले हाम्रो गीत पनि सुन्दैनथे। गाउँबाट गएर काठमाडौंमा प्रतिभा प्रदर्शन गर्न खोज्ने हामी जस्तालाई काठमाडौंले एक प्रकारले लखेटेकै स्थिति थियो।' जनताका गायक रामेश्वर श्रेष्ठ (रामेश) ले विगत झलझली सम्झिए।

हेटौंडामा साहित्य संगम मकवानपुर तथा आदर्शटोल विकास संस्थाले संयुक्त रूपमा प्रदान गर्ने पारिजात स्मृति सम्मान थाप्न हेटौंडा आइपुगेका रामेशले विगत कोट्याउँदै सबैलाई भावुक मात्र पारेनन्, जनताको हितविपरीत चल्ने शक्तिहरूलाई निस्तेज पार्ने (गीतमार्फत) ऊर्जासमेत दिए। 'अहंकारले मानिसलाई कहाँ पुर्‍याउँदो रहेछ भन्ने मैले अनुभव गरेको छु,' रामेशले भने– 'अहंकारका कारण हाम्रै राल्फा समूहका साथीहरू छिन्नभिन्न हुनपुगे। राल्फाकै साथी रायन र मेरो १७ वर्षसम्म बोलचाल भएन।'

रामेशले भनेजस्तै अहंकार बढेपछि राल्फाका सदस्यहरूले अलग–अलग कम्युनिस्टका पक्ष समाते अनि छिन्नभिन्न भयो राल्फा। रामेश कम्युनिस्टहरूलाई सराप्छन्– 'राल्फा फुटाउने कम्युनिस्टहरू हो, तिमीहरू पनि अहिले अहंकारले १३ टुक्रा बनेका छौ।'

गीत गाउनका लागि काठमाडौं जाँदा त्यहाँ रामेशको समूहलाई एक जनाले मात्र सहयोग गरे। उनको नाम थियो– विष्णुकुमारी वाइबा अर्थात पारिजात। पारिजात स्मृति सम्मान पाएका रामेश भन्छन्, 'पारिजातले मलाई छोरा भन्नुहुन्थ्यो। भोकै रहँदा कैयौं पटक उहाँले भात ख्वाउनुभएको छ। दार्जीलिङमा गीत गाउँदा पाखे भनेर अरूले हेप्लान् भनेर पारिजातले हामीलाई एक–एकवटा कोट किनिदिनुभएको थियो।'

**–शिवकुमार काशी**

## नजिकबाट: रेखा शाह



| | | |
|---|---|---|
| जन्ममिति | : | माघ २४ |
| घरमा बोलाउने नाम | : | रेखा नै हो |
| नामको अर्थ | : | लाइन अथवा धर्को |
| तपाईंको परिचय | : | गायिका |
| जन्मस्थान | : | धूवाँकोट गाविस, रातमाटे टोल, धादिङ |
| कर्मथलो | : | काठमाडौं |
| तपाईंको गोप्य कुरा | : | झूटो बोल्न जान्दिनँ |
| रुचि | : | समाजसेवा |
| विवाह | : | भैसक्यो, इन्द्र गुरुङसँग |
| पहिलो एल्बम | : | सिमसिमे पानीमा |
| सांगीतिक गुरु | : | गणेश परियार, राम थापा |
| पहिलो डेटिङ | : | श्रीमान्सँग चितवनमा |
| पहिलो प्रेमपत्र | : | ९ कक्षामा पढ्दा आएको एउटा बेनामे पत्र |
| पहिलो बजाएको बाजा | : | हार्मोनियम |
| मनपर्ने पहिरन | : | साडी, क्याजुयल वेयर |
| पहिलो उपहार | : | एक जना प्रशंसकले दिएको गहना |
| मनपर्ने मौसम | : | वसन्त ऋृतु |
| मनपर्ने खेल | : | बलिङ |
| फुर्सदमा | : | पत्रिका पढ्ने, टेलिभिजन हेर्ने |
| रिस उठेको बेला | : | कसैसँग नबोल्ने |
| मनपर्ने आफ्नै बानी | : | सकारात्मक सोचाइ राखिन्छ |
| खराब बानी | : | बिहान ढिलोसम्म सुत्ने |
| सबैभन्दा बढी माया | : | छोराको |
| रमाइलो क्षण | : | छोरा जन्मँदा |
| नरमाइलो क्षण | : | राजपरिवार तथा अपहरित बालक विवेक लुइँटेलको हत्याको खबर सुन्दा |
| जीवन के हो | : | जीवनको परिभाषा एक शब्दमा पूरा हुँदैन |
| जीवनको लक्ष्य | : | सफल गायिका भैरहने |
| ठूलो धोको | : | आफ्नै मुटुले दिएको छ, बेला न कुबेलामा जोडसँग धड्किन्छ। |




सुमी, हाम्रो प्रेमसम्बन्ध नयाँ वर्षमा अझ प्रगाढ होस् । हामीमा कसैका आँखा नलागुन् । मेरो तर्फबाट हृदयदेखि नै मुरिमरी शुभकामना ।

**रोहन**

नववर्ष प्रवेशको अवसरमा साथीहरू उषा, पूर्ण, सिर्जना, पारस, सुरेश, प्रेम, शर्मिला, मिलन, संगीता, सुनिता, रीता, दुर्गा, भवीन्द्र, लीला, कृष्ण, चित्रबहादुर, राजेन्द्र, तथा सुमन भनेर चिन्ने सम्पूर्ण मेरा मित्रहरू तथा गोकर्णका साथै दिदी भिनाजु, प्यारी बहिनी सुमित्रा लगायत मेरो जीवनमा प्रेरणा र हौसला प्रदान गर्ने मेरा हरेक कुरामा साथ दिने प्रियसीमा उन्नति-प्रगति तथा दीर्घायुको धेरै-धेरै शुभकामना ।

**सुमन गिरी**

नववर्ष प्रवेशको अवसरमा आदरणीय आमाबुवा, दिदीभिनाजु, दाइभाउजू तथा मेरा प्यारा भाइबहिनीहरू राम, सुनिता, सविना, सजीव, रुबी, रवि, अनु, अस्मी, पुनम, रूपेश, आयुष, आस्माका साथै सबै साथीभाइलाई शान्ति सुख एवं समृद्धिको हार्दिक शुभकामना ।

**हरिदेवी**

नववर्ष प्रवेशको अवसरमा सम्पूर्ण साथीभाइ, इष्टमित्र, विशेषगरी सिर्जना, दीपा, सुनीता, नीता, मञ्जु, रोशी तथा भाइ रमेशलाई सुस्वास्थ्य, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना ।

**सविका मानन्धर**

नववर्ष प्रवेशको अवसरमा सुस्वास्थ्य तथा दीर्घायुको कामना गर्दै तिम्रा कदमहरू सफलताको शिखरमा पुग्न सकुन् मेरो शुभकामना ।

**ज्ञानु**

नववर्ष प्रवेशको अवसरमा आनन्द प्रज्ञा ओशोधारा गंगोत्री घाम, बालुवाटार परिवारमा सभक्ति शुभकामना ।

**ईश्वर सुनाम**

साथीहरू नवराज, वर्षा, निशा, सुनिता, सावित्रा, शिवराज, साइमन, कविता, सुष्मा, जानुका, सरिता, शान्ता, अस्मिन, शोभा, गीता, रमा, मञ्जु, मीरा, निर्मला, कञ्चन, खिलराज, अर्जुन, नवीन, श्याम, मुकेश, दिनेश, विपिन, मधु, रामराजा, सपना, मनोज, राजन, उमेश, रमेश, नवीन, अनिमेश, विजय नायक, राजु, लोमस, कुमार, नीरज, पी.आर. तथा सागरमा नववर्षको मंगलमय शुभकामना ।

**कामना भट्टराई**

मेरा प्यारा साथीहरूमा मीठो सम्झना तथा धेरै-धेरै प्रेम । तपाईंहरूबाट जति टाढा भए पनि तपाईंहरूको सम्झना यो मनभरि रहिरहनेछ । म जहाँ भए पनि तपाईंहरूसँग बिताएको विगतलाई बिर्सन सक्दिन । तपाईंहरूले पनि म सधैं साथै छु भन्ने महसुस गर्नुहोला ।

**देवेन्द्र थापा**

साथीहरू यमुना, शर्मिला, विमला, सविना, रीना, शैलजा, सञ्जु, अञ्जना, निरुता, विन्दु तथा मीनाका लागि नववर्ष मंगलमय होस् ।

**भाञ्जा**

हरेक बिहानीको सुनौलो किरणझैं नयाँपनको आभाससहित आएको नयाँ वर्षलाई स्वागत गर्दै सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा मंगलमय शुभकामना ।

**खगेन्द्र**

श्री भानु माध्यमिक विद्यालय शिवगन्ज-४ लालझोडाबाट २०६३ सालमा एसएलसी दिएका सम्पूर्ण मित्रहरू तथा अन्य प्यारा मित्रलगायत गुरुवर्ग तथा आफन्तजनमा सुस्वास्थ, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना ।

**सरोज कार्की**

तिमी काठमाडौं आइसक्यौ होला, तिम्रो काम सफल भयो कि भएन ? पत्र लेख्नु ल । नत्र सम्झना सम्झनामै



सीमित हुँदो रहेछ । अन्तमा तिमीलाई लाखौंलाख सम्झना, अमीट माया अनि नववर्षले तिम्रा हरेक पाइलामा सफलता प्रदान गरोस्, हार्दिक शुभकामना ।

**एन.पी.**

सबु, नयाँ जीवनको शुभकामना । हामीबीचमा प्लस पनि भएनछ, न इन्टु न माइनस, न त डिभाइडेड नै । सायद इजिकल्टु भयो होला होइन ? मित्रताको नातामा हुनुपर्ने त्यही हो तर पनि लाग्यो भावना अज्ञानमा प्राप्त हुँदो रहेछ, ज्ञान भावनाको समाप्तिपछि । ह्यापी न्यु इयर बोथ अफ यु ।

**अवशेष**

राम-लक्ष्मण, नववर्षको मंगलमय शुभकामना । नववर्षमा तपाईंहरूको गायन क्षेत्रमा प्रगति होस् ।

**जेसिला/स्नेहा**

समस्त आफन्तजन लगायत ऋतु, तारा, ज्ञानु, अप्सरा, जमुना, शान्ता, पार्वती, अश्मिता, सुमित्रा, राधिका, भूमिका, भीमसेन, राजाराम, शान्ति, गंगा, सरस्वती, कल्पना, कृष्ण, भीम, राजु, मिलन आदि साथीहरूमा उन्नति, प्रगति एवं सफलताको हार्दिक शुभकामना ।

**कृष्णराज ढकाल**

साथीहरू यमुना, शर्मिला, विमला, सविना, रीना, शैलजा, सञ्जु, अञ्जना, निरुता, विन्दु एवं मीनालाई नववर्षको हार्दिक शुभकामना ।

**भान्जा**

## साप्ताहिक साथीका लागि फर्म

नाम : ......................................................

उमेर : .............................. उचाइ : ..............................

पेसा : .............................. शिक्षा : ..............................

स्वभाव : .............................. वैवाहिक स्थिति : ..............................

अभिरुचि : ......................................................

वर्ण : ..............................

इमेल : ......................................................

ठेगाना : ......................................................

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

......................................................

......................................................

**नोट** : तस्विर र नगद रु. ५०/- अनिवार्य छ । आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ ।

## कुपन सन्देश

पाउने :

सन्देश :

पठाउने :

प्रति सन्देश रु. २०/- अनिवार्य

उहि पुरानो (स्टार कल्चर) मा
उदघोषण / अभिनय
S.L.C. दिएका विद्यार्थीलाई रु. ८०० छुट, Radio F.M. मा 100% ग्यारेन्टिका साथ बोल्न सक्ने बनाउने, दक्ष प्रशिक्षकको संग्लग्नतामा ६ हप्ते उद्घोषण,
साथै थुप्रै नायक/नायिका उत्पादन गर्न सफल प्रशिक्षक **उमेश मायालु** द्वारा **अभिनय**को प्रशिक्षण दिईदै छ ।
सम्पर्क:
स्टार कल्चर, ...बजार
भक्तपुर मिनीबस पार्कअगाडि
फोन: 2002160
9841279698

प्राइभेट
TEST/SLC मा
विगतका वर्षमा 100% नै विद्यार्थी पास गराउन सफल सम्भवत उपत्यकाकै एक मात्र सर्वोत्कृष्ट यस एकेडेमीमा
नयाँ भर्ना खुल्यो
➡ विहान, दिउसो/अंग्रेजी, नेपाली दुवै माध्यममा पढाइने ।
➡ कक्षा दशको मात्र पाठ्य पुस्तक अध्ययन गरे पुग्ने ।
➡ बारम्बार फेल भई निरास भएका र पढाई छाडेकाहरूका लागि अनुभवी शिक्षकद्वारा मनोवैज्ञानिक ढंगबाट पढाइने ।
सम्पर्क : कोलम्बिया एकेडेमी
नयाँ बानेश्वर चोकबाट, शंखमुलतर्फ २ सय मिटर अगाडि
(कोलम्बस कलेजको ठीक अगाडि) फोन : ४७८९०६१

# पुरुषको व्यक्तित्व के मा हुन्छ?

अरूको त थाहा छैन तर नायक निखिल उप्रेतीको त उफ्रने तथा उड्ने कलामा छ।

**प्रियंका खड्का**

खल्तीको पैसामा।

**सुरेन्द्र खड्का** (२२), **सुन्दरीजल**

सत्संकल्प तथा जिजीविषामा।

**अञ्जु गिरी**

महान् तथा असल बन्नुमा।

**जय श्रेष्ठ**

समान व्यवहार तथा प्रेमको बीज छर्नमा।

**गोपाल पौडेल**

एउटै स्त्रीमा मात्र चित्त बुझाउन सक्नुमा हुन्छ।

**अरुण गुरुङ**

नारीको अस्मितामा हुन्छ भने पुरुषको पौरखमा।

**लक्ष्मीप्रसाद ग्वाछा**

आपसी सहमति तथा समझदारीमा हुन्छ।

**रवीन्द्र श्रेष्ठ, चाँगु**

अरूलाई वशमा पार्न सक्ने खुवीमा भर पर्छ।

**लक्ष्मी घलान**

केही पाउन केही गुमाउन सक्नुमा हुन्छ।

**सुवेश भँडेल**

समयको सदुपयोग गर्ने क्षमतामा भर पर्छ।

**शान्ता थापा**

आफैलाई चिन्न तथा बुझ्न सक्ने योग्यतामा हुन्छ।

**मीरा श्रेष्ठ**

अरूलाई विश्वास दिलाउन सक्नुमा हुन्छ।

**कल्याण थापा, नयाँबानेश्वर**

पुरुषको व्यक्तित्व व्यवहारमा परिपक्वता एवं चित्त बुझाउन सक्नुमा।

**अञ्जु थापामगर**

सही चीजको सही उपयोग गर्नुमा।

**उषा थापा**

कुलत र कुसंगतमा नफस्नुमा हुन्छ।

**कल्याण थापा, बानेश्वर**

आफैले घर बनाएपछि थाहा हुन्छ।

**शारदा भुजेल**

घर बाहिरको काममा सफलता हात पार्नु तथा कमाएर घर चलाउनुमा।

**रेलकुमार तामाङ**

भूत, भविष्य एवं वर्तमानलाई चिन्न सक्नुमा भर पर्छ।

**रमा भँडेल**

एक नारीमा मात्रै चित्त बुझाउनुमा हुन्छ।

**नानु प्रजापति, भक्तपुर**

बुद्धको झैं त्याग गर्न सक्नुमा।

**इन्दिरा भुजेल**

नारीको अस्मिता बुझ्न सक्नुमा।

**सन्तोष खत्री, (२०), चाँगु**

स्वच्छ मनले त्याग गर्न सक्नुमा।

**सुशीला खत्री** (१९)

पुरुषको व्यक्तित्व जुँगा तथा छातीको रौंमा हुन्छ।

**सुरेन्द्र खडका**

पुरुषको व्यक्तित्व परिपक्व मन र विचारमा हुन्छ।

**सुन्तली खड्का**

पुरुषत्वमा हुन्छ।

**सीता मोक्तान**

श्रीमतीले छाडेका पुरुषहरूसँग सोधे थाहा होला नि।

**kb2004kamal@gmail.com**

हुन त स्वास्थ्य, शिक्षा, असल गुण हुनुपर्ने हो तर के गर्नु ? तरुनी पैसा, मोटरसाइकल, मोबाइलमै पुरुषको व्यक्तित्व देख्छन्।

**दीपक पोखरेल** (२१), **सानोठिमी**

सम्पादक ज्यू, यो प्रश्नको उत्तर महिलाले मात्र दिनु राम्रो हुन्छ।

**समर्पण भट्टराई**

केमा हुनु भन्नु, दाह्रीमा त हुन्छ होला नि ?

**ऋषिराम पाण्डेय** (२३), **स्याङ्जा**

पुरुषको व्यक्तित्व भनेको उसको व्यवहार तथा बोली हो। उसले अरूसँग राम्रो व्यवहार गरे गर्न खोजेको काममा सबैले सहयोग गर्छन्।

**डिल्लीराम श्रेष्ठ** (२३), **सुनसरी**

## अब हाम्रो पालो

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ। प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला। प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ। एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ।

१. रक्सी र युवतीमध्ये के को लत (नसा) खतरनाक ? किन ?
२. तपाईंलाई केले सुखी र सन्तुष्ट बनाउँछ ?
३. के रक्सी वा नशाले दुःख भुल्न सकिन्छ ?
४. नेपालमा खेलकुदको विकासका लागि के गर्नुपर्छ ?
५. महिलाहरूलाई ३३ प्रतिशत आरक्षण कति उचित हो, किन ?
६. तपाईं प्रधानमन्त्री भए के गर्नुहुन्छ ?
७. केटा र केटीका लागि विवाह गर्ने उचित उमेर कुन हो ? किन ?
८. बुद्धि ठूलो कि बल ? किन ?
९. देशभक्ति के हो ?
१०. देशबाट हिंसा अन्त्य गर्न के गर्नुपर्छ ?






**प्रश्न : म २१ वर्षीय अविवाहित युवक हुँ। मैले हालसम्म चार जनासँग यौनसम्पर्क राखिसकेको छु, जसमध्ये दुई जनासँग तीन वर्षपहिले बिनाकन्डम सम्पर्क गरेको थिएँ। छ वर्षपहिले एकपटक गुदद्वारमा सम्पर्क भयो, त्यसपछि २०६१ सालमा फेरि बिनाकन्डम गुदद्वारमा सम्पर्क गरें। हाल आएर पिसाब फेर्दा मेरो लिंग पोल्छ। २०६० सालदेखि लिंगको घेरामा मासका स-साना मासका दानाजस्तो खटिरा आएको छ। मैले** VDRL Test **गरें, जसमा** Non Reactive **भन्ने रिजल्ट आयो। मेरो उचाइ ५ फिट ६ इन्च छ भने तौल ५५ किलो ग्राम छ। मलाई साँच्चै यौनरोग लागेको छैन भने लिंगका घेरामा त्यो के आएको होला ? मानसिक तनावका कारण म दुब्लाउँदै गएको छु। कुन उपाय अपनाए ती स-साना खटिरा हटाउन सकिन्छ ? तौल बढाउन र पिसाब पोल्ने ठीक पार्ने उपाय बताइदिनुभए आभारी हुने थिएँ।**

**-जी.**

**उत्तर :** Sexual Orientation **के होला ?**

तपाईंले यौनसम्पर्कको कुरा गर्नुभएको छ, तर पुरुष वा महिला कोसँग यौनसम्पर्क भएको हो खुलाउनुभएको छैन। महिलासँग नै गुदद्वारमा सम्पर्क भएको हो-होइन, अनुमान गर्न सकिने कुरा भएन। हामीलाई थाहै छ, समान लिङ्ग भएका व्यक्तिप्रति यौनका दृष्टिकोणले एक-अर्काप्रति आकर्षित हुने व्यक्तिलाई हामी समलिङ्गी (Homosexual) र यस्तो 'पन' लाई समलैङ्गिकता (Homosexuality) भन्छौं। यौनका दृष्टिकोणले पुरुष तथा महिला दुवैप्रति आकर्षित हुने व्यक्तिलाई हामी द्विलिङ्गी (Bisexual) भन्छौं।

आफ्नो यौन परिचय के होला भनेर पक्का हुनुभन्दा पहिले अलमल हुन्छ। केही व्यक्तिमा समान लिङ्ग भएकै व्यक्तिसँग यौन क्रियाकलापमा संलग्न भएपछि केही अलमलको स्थिति पार गरेर उनीहरूले समान लिङ्ग भएका व्यक्तिको खोजी गर्न थाल्छन्। अर्का थरीले कुनै पनि यौनसम्पर्क हुनुभन्दा पहिले नै आफ्नो यौन परिचय के हो भनेर थाहा पाइसकेका हुन्छन्। विशेष गरेर पुरुषहरूले किशोरावस्थामा नै आफ्नो यौन परिचय के हो भन्ने निक्यौंल गरिसकेका हुन्छन्। किशोरावस्था पार गरिसक्नुभएकाले तपाईंले पक्कै पनि यौन परिचय के हो भनेर निक्यौंल गरिसक्नुभएको हुनुपर्ने हो।

**के होलान् मासका दाना ?**

परीक्षण नै नगरी यसै भन्न सकिने कुरा भएन। VDRL परीक्षण चिकित्सकको सल्लाहमा गराउनुभएको हो वा होइन, थाहा भएन। चिकित्सकले लिङ्गको परीक्षण गर्नुभएको भए यो सामान्य थियो वा असामान्य, पक्कै नै भन्नुभएको हुनुपर्छ। लिङ्गको पछाडिको फुकेको भाग corona को पछाडितिर स-साना sebacious glands (छालामा भएका तैलीय पदार्थ निकाल्ने स-साना ग्रन्थिहरू) हुन्छन् जसलाई Tyson's glands भनिन्छ। यसैलाई नै असमान्य मानेर उपचार गराउन खोज्नेहरू पनि भेटिन्छन्, जुन आवश्यक छैन। यसले सेतो, पनिरजस्तो देखिने, एक प्रकारको गन्ध आउने पदार्थ (smegma) बन्नमा भूमिका खेल्छ।

**VDRL परीक्षण**

VDRL को पूर्ण रूप Veneral Diseases Research laboratory हो। यो परीक्षण syphilis जसलाई नेपालीमा भिरिङ्गी भनेर पनि चिनिन्छ, लागेको छ-छैन भनेर छुट्ट्याउन गरिन्छ। यो रोग लाग्दा यसको कारक treponema को संक्रमणले शरीरमा बन्ने प्रतिजैविकी (antibodies) को मात्रा हेरी सो रोग छ-छैन छुट्ट्याइन्छ। VDRL परीक्षणले संक्रमणको सक्रियतालाई देखाउँछ। उपचारपछि बिस्तारै यी सामान्य अवस्थामा आउँछन्। तपाईंको परीक्षणमा non reactive आउनुले सो संक्रमण नभएको जनाउँछ।

**के यौनरोग होला ?**

परीक्षण वा त्यसको अभावमा तपाईंलाई यौनरोग भएको छ-छैन, यसै भन्न सकिने स्थिति भएन। कन्डमबिना यौनसम्पर्क गर्दा यदि तपाईंको यौनसाथीमा यौनरोग भए तपाईंमा सर्न सक्ने भयो। मूत्रद्वारबाट पीप आउने वा लिङ्गमा घाउ-खटिरा वा पानीफोका आउनु प्रमुख लक्षण हुन्। पिसाब फेर्दा दुख्ने वा पोल्ने पनि हुनसक्छ। लक्षणहरू तुरुन्तै देखा पर्न पनि सक्छन् भने कहिलेकाहीं त हप्तौं वा महिनौं पनि लाग्न सक्छ, तर बुझ्नुपर्ने कुरा के छ भने कतिपय परिस्थितिमा यसका लक्षण नै नदेखिन सक्छ। कतिपय यौनरोगको उपचार छ र यी निकै सजिलो पनि छन्। शंका लागे चिकित्सकसँग सल्लाह लिन जानुपर्छ, तर केही भाइरसले गराउने यौनरोगहरू जस्तै- एच.आई.भी./एड्स, हर्पिस, यौनअंगका मुसा आदि भने निको हुँदैनन्। मूत्रप्रणालीको अन्य खराबीले पनि पिसाब पोल्नसक्छ। चिकित्सकले परीक्षण गर्दा त्यसका सम्बन्धमा पनि ध्यान पुऱ्याउनु हुने नै छ। तपाईंका लागि पानी प्रशस्त पिउनु फाइदाजनक हुनसक्छ।

**समाधान के ?**

चिकित्सकबाट राम्ररी परीक्षण गराउनुहोस् अनि त्यसैअनुसारको उपचार (पूर्ण रूपमा) गर्नुहोस्। उचाइअनुसार तौलको हिसाब गर्दा तपाईं सामान्य नै हुनुहुन्छ। तपाईंलाई दुब्लोभित्र वर्गीकरण गर्नुपर्ने आवश्यकता छैन। तपाईंको body mass index यस्तै २० दशमलव १८ छ जुन सामान्य नै हो। यो यदि १८ दशमलव ५ भन्दा कम भए तपाईं दुब्लोमा गनिनुहुन्छ भने २५ वा सोभन्दा बढी भए बढी तौल भएको र ३० वा सोभन्दा बढी भए मोटो। आफ्नो तौल केही बढी होस् भन्ने चाहनुहुन्छ भने व्यायाम र पोषणमा ध्यान दिनुपर्ने हुन्छ। त्यसका लागि बढी क्यालोरीयुक्त खाना पनि चाहिन सक्छ।

अनावश्यक रूपमा चिन्ता लिनाले कुनै फाइदा गर्दैन। त्यसैले तनाव कम गर्नतिर नै जोड दिनुहोला। यो तपाईंको इच्छाशक्तिमा भरपर्ने कुरा हो।


CAREER FOCUSED तालिम
फोटोग्राफी भिडियोग्राफी
DIGITAL VIDEO EDITING
PHOTO पत्रकारिता VIDEO पत्रकारिता
Lab + Practical + Theory
Advance को लागि Scholarship पनि
नेपालको नं. 1 Study Center (CTEVT द्वारा सम्बन्धनप्राप्त)
KANTIPUR PHOTOGRAPHY VIDEOGRAPHY INSTITUTE
पुतलीसडक चोक, काठमाडौं, फोन : ४४४३३१९

उद्घोषण
Rs. 1000/- Discount
RJ/VJ/News Reader/MC
Media Technician
Ad Production
Personality Dev.
Media Marketing
Practical on Digital Studio
Be Perfect RJ/VJ Now
प्रशिक्षकहरू
हेम सुवेदी
कला सुब्बा
कुशुम बजाचार्य
नरेश भट्टराई
महिमा भट्टराई
दिपक समिर
Job Guarantee
Bagbazar(Opp. Petrol Pump)
Tel.: 4233042
The Media's Collection

S.L.C दिएको हो..? आउनुस्।
Cook Rs. 2,499 / मा
( कन्टिनेन्टल, इटालियन, इन्डियन, चाइनीज ग्रुपमा )
Waiter Rs. 1,599 /
(RMTTC)
४४६४७२०, ९८५१०९३६२९
(BICC पानी ट्याकीको ठीक अगाडि)
(SMTTC)
२०८०७८२ (शिव दर्शन हल अगाडि)
नयाँ बानेश्वर

सुखी विवाहित जीवनको लागि
सेवाको १३ वर्ष
विवाहको पहिलो वा विवाहपछि भएका यौन रोग, शीघ्रपतन, स्वप्नदोष, पिसावसित धातु खस्ने, नपुंसकता, सन्तान नहुने र कमजोरी आदिको सफल उपचारको लागि आज नै भेट्नुहोस्।
भेट्ने ठेगाना: फोन नं. : ४-४६०७८५
पापुलर आयुर्वेद औषधालय
ज्ञानेश्वर, रातोपुल पारीपट्टि, काठमाडौं

**वि.सं. १९९५ मा टंगाल, काठमाडौंमा जन्मिएका प्रेमानन्द वैद्यले नेपाल वायु सेवा निगममा ३० वर्ष लामो सेवा गर्दै निर्देशकसम्मको कार्यभार सँभालेका छन् । स्नातकसम्मको अध्ययनपछि बेलायत, अमेरिका, क्यानाडा आदि मुलुकमा गरेको प्रशिक्षणले कार्यक्षेत्रमा निकै खारिएको बताउने वैद्य, हाल ६ वटा सामाजिक संघ संस्थाका अध्यक्षका रूपमा समाजसेवामा तल्लीन छन् । सौन्दर्यविज्ञ वीना वैद्यसँग वैवाहिक सम्बन्ध गाँसेका वैद्य पारिवारिक जीवनबाट पूर्ण सन्तुष्ट छन् ।**



**समय कसरी बित्दै छ ?**
देवपाटनका वैद्य खानदानमा समयको चक्रसँगै धर्मतिर आस्था घटेकाले गुठीहरू लोप हुँदै गएको देखें । त्यसैले पशुपति, गुह्येश्वरी आदि काठमाडौंका प्रमुख शक्तिपीठको पूजाआजा निरन्तर गरी व्यवस्थित गर्नेतिर लाग्दैछु । सबैलाई एउटै छाता संगठनमा व्यवस्थित गर्ने तयारीमा छु ।

**वैवाहिक जीवन कसरी चल्दैछ ?**
सुखद छ, स्वदेशमा मात्र नभई ब्रिटिस एसोसियसन अफ ब्युटिथेरापी तथा कस्मेटोजिस्ट जस्तो गरिमामय प्रतिष्ठानबाट सम्मानित ब्युटिसियन जीवनसँगिनीसँग रमाइलोका साथ अघि बढिरहेको छ ।

**विविध क्षेत्रमा तपाईंको सक्रियताको खास कारण ?**
मानिसले आफूलाई समयअनुरूप ढाल्नुपर्छ । विदेशी मुलुकहरूमा प्रशिक्षण लिने क्रममा देशका लागि सक्रिय हुनुपर्ने महसुस गरेको थिएँ । युवा अवस्थामा प्राप्त अवसरको सदुपयोग गर्दै विदेश बस्न मेरो स्वाभिमानले दिएन । त्यस्तो हुँदो हो त आज हाम्रो आफ्नो क्षेत्रमा छुट्टै परिचय हुँदैनथ्यो ।

**श्रीमतीलाई सौन्दर्य क्षेत्रमा कसरी प्रवेश गराउनुभयो ?**
सन् १९७० मा म दिल्लीको क्षेत्रीय व्यवस्थापक हुँदा म निकै व्यस्त तर उनी आत्मनिर्भर नभएकाले उनमा आत्मग्लानी भएको पाएँ । त्यसपछि उनले आफ्नो रुचिअनुसार दिल्लीबाट दुई वर्ष डिप्लोमा कोर्स गरिन्, पछि अमेरिकामा ट्रेनिङसँगै दुई वर्ष गरेको कामले यस क्षेत्रमा अघि बढ्न आत्मविश्वास प्रदान गर्‍यो ।

**अहिले उहाँ एकदमै व्यस्त हुनुहुन्छ, कुनै गुनासो छैन ?**
खासै दिक्क मान्दिन । बरु व्यस्ततालाई जीवनशैली बनाइसकेपछि त्यसको अभावमा दुःख लाग्छ ।

**त्यतिबेला यो कामको सम्बन्धमा कस्तो प्रतिक्रिया पाउनुभएको थियो ?**
कतिले नयाँ काम रहेछ भनेर खुसी व्यक्त गरे त कतिले हजामको काम के सिकेकोसम्म भने ।

**यहाँसम्म आइपुग्न कत्तिको संघर्ष गर्नुपर्‍यो ?**
-प्रशिक्षणका क्रममा सर्वोत्कृष्ट ठहरिन दुई पटकसम्म योग्यताको परीक्षण देखि व्यावसायिक रूपमा अघि बढ्न घरपरिवारमा सहमति थियो । सुरु-सुरुमा व्यवस्थापन नजानेर सास्ती खप्दै उनले महिलाहरूलाई सौन्दर्यको महत्त्व तथा प्रभावका सम्बन्धमा जानकारी दिँदै काम गरिन् ।

**यसलाई सहर केन्द्रित पेसा भनिन्छ नि ?**
विल्कुल, आफै सोच्नुहोस् त आजभन्दा पैंतीस वर्ष पहिले नेपालीहरूमा विलासिताका लागि खर्च गर्ने क्षमता कति थियो होला ? वीनाले यो पेसामा संकल्प गरी दस वर्ष जनचेतना जगाउनतिर लागेकाले नै आज सौन्दर्य व्यवसाय यो स्थितिसम्म आइपुगेको हो ।

**अहिले यो पेसाप्रति मानिसहरूको उत्साह कत्तिको पाउनुभएको छ ?**
आजभोलि गल्लीपिच्छे हजारौंको संख्यामा रहेका ब्युटिपार्लरले मानिसको उत्साहलाई प्रमाणित गरिरहेका छन् ।

**यो क्षेत्रको भविष्य कस्तो देख्नुहुन्छ ?**
सौन्दर्यप्रति आएको चेतनासँगै असल-खराब छुट्ट्याउने क्षमता सबैमा विकसित हुनुपर्छ । यो अति नै गाह्रो पेसा भएकाले विज्ञानमा स्नातक गरेका मानिसहरूले चासो राखे यो अझ मर्यादित पेसाका रूपमा अघि बढ्न सक्छ ।

**कस्तो संयोग मिल्यो तपाईंहरूको जोडी बन्न ?**
हाम्रो मागी विवाह बुबाबाजेले जुराइदिएका हुन् । बुबाहरूबीचको राम्रो मित्रताले अझ विस्तारित तथा बलियो हुँदै सम्धिको रूप लियो ।

**विवाह हुँदा तपाईंहरू के गर्नुहुन्थ्यो ?**
म १६ वर्ष र उनी १५ वर्षकी थिइन् ।

**छोराछोरी हुर्काउन कत्तिको गाह्रो भयो ?**
त्यति गाह्रो भएन । उनीहरूलाई सानैदेखि आफ्नो काम आफैले गर्नुपर्छ किनकि भविष्य आफ्नै हातमा निर्भर रहन्छ भन्थ्यौं । छोरीहरूलाई गाडी चलाउने, पौडी खेल्ने, घोडचढी जस्ता कार्यमा प्रोत्साहन दिन्थ्यौं ।

**तपाईं महिलाले नै घर समाल्नुपर्ने मान्यताबाट टाढा रहनुभयो ?**
परस्पर समझदारीले मात्र दाम्पत्य जीवन चल्न सक्छ । त्यसमाथि विदेशको बसाइले यो भावनालाई दृढता प्रदान गर्‍यो ।

**श्रीमतीमा व्यावसायिकताको विकास कत्तिको पाउनुहुन्छ ?**
लन्डनबाट गरेको व्यावसायिकता विकास कोर्सले उनलाई पूर्ण बनाएको छ ।

**श्रीमतीका बारेमा राम्रो कुरा भन्नुपर्दा ?**
समाजका लागि केही गरौं भन्ने भावना दृढ रूपमा छ । साथै लगनशीलता तथा दृढतासँगै महिलालाई आत्मनिर्भर बनाउन देखाउने चासो मनपर्छ ।

**नराम्रो कुरा ?**
उनलाई कुनै चीज चित्त नबुझ्दा झडङ्ग रिसाउँछिन् ।

**टेलिभिजन हेर्नुहुन्छ ?**
जब फुर्सद हुन्छ टेलिभिजन हेरिन्छ । उनी विशेष गरी टेलिचलचित्र हेर्छिन् ।

**श्रीमतीसँग कतिपटक चलचित्र हेर्न हलसम्म जानुभएको छ ?**
बितेका २० वर्षयता त एकपटक पनि गएका छैनौं । बरु पहिले चर्चित चलचित्र हेर्न हलमा गइन्थ्यो ।

**–संगीता कटुवाल**

# पारिवारिक स्वास्थ्य



डा. बालकृष्ण साह

बीस वर्षको उमेरमै शिक्षण पेसा अँगालेकी पैंतीस वर्षीया लक्ष्मी न्यौपाने विगत तीन वर्षदेखि घाँटीको पीडाबाट पीडित छिन् । घाँटीकै परीक्षण गराउने क्रममा राजधानी आएकी न्यौपानेलाई तीन वर्ष अघिदेखि नै सामान्य रूपमा घाँटी दुख्ने तथा स्वर सुक्ने समस्या थियो । स्थानीय चिकित्सकको सल्लाहअनुसार उनले मनतातो पानीले कुल्ला गर्ने, घाँटी सफा गरे पनि पेसाका कारणले गर्दा घाँटीलाई आवश्यक विश्राम भने दिन सकिनन् ।

राजधानीकै एक निजी विद्यालयमा अध्यापन गराउने पारस भण्डारीको समस्या पनि त्यस्तै छ । सबै घण्टीमा निरन्तर पढाउनुपरेको दिन अत्यधिक घाँटी दुख्ने तथा स्वर भासिने (सुक्ने) गरेका कारण हाल कुनै घण्टीमा पढाउने तथा कुनै घण्टीमा कालोपाटीमा देखाउने वा विद्यार्थीलाई पढ्न तथा लेख्न लगाउने गरेको उनले बताए ।

हाम्रो स्वर निकाल्ने प्रमुख अंग रुद्रघण्टीमा सानो (पिनकाँटीको टाउको) देखि केराउका आधा दानासम्मको आकारमा पलाउने दुई झोका/डल्ला (नुड्ल) का कारणले उत्पन्न हुने यी समस्याले उच्च स्वरमा निरन्तर बोलिरहने गायक, शिक्षक तथा समाजसेवी वयस्क व्यक्तिहरूलाई मात्र होइन, स्कुल जाने स-साना बालबालिकालाई पनि दुःख दिन्छ ।

अत्यधिक स्वरको प्रयोगले वा भनौं धेरै बोल्नुपरे हाम्रो रुद्रघण्टीमा असर पुग्छ । फलस्वरूप रुद्रघण्टी सुन्निन्छ र घाँटी सुक्ने, स्वर भास्सिने वा घाँटी दुख्ने हुन सक्छ । यस्तो अवस्थामा रुद्रघण्टीलाई विश्राम दिनुपर्छ, तर शिक्षक, गायक तथा जनसम्पर्कमा रहने अन्य व्यक्तिले आवश्यक रूपमा घाँटीलाई विश्राम दिन पाउँदैनन् । उच्च स्वरमा धेरै समयसम्म आवाज निकाल्नुपर्ने, बोल्नुपर्ने तथा लय मिलाउनुपर्ने बाध्यताले गर्दा रुद्रघण्टीमा निरन्तर चोट पुग्छ । यस्तो चोटले गर्दा रुद्रघण्टीमा निरन्तर रूपमा तर बिस्तारै परिवर्तन आउँछ र त्यसै कारणले रुद्रघण्टीको झोका/डल्लाको जन्म हुन्छ ।

यसका लागि हामीले रुद्रघण्टीमा पर्ने चोटलाई रोक्नुपर्छ वा कम गर्नुपर्छ ।

- पहिलो कुरा त आफ्नो स्वर मधुरो बनाउनुपर्छ । उच्च स्वरमा गफ गर्ने बानी छोडेर सकेसम्म कम बोल्ने अनि बिस्तारै बोल्ने बानी बसाल्नुपर्छ ।
- शिक्षण पेसामा लागेकाहरूले सम्पूर्ण घण्टीमा बोल्नु नपर्ने वा बीचमा विश्राम पर्ने गरी कार्यतालिका बनाउनुपर्छ ।
- गायनक्षेत्रमा रहेका प्रतिभाहरूले संगीत अभ्यास (रियाज) गर्नुपर्ने हुन्छ, तर घाँटीको विश्रामलाई कहिल्यै नबिर्सनुहोस् ।
- समाजसेवी तथा अत्यधिक जनसम्पर्कमा रहने व्यक्तिहरूले धेरै भाषण गर्ने तथा बोल्ने काममा ध्यान पुर्‍याउने । स्मरण रहोस्, थोरै बोल्नु तर मीठो बोल्नु हरेक व्यक्तिका लागि सबै पक्षबाट राम्रो हो ।
- निरन्तर घाँटीको सफाइ तथा नुन-पानी वा मनतातो पानीले गरिने कुल्लाले घाँटीको सुरक्षा मात्रै होइन, मुख गन्हाउने समस्याबाट पनि मुक्ति दिन्छ ।

घाँटीको साधारण हेरचाह तथा आवाजमा नियन्त्रण गरे यो समस्याको प्रारम्भिक कालमा कुनै औषधी खानु पर्दैन । तालिम प्राप्त व्यक्तिले सिकाउने अभ्यासले पनि यो समस्या समाधान हुन्छ, तर ढिलो भएको वा ध्यान नपुर्‍याइएको अवस्थामा शल्यक्रियासम्म गर्नुपर्ने हुन सक्छ ।

S.L.C./+2 दिने विद्यार्थीहरूको लागी
अत्यन्त जरूरी सुचना !!!
नेपालमा शिक्षाको विकासका लागि स्थापना भएको Kantipur Educater's Group द्वारा संञ्चालित यस संस्थाले द्वन्द्व तथा अन्य विविध कारणले कक्षा ८, ९ पास वा कक्षा ९ र १० फेल भएर S.L.C दिन बञ्चित भएका र S.L.C पास भएर पढ्न ग्याप भएका वा १२ पास गर्न नसकेकाहरुका लागि, एकै वर्षमा +2 वा S.L.C पास गराएर शिक्षाको मूल प्रवाहमा समाहित गर्नको लागि, नेपाल सरकार, जिल्ला शिक्षा कार्यालय द्वारा संञ्चालित Private S.L.C. र भारत सरकारद्वारा संञ्चालित National Institute of open schooling (NIOS) को कक्षा १० (SLC) र १२ (+2) मा परिवर्तित समयको पाठ्यक्रम र शिक्षा प्रणालीको जानकारी सहित, कक्षा १० र १२ मा गरिब तथा जेहेन्दार विद्यार्थीलाई केही छात्रबृत्ति सहित सिमित सिटमा भर्ना खुलेको जानकारी गराउँदछौं ।
कान्तिपुर इन्टरनेशनल ओपन एजुकेशन
नेपाल सरकारद्वारा मान्यताप्राप्त दर्ता नं.३८४७७
नयाँ बानेश्वर, काठमाण्डौं, नेपाल (कान्तिपुर अस्पताल सँगै)
दुरवार्ता संख्या : २०४४०८२, २०४२८३१ (फोन)

अंग्रेजी
(3 months Rs. 1050)
कोरियन
(2 months Rs. 2500)
कम्प्यूटर
(2 months Rs. 1200)
Chinese,Japanese,German,Hebrew
Audio, visual, Course books available
Syntax Institute
Galkopakha, Thamel
4-362058 (एभरेष्ट कलेज अगाडी)

नि:शुल्क भर्ना खुल्यो !
PRIVATE TEST/SLC -064
के तपाई पास हुने नै गरि 2064 सालमा Private Test/SLC दिन चाहनुहुन्छ ?
COSSET EDUCATION CENTER
Tel: 2160736 लाजिम्पाट, (प्रहरी बिट सँगै)

प्राइभेट
TEST/SLC/०६४ मा
Test/SLC फेल भई स्कुल जान छाडेका विद्यार्थीहरूका लागि
अन्तिम भर्ना खुल्यो
- विहान, दिउसो/अंग्रेजी, नेपाली दुवै माध्यममा पढाइने ।
- कक्षा दशको मात्र पाठ्य पुस्तक अध्ययन गरे पुग्ने ।
- TU/KU तथा विश्वभरि मान्यता प्राप्त ।
- जागिरे तथा गृहिणीले घरैमा पढेर पनि परीक्षा दिन सक्ने ।
- दशौं वर्ष अनुभवी शिक्षकद्वारा मनोवैज्ञानिक ढंगले पढाइने ।
विगतका वर्षमा ९९ प्रतिशत नतिजा ल्याउन सफल
वासिङ्गटन एकेडेमी
नयाँ बानेश्वर डिपार्टमेन्टल स्टोर अगाडि, फोन : ४७८२१६२

इजरायल
इजरायल जानेहरूले सिक्नै पर्ने विशेष कक्षाहरू
हिब्रु भाषा, केयरगिभर, House Keeping, नर्सिङ र अंग्रेजी भाषा
हिब्रु भाषा
सम्पर्क
कोलम्बिया एकेडेमी
नयाँ बानेश्वर चोक, शंखमुलतर्फ (कोलम्बस कलेजको ठीक अगाडि)
फोन : ४७८१०६१/९८४१३८७६९७
भिषा प्रोसेसिङ पनि गरिन्छ

होटल तालिम
५ तारे होटलका प्रशिक्षक द्वारा प्रशिक्षण गराईने
Cook :- 4,500/-
Waiter :- 1,500/-
साथै रूमब्वाई, हाउसकिपिङ्ग, डोमेष्टिक हेल्पर, बेलब्वाई साथै होटल सम्बन्धि सम्पुर्ण ट्रेनिङ्गहरु साथै अंग्रेजी भाषा निशुल्क, ट्रेनिङ्गपछि 90% रोजगारको ग्यारेन्टी तु-सम्पर्क गर्नुहोला।
त्रिवेणी ट्रेनिङ्ग सेन्टर, मैतिदेवी
फोन: ४४१६५१९, ९८४१३८७८१५

SWIMMING!
SWIMMING!!
SWIMMING!!!
TRAINING !
By Lady Instructor
Only for Female
5536057, 5523082
9841-208749

2064 मा Private Test SLC
दिन चाहने विद्यार्थीलाई सूवर्ण अवसर
कक्षा ८ वा ९ पास गरि तथा कक्षा ९, Test वा SLC फेल भएर स्कुल जान नसकी जि.शि.का. मार्फत सञ्चालन हुने Private Test, SLC दिन चाहने विद्यार्थीहरुका लागि कक्षा १० को मात्र पाठयवस्तु पढाइने १ वर्षे कोचिङ्ग कक्षामा भर्ना खुल्यो ।
विद्यार्थीको सफलता र विश्वासले गर्दा नै हामी छैठौं वर्षको कक्षा संचालन गर्दैछौं ।
Dynamic Institute
(नयाँ वानेश्वर शिवदर्शनहल अगाडी)
फोन:४४८०२०५, ९८४१४४३०९४, ९८४१४३४८०७

# सँगै भएर पनि टाढिएजस्तो

**मन** परेको जीवनसाथी पाएर जुन नवदम्पती घमन्ड गर्छन्, उनीहरू चाँडै नै विवाहित जीवनदेखि निराश हुन्छन् अनि जीवनलाई नै बोझ अनुभव गर्न थाल्छन् । उनीहरूको जीवन रात-दिनको झगडा अथवा उदासीमा बित्छ । उनीहरूका सबै सपना चकनाचुर हुन्छन् भने एउटै घरमा पनि अपरिचित जस्तो भएर बस्ने स्थिति आउँछ ।

**यस्तो के कारणले हुन्छ ?**

आफ्नो भावी जीवनसाथीको एउटा राम्रो तस्बिर मनमा राखेर हरेक व्यक्ति विवाहित जीवनमा प्रवेश गर्छ । त्यसपछि उनीहरूको भेट एउटा जिउँदो मानिससँग हुन्छ, जसको व्यक्तित्व त्यो तस्बिरसँग मिलेन भने त्यसलाई बलजफ्ती परिवर्तन गर्ने प्रयास नै विवाहित सम्बन्धमा तनाव उत्पन्न गर्ने मुख्य कारण हो ।

माया, प्रेम, हाँसो, ठट्टा तथा मोजमस्तीका साथै अन्य कुराका कारण आपसमा मनमुटाव तथा झगडा हुनु पनि स्वाभाविक हो । अर्को पक्षको कुरा नसुनी आफ्नै कुरामा अडिग रहनुले मनमुटाव जन्मिन्छ ।

आपसमा झगडा गर्नाले समस्या उत्पन्न हुने होइन, झगडा गरिसकेपछि आपसी बोलचाल बन्द गर्नाले समस्या उत्पन्न हुन्छ एवं बढ्छ ।

विवाहित जीवनमा नीरशता, दिक्क लाग्ने तथा बोझ बढ्ने एउटा अर्को कारण पनि छ । हरेक कामलाई बानीजस्तै बनाएर मेसिनजस्तै बिहानदेखि रातिसम्म एउटा निश्चित ढंगमा चलाउँदा जीवनको सौन्दर्य एवं ताजगी कम हुन्छ ।

श्रीमान-श्रीमतीको आपसी सोच, अनुभव एवं संस्कारका कारण कुनै पनि विषयमा आ-आफ्नो राय हुनसक्छ, यस्ता कुरामा मतान्तर हुनु स्वाभाविक हो । त्यस्तो अवस्थामा कुनै काममा निर्णय लिंदा दुवैले आपसी सल्लाह गर्नुपर्छ । जब एक-अर्कालाई परिवर्तन हुने दबाब दिइन्छ त्यसबेला आपसी मनमुटाव बढ्छ ।

नकारात्मक विचारले नकारात्मक कुरा जन्माउँछ । त्यस्ता कुराको आधारमा जे काम गरिन्छ त्यो नराम्रो हुन्छ तथा श्रीमान्-श्रीमतीको मन टाढिन्छ ।

बिस्तारै-बिस्तारै दुवैमा रिसाएर बस्ने बानी पर्छ । कोही बाहिरी व्यक्ति आउँदा दुवै नक्कली बोली बोल्छन् । एक्लै हुँदा आफ्नो भाग्यलाई सराप्दै कस्तो माया नगर्ने जीवनसाथी पाएछु भन्दै धिक्कार्छन् । यौनसम्बन्धमा उत्तेजित हुने क्षमता हराउँछ । यस्तो स्थितिमा श्रीमान्-श्रीमती केही दिन अलग नभए स्थिति अझ बिग्रन्छ ।

**समाधान**

सबैभन्दा आवश्यक कुरा आफ्नो मनको कुरा एक-अर्कालाई भन्नु हो । अर्को पक्ष एक-अर्काका भावना तथा इच्छालाई बुझ्नु हो । एक-अर्काको भावनालाई आदर गर्दै आफ्नो मनको कुरा एवं भावनालाई व्यक्त गर्न थाले हरेक समस्या समाधान हुन्छ ।

अर्को महत्त्वपूर्ण कुरा अतीत हो । अतीतलाई एउटा किनारा लगाएर नयाँ ढंगले जीवन प्रारम्भ गर्ने संकल्प गर्नुपर्छ । निराशा छ वा दिक्कलाग्दो गरी दिन बितिरहेको छ भने त्यसप्रति दुवैको मनमा गहन असन्तोष उत्पन्न हुनु भावी सुधारका लागि राम्रो सुरुवात सावित हुनसक्छ ।

अतीतलाई बिर्सने निर्णय गरेपछि भविष्यको सुख-शान्ति एवं खुसीका लागि मनबाट प्रयास गर्ने, त्यसपछि ठीक तथा सही बाटो हिंड्ने शक्ति एवं हौसला आउँछ ।

**बलियो टिम बन्ने**

बाहिरी संसारबाट बारम्बार चुनौतीहरू आइरहन्छन्, त्यसको सामना दुवै मिलेर गर्नुपर्छ । यसो गर्दा मनमुटाव तथा झगडा हुने प्रश्नै उठ्दैन । घरपट्टिका व्यक्तिहरूले अनावश्यक हस्तक्षेप गर्न नपाऊन्, यसको ध्यान दुवैले राख्नुपर्छ । एक जना दुःखी, उदास अथवा क्रोधित भए अर्कोले समझदारीका साथ बलियो सहारा बन्नुपर्छ ।

सहनशील भएर एक-अर्कालाई आफ्नो मनका सबै कुरा भन्ने मौका दिनुपर्छ । सबै कुरा भनेर मन हल्का भएपछि उसले आफ्नो मनको कुरा ध्यान तथा प्रेमपूर्वक सुन्छ । पछि मिलेर जे निर्णय गरे पनि त्यो निर्णय स्वीकार गर्न अलमल गर्नुहुँदैन ।

**राम्रो साथी बनौं**

साथीको विशेषता भनेको आफ्ना हरेक सुख-दुःखमा आलोचक जस्तै रहनु हो, तर शत्रुभावले होइन । साथी शुभचिन्तक एवं बलियो सहारा हुन्छ ।


श्रीमान्-श्रीमतीबीच साथीको नाता बलियो हुनु आवश्यक छ । आपसमा कुनै पनि कुरा लुकाउनुहुँदैन । कार्यालयको समस्या होस् अथवा घरगृहस्थी चलाउने झन्झट, चाहे सामाजिक समस्या होस् वा व्यक्तिगत चिन्ता, सबैलाई एक-अर्कासँग बाँड्नुपर्छ ।

**प्रेमी-प्रेमिकालाई जिउँदो राख्ने**

आमाबाबुले गरिदिएको विवाहमा श्रीमान्-श्रीमतीले विवाहअघि प्रेम गर्ने मौका तथा समय त्यति पाउँदैनन् । त्यसो त हरेक श्रीमान्को मनमा प्रेमिका एवं श्रीमतीको मनमा प्रेमी उपस्थित हुन्छन् । आपसी सहयोग एवं समझदारीले ती प्रेमी-प्रेमिकालाई जिउँदो राख्नु श्रीमान्-श्रीमती दुवैका लागि फाइदाजनक हुन्छ ।

श्रीमान्-श्रीमतीको नाता सामाजिक देन हो भने प्रेमीहरूबीच मनको सम्बन्ध हुन्छ । श्रीमान्-श्रीमती अधिकार तथा कर्तव्यहरूको कुरा गर्न सक्छन् भने प्रेमी आफ्नो प्रेमपात्रको खुसीमा ध्यान पुऱ्याउँदै धेरै प्रेम दिन इच्छुक हुन्छ । उसले माग्ने कम र दिने कुरा धेरै हुन्छ । जिन्दगीलाई माया-प्रेमले भरेर राख्नु पनि एउटा कला हो ।

मौकाबिना नै फूलको गुच्छा, गहना अथवा श्रीमतीलाई मनपर्ने उपहार ल्याउने श्रीमान् तथा श्रीमान्को खुसीका लागि आकर्षक ढंगले तयार भएर स्वागत गर्ने, पत्रिका पढिरहेका श्रीमान्लाई चुम्बन गर्ने, श्रीमान्ले भान्सामा व्यस्त श्रीमतीलाई अँगालोमा बेर्ने, चल्ने, जिस्क्याउने तथा उनलाई मन पर्ने कुनै पनि कार्य अप्रत्याशित ढंगले गर्ने श्रीमान्-श्रीमतीबीच माया अझ प्रगाढ बन्छ । स्वस्थ, ताजा तथा रसपूर्ण यौनसम्बन्धले श्रीमान्-श्रीमतीबीचको सम्बन्ध तथा नातालाई बलियो बनाउँछ ।



**समझदार बन्ने**

लोभी, चलाख, बेइमान, धोकेबाज, स्वार्थी तथा अति महत्त्वाकांक्षी मानिसको विवाहित जीवनमा खुसी एवं शान्ति हुँदैन । यस्तो व्यवहारले प्रेमको जरालाई नै काटिदिन्छ । यस्ता व्यक्तिले समाजमा इज्जत, मान-सम्मान, धन तथा उच्च पद त पाउन सक्लान्, तर प्रेम नपाउनाले जीवनसाथीसँग टाढा हुँदै जान्छन् ।

**आपसी दूरीले हुने खतरा**

मानिसको अन्तर्मन दुःखी, तनावग्रस्त अथवा उदास भए उसको शारीरिक स्वास्थ्य पनि राम्रो हुँदैन । उसको रोगसँग लड्ने प्राकृतिक क्षमता कम हुन्छ । उच्च रक्तचाप, माइग्रेन, अल्सर आदि रोगको मानसिक समस्याहरूसँग सोझो सम्बन्ध हुन्छ । विवाहित जीवनमा मनको दूरीले श्रीमान्-श्रीमती दुवैको स्वास्थ्यलाई खोक्रो पारिदिन्छ ।

श्रीमान्-श्रीमतीबीच राम्रो सम्बन्ध भएन भने उनीहरूको सन्तानको समुचित विकासमा बाधा उत्पन्न हुन्छ । यस्ता बालबालिका ठूलो भएर प्रेमसम्बन्ध कायम गर्न असमर्थ हुन्छन् ।

कानुन भंग गर्ने तथा असामाजिक कार्य गर्नेहरूमध्ये धेरै त्यस्ता व्यक्ति नै हुन्छन् जसलाई राम्रो वातावरणमा हुर्कने अवसर प्राप्त हुँदैन । हामीहरूले यो जीवन चिन्ता तथा तनावमा बिताउन पाएका होइनौं । समझदार व्यक्तिले जीवनका हरेक क्षणको आनन्द उठाउँछन् । आफ्नो जीवनसाथीसँग दूरी राखेर कुनै पनि व्यक्ति खुसी हुन सक्दैन । हरेक पाइलामा साथ दिएर हिंड्ने उत्साहले श्रीमान्-श्रीमती दुवैलाई सही र ठीक ढंगले जिउने शिक्षा दिन्छ ।

**–अरुणा भट्टराई**

---

## धिमालको अढाई महिने पर्व



**कमल रिमाल**

विराटनगर- मोरङ र झापा जिल्लामा रहेका झन्डै ५० हजार धिमाल अहिले असारे पर्व (ढडढडे मेला) मा जुटेका छन् । गएका वर्ष जस्तै यो वर्ष पनि वैशाख २ गते सुरु भएको मेला अढाई महिनापछि असार १५ मा सकिन्छ । मोरङको पहाडी गाविस भोगटेनीको राजारानी पोखरीस्थित धिमाल ग्रामस्थानमा पूजा गरेर ढडढडे मेला प्रारम्भ भएको हो । पर्व सुरुवातको खुसियालीमा हजारौं धिमाल युवायुवती राजारानी पोखरी पुगेका थिए । हाँस, कुखुरा, परेवा एवं बोका बलि दिएर ग्रामस्थानमा पूजा गरी यो पर्व हर्षोल्लासका साथ मानाइँदैछ । यो अढाई महिनाको अवधिमा धिमाल जातिको बसोबास रहेका हरेक गाउँमा पालैपालो दैनिकजसो मेला लाग्छ ।

सुनसरीको एक गाउँसहित मोरङ र झापाका ९५ वटा गाउँमा छरिएर रहेका धिमालहरूको यो मेलामा विशेष गरी युवायुवतीहरूको सहभागिता रहने गरेको छ । मेलामा एकले अर्कालाई मन पराएर विवाहको प्रस्ताव राख्ने चलनसमेत छ । सोझै घरमा केटी हेर्न जाँदा अप्ठ्यारो हुने भएकाले मेलामा हेराहेर गर्छन्, -धिमाल जाति विकास केन्द्रका केन्द्रीय सदस्य देवेन्द्र धिमालले बताए । उनले भने– 'गाउँमा मेला लगाउँदा आयोजक टोलबासीले मेलामा आउने आफन्तलाई खाने, बस्ने व्यवस्था गर्नुपर्ने हुन्छ ।' आर्थिक अवस्था कमजोर भएका गाउँमा भने पाहुनालाई खाने, बस्ने व्यवस्था गर्नुपर्ने भएकाले मेला लगाइँदैन ।

असारे पर्वलाई दसैं, तिहार, तीजभन्दा ठूलो चाडका रूपमा मनाइने कुरा बताउँदै धिमाल ग्रामस्थानका पुजारी काशीराम धिमाल भन्छन्– 'यो पर्वमा छोरी-चेली तथा आफन्तहरूलाई बोलाएर मीठा-मीठा परिकार ख्वाइन्छ ।' मेलामा ढड्ढड ढोल बजाएर नाचगान गरिने भएकाले असारे पर्वलाई ढड्ढडे मेला भनिन्छ ।

पोखरीभित्र रहेको जंगलमा झपक्क फुलेका सुनाखरी र वरपरको सल्लाघारीले आगन्तुकको मन लोभ्याउने भएकाले पनि मेलामा मानिसको ओइरो लाग्ने स्थानीय बासिन्दाहरू बताउँछन् । धिमाल जातिका पुर्खाहरू राजारानीमा बासोबास गरेको प्रमाण फेला परेपछि उक्त पोखरी क्षेत्रमा मेला लगाउन थालिएको ग्रामस्थानका पुजारी काशीराम धिमालले बताए । गाउँगाउँमा लगाइने मेला सकिएपछि मोरङको उर्लाबारी, मंगलबारेस्थित ग्रामस्थानमा असार १५ गते पर्व समापन गरिन्छ ।

## गुराँसको राजधानीमा भेट

**राजु घिसिङ**

धरान- यो प्रचण्ड गर्मीमा पूर्वी पहाडी डाँडाहरू लालीगुराँसले राताम्मे भएका छन् । गर्मी छल्न पहाड उक्लने बानी पर्दै गएका सहरी बासिन्दाहरूका निम्ति सिरिरी बहने हावामा बसेर फुलेका राताम्मे लालीगुराँसका दृश्य आँखामा कैद गर्नु कम रोमाञ्चक हुँदैन । त्यही रोमाञ्चकता लुट्नकै निम्ति वसन्तपुरमा भेट्ने वाचा गर्दै वैशाख ९ देखि १३ गतेसम्म तीनजुरे-मिल्के-जलजले क्षेत्रमा लालीगुराँस महोत्सव सम्पन्न हुँदैछ ।


तेह्रथुम, धनकुटा, ताप्लेजुङ र संखुवासभा जिल्लामा पर्ने यो क्षेत्रमा नेपालमा पाइने ३२ प्रजातिका गुराँसमध्ये २८ भन्दा बढी प्रजातिका गुराँस हेर्न सकिने भएकाले तीनजुरे-मिल्के-जलजले क्षेत्रलाई गुराँसको राजधानी पनि भनिन्छ । पाँच दिन लामो महोत्सवमा दक्षिण एसियाकै सबैभन्दा लामो झरना ह्यात्रुङ, उच्च हिमाली भेगका चरन क्षेत्र, बस्ती, कञ्चनजंघा र मकालु हिमश्रृंखलाका रमणीय दृश्यमा रमाउनेहरू प्रशस्तै भए । तीनजुरे तथा मेन्छ्याम डाँडाबाट सूर्योदय र सूर्यास्त पनि हेर्न सकिनेछ ।



तामाङ सेलो, बालान, संगिनीदेखि तीनजुरे-मिल्के-जलजले क्षेत्रका रैथाने नाचहरू धाननाच, च्याब्रुङ नाच, चण्डी नाच, शेर्पा नाच, बिजुवा-झाँक्री एवं गुरुङ जातिको रोधीको रन्को पनि महोत्सवमा देखिन्छ । वनस्पति र सांस्कृतिक केन्द्र मात्र नभै धार्मिक आस्थाका निम्ति पनि यो पहाडी क्षेत्र प्रख्यात छ । अरुण र तमोर उपत्यकामा आँखा डुलाउँदै यहाँ डिकी छ्योलिङ गुम्बा एवं पाथीभरा मन्दिरको पनि दर्शन गर्न पाइन्छ । जलजले पोखरी, साँघु पोखरी, पाँचपोखरी, बतासे पोखरी, लाम पोखरी, पात्ले पोखरी, सभा पोखरी, भूत पोखरी, सजु पोखरी, रात पोखरी, चिर्चिलिङ पोखरी, बन्दुके पोखरी, लाम पोखरी, गुफा पोखरी, मार्गा पोखरीमा डुबुल्की मार्दै बराह क्षेत्रबाट चीनको तिब्बतसम्म फैलिएको यो पहाडमा हाम्रा पुर्खाहरूले जीवन गुजारेका गुफाहरू चहार्न सकिन्छ ।

समुदायमा आधारित संरक्षण क्षेत्रको माग गर्नका निम्ति आयोजित महोत्सवका क्रममा वसन्तपुरदेखि मिल्के डाँडासम्मको पैदल यात्राले पर्यटकहरूलाई विशेष लोभ्याउनेछ । यहाँ ढकमक्क फुलेका लालीगुराँस हेर्दै लालीगुराँसकै जुस पिउन पाइन्छ । धरानबाट १ सय किलोमिटर तथा विराटनगरबाट १ सय ४० किलोमिटर दूरीमा गुराँस राजधानीको प्रवेशद्वार वसन्तपुर पर्छ ।





## ब्याट्सम्यान



**म्याथ्यु हेडेन** : अस्ट्रेलियाका प्रारम्भिक ब्याट्सम्यान म्याथ्यु हेडेन अहिलेसम्म ९ खेलका ८ इनिङमा सर्वाधिक ५ सय ८० रन बनाएर शिखरमा छन् । हेडेनले अहिलेसम्म ३ शतक र १ अर्धशतक बनाइसकेका छन् ।

**माहेला जयवर्द्धने** : श्रीलंकाका माहेला जयवर्द्धने सेमिफाइनलसम्मका १० खेलका १० इनिङमा ५ सय २९ रन बनाएर दोस्रो स्थानमा छन् । जयवर्द्धनेले अहिलेसम्म १ शतक र ४ अर्धशतक बनाइसकेका छन् ।

**स्कट स्टाइरिस** : न्युजिल्यान्डका स्कट स्टाइरिस सेमिफाइनलसम्मका १० खेलका ९ इनिङमा ४ सय ९९ रन बनाएर तेस्रो स्थानमा छन् । स्टाइरिसले अहिलेसम्म १ शतक र ४ अर्धशतक बनाइसकेका छन् ।

**रिक्की पोन्टिङ** : अस्ट्रेलियाका कप्तान रिक्की पोन्टिङ अहिलेसम्म ९ खेलका ७ इनिङमा ४ सय ८० रन बनाएर चौथो स्थानमा छन् । पोन्टिङले अहिलेसम्म १ शतक र ४ अर्धशतक बनाइसकेका छन् ।

**ज्याक कालिस** : दक्षिण अफ्रिकाका ज्याक कालिस अहिलेसम्म ९ खेलका ८ इनिङमा ४ सय ८० रन बनाएर चौथो स्थानमा छन् । कालिसले अहिलेसम्म १ शतक र ३ अर्धशतक बनाइसकेका छन् ।

यी ५ खेलाडीबाहेक आफ्नो प्रभावकारी प्रदर्शनले तथ्यांकहरूमा उपस्थिति दर्ता गराउने अन्य प्रमुख खेलाडीमा इङ्ल्यान्डका केभिन पिटरसन र पाकिस्तानका इमरान नजिर छन् । पहिलो चरणबाटै बाहिरिएको पाकिस्तानका इमरान नजिरले जिम्बाब्वेविरुद्ध बनाएको १ सय ६० रन यो विश्वकपको सर्वश्रेष्ठ व्यक्तिगत स्कोर हो । त्यसैगरी सुपर एटबाट बाहिरिने इङ्ल्यान्डका लागि केभिन पिटरसनले २ शतक र ३ अर्धशतकसहित ४ सय ४४ रन बनाएर विश्वकपमा आफ्नो प्रभावशाली उपस्थिति जनाएका थिए ।

## फिल्डर

**पाउल कोलिङउड** : इङ्ल्यान्डका पाउल कोलिङउड ९ खेलमा ८ खेलाडीलाई क्याच गरेर ती खेलाडीलाई मैदानबाट हटाउन सहयोगीको भूमिका निर्वाह गर्ने फिल्डरका रूपमा शिखरमा छन् ।

**हर्सेल गिब्स** : दक्षिण अफ्रिकाका हर्सेल गिब्स ९ खेलमा ७ खेलाडीलाई क्याच गरेर ती खेलाडीलाई मैदानबाट हटाउन सहयोगीको भूमिका निर्वाह गर्ने फिल्डरका रूपमा दोस्रो स्थानमा छन् ।

**इयान मोर्गन** : आयरल्यान्डका इयान मोर्गन ९ खेलमा ७ खेलाडीलाई क्याच गरेर ती खेलाडीलाई मैदानबाट हटाउन सहयोगीको भूमिका निर्वाह गर्ने फिल्डरका रूपमा दोस्रो स्थानमा छन् ।

**ग्रेम स्मिथ** : दक्षिण अफ्रिकाका ग्रेम स्मिथ अहिलेसम्म ९ खेलमा ७ खेलाडीलाई क्याच गरेर ती खेलाडीलाई मैदानबाट हटाउन सहयोगीको भूमिका निर्वाह गर्ने फिल्डरका रूपमा दोस्रो स्थानमा छन् ।

**आफताब अहमद** : बंगलादेशका आफताब अहमद ९ खेलमा ६ खेलाडीलाई क्याच गरेर ती खेलाडीलाई मैदानबाट हटाउन सहयोगीको भूमिका निर्वाह गर्ने फिल्डरका रूपमा पाँचौं स्थानमा छन् ।

उपरोक्त खेलाडीहरूमध्ये कोलिङउड, मोर्गन तथा अहमदको टिम सुपर एटबाट बाहिरिसकेको छ । त्यसैगरी केन्याका स्टिभ टिकोलो, पाकिस्तानका इन्जमाम उल हक, आयरल्यान्डका इयान मोर्गन तथा श्रीलंकाका चमारा सिल्भाले एकै खेलमा ३/३ क्याच गरेर कीर्तिमान कायम गरेका छन् ।



# नवौं विश्वकपमा चम्केका खेलाडीहरू

नवौं विश्वकप क्रिकेटका ३ खेल (सेमिफाइनल र फाइनल) बाँकी रहँदा केही खेलाडी तथ्यांकका र धेरै खेलाडी कागजका हिरो साबित भएका छन् । विश्वकप प्रारम्भ हुनुअघि सञ्चारमाध्यममा छाएका धेरै कीर्तिमानी खेलाडीहरू विश्वकपको अन्तिम र महत्त्वपूर्ण खेलबाट बाहिरिसकेका छन् । नवौं विश्वकपमा आफ्नो योग्यता र क्षमता प्रदर्शन गरेर आफूलाई प्रमाणित गर्ने धेरै खेलाडी अहिले पनि विश्वकपको मैदानमा छन् ।

## बलर



**मुथैया मुरलीधरन** : श्रीलंकाका अफस्पिन बलर मुथैया मुरलीधरन सेमिफाइनलसम्मका ९ खेलमा २३ विकेट लिएर सर्वाधिक विकेट लिने बलरका रूपमा शिखरमा छन् । मुरलीधरनले अहिलेसम्म ७७ दशमलव ४ ओभर बलिङ गरेर ३ सय ७ रन दिएका छन् ।

**ग्लेन म्याकग्राथ** : अस्ट्रेलियाका तीव्र गतिका बलर ग्लेन म्याकग्राथ अहिलेसम्म ९ खेलमा २२ विकेट लिएर सर्वाधिक विकेट लिने बलरको सूचीमा दोस्रो स्थानमा छन् । म्याकग्राथले अहिलेसम्म ६५ दशमलव ५ ओभर बलिङ गरेर ३ सय ८ रन दिएका छन् ।

**ब्रायन हग** : अस्ट्रेलियाका लेग स्पिनर ब्रायन हग ९ खेलमा १९ विकेट लिएर सर्वाधिक विकेट लिने बलरको सूचीमा तेस्रो स्थानमा छन् । हगले अहिलेसम्म ६९ दशमलव ५ ओभर बलिङ गरेर २ सय ८९ रन दिएका छन् ।

**शेन टेट** : अस्ट्रेलियाका तीव्र गतिका बलर शेन टेट ९ खेलमा १९ विकेट लिएर सर्वाधिक विकेट लिने बलरको सूचीमा चौथो स्थानमा छन् । टेटले अहिलेसम्म ६८ दशमलव ३ ओभर बलिङ गरेर ३ सय ८६ रन दिएका छन् ।

**लसिथ मलिङ्गा** : श्रीलंकाका तीव्र गतिका बलर लसिथ मलिङ्गा सेमिफाइनलसम्मका ७ खेलमा १६ विकेट लिएर सर्वाधिक विकेट लिने बलरको सूचीमा पाँचौं स्थानमा छन् । मलिङ्गाले अहिलेसम्म ५० दशमलव २ ओभर बलिङ गरेर २ सय ३५ रन दिएका छन् ।

उपरोक्त ५ खेलाडीले सर्वाधिक विकेट लिने सूचीमा आफूलाई उभ्याए पनि दक्षिण अफ्रिकाका एन्ड्र्यु नेल, चार्ल ल्याङ्गरभेल्ट तथा एन्ड्र्यु हलले नवौं विश्वकपमा एक इनिङमा ५ विकेट लिने उपलब्धि प्राप्त गरे ।

## विकेट किपर

**कुमार संगाक्कारा** : श्रीलंकाका विकेट किपर कुमार संगाक्कारा सेमिफाइनलसम्मका १० खेलमा १५ खेलाडीलाई मैदानबाट हटाउन सहयोगीको भूमिका निर्वाह गर्ने विकेट किपरका रूपमा सबैभन्दा अगाडि छन् । यस क्रममा उनले ११ खेलाडीलाई क्याच आउट र ४ खेलाडीलाई स्टम्प आउट गराएका छन् ।

**ब्रान्डेन म्याकुलम** : न्युजिल्यान्डका विकेट किपर ब्रान्डेन म्याकुलम सेमिफाइनलसम्मका १० खेलमा १४ खेलाडीलाई मैदानबाट हटाउन सहयोगीको भूमिका निर्वाह गर्ने विकेट किपरका रूपमा दोस्रो स्थानमा छन् । यस क्रममा उनले १३ खेलाडीलाई क्याच आउट तथा १ खेलाडीलाई स्टम्प आउट गराएका छन् ।

**दिनेश रामदिन** : वेस्टइन्डिजका विकेट किपर दिनेश रामदिन ९ खेलमा १३ खेलाडीलाई मैदानबाट हटाउन सहयोगीको भूमिका निर्वाह गर्ने विकेट किपरका रूपमा तेस्रो स्थानमा छन् । यस क्रममा उनले सबै १३ खेलाडीलाई क्याच आउट गराएका छन् ।

**एडम गिलक्रिस्ट** : अस्ट्रेलियाका विकेट किपर एडम गिलक्रिस्ट ९ खेलमा १० खेलाडीलाई मैदानबाट हटाउन सहयोगीको भूमिका निर्वाह गर्ने विकेट किपरका रूपमा चौथो स्थानमा छन् । यस क्रममा उनले ६ खेलाडीलाई क्याच आउट तथा ४ खेलाडीलाई स्टम्प आउट गराएका छन् ।

**मार्क बाउचर** : दक्षिण अफ्रिकाका विकेट किपर मार्क बाउचर ९ खेलमा ९ खेलाडीलाई मैदानबाट हटाउन सहयोगीको भूमिका निर्वाह गर्ने विकेट किपरका रूपमा पाँचौं स्थानमा छन् । यस क्रममा उनले सबै ९ खेलाडीलाई क्याच आउट गराएका छन् । उपरोक्त विकेट किपरहरूमध्ये वेस्टइन्डिजका दिनेश रामदिन सुपर एटको खेलबाट बाहिरिसकेका छन् ।

## उत्कृष्ट साझेदारी

**२ सय ४ रन** : नवौं विश्वकप क्रिकेटअन्तर्गत सबैभन्दा ठूलो साझेदारी चौथो विकेटका लागि अस्ट्रेलियाका माइकल क्लार्क तथा ब्राड हगले गरे । उनीहरूले उक्त साझेदारी प्रारम्भिक चरणको खेलमा हल्यान्डविरुद्ध गरेका थिए ।

**२ सय २ रन** : नवौं विश्वकप क्रिकेटअन्तर्गत दोस्रो ठूलो साझेदारी दोस्रो विकेटका लागि भारतका सौरभ गांगुली तथा वीरेन्द्र सहवागले गरे । उनीहरूले उक्त साझेदारी प्रारम्भिक चरणको खेलमा बर्मुडाविरुद्ध गरेका थिए ।

**१ सय ८३ रन** : नवौं विश्वकप क्रिकेटअन्तर्गत तेस्रो ठूलो साझेदारी तेस्रो विकेटका लागि श्रीलंकाका सनथ जयसूर्या तथा माहेला जयवर्धनेले गरे । उनीहरूले उक्त साझेदारी सुपर एट चरणको खेलमा वेस्टइन्डिजविरुद्ध गरेका थिए ।

**१ सय ७० रन** : नवौं विश्वकप क्रिकेटअन्तर्गत चौथो ठूलो साझेदारी दोस्रो विकेटका लागि दक्षिण अफ्रिकाका एबी डे भिलर्स तथा ज्याक कालिसले गरे । उनीहरूले उक्त साझेदारी सुपर एट चरणको खेलमा वेस्टइन्डिजविरुद्ध गरेका थिए ।

**१ सय ६१ रन** : नवौं विश्वकप क्रिकेटअन्तर्गत पाँचौं ठूलो साझेदारी तेस्रो विकेटका लागि अस्ट्रेलियाका माइकल क्लार्क तथा रिक्की पोन्टिङले गरे । उनीहरूले उक्त साझेदारी प्रारम्भिक चरणको खेलमा दक्षिण अफ्रिकाविरुद्ध गरेका थिए ।

# विश्व कीर्तिमान २००७

## सर्वाधिक एम्पायरिङ



दक्षिण अफ्रिकाका एम्पायर रुडी कोर्टजेनले नवौं विश्वकपअन्तर्गत इङ्ल्यान्ड र वेस्टइन्डिजबीच खेलिएको सुपर एटको अन्तिम खेलमा निर्णायकको भूमिका निर्वाह गरेर एकदिवसीय क्रिकेटको सर्वाधिक प्रतिस्पर्धामा निर्णायकको भूमिका निर्वाह गर्ने नयाँ कीर्तिमान कायम गरेका छन् । उनले श्रीलंका र न्युजिल्यान्डबीच खेलिएको सेमिफाइनलमा उपस्थिति जनाएर आफ्नो कीर्तिमानमा थप सुधार गरेका छन् । सन् १९९२ देखि निर्णायकको भूमिका निर्वाह गरिरहेका कोर्टजेनले १ सय ७३ खेलमा निर्णायकको भूमिका निर्वाह गरेर यस्तो कीर्तिमान कायम गरेका हुन् । यसअघि यो कीर्तिमान इङ्ल्यान्डका डेभिड सेफर्डको नाममा थियो । सेफर्डले सन् १९८३ देखि २००५ सम्म १ सय ७२ एकदिवसीय खेलमा निर्णायकको भूमिका निर्वाह गरेका थिए ।



## सर्वाधिक छक्का

अस्ट्रेलियाका म्याथ्यु हेडेनले नवौं विश्वकप क्रिकेटमा १७ छक्का प्रहार गरेर एउटै विश्वकपमा सर्वाधिक छक्का प्रहार गर्ने नयाँ विश्व कीर्तिमान कायम गरेका छन् । यसअघि यो कीर्तिमान दक्षिण अफ्रिकाका हर्सेल गिब्स तथा श्रीलंकाका सनथ जयसूर्याको नाममा थियो । ती दुवै खेलाडीले नवौं विश्वकपमा १४/१४ छक्का प्रहार गरिसकेका छन् ।

## सर्वाधिक शतक

अस्ट्रेलियाका म्याथ्यु हेडेनले नवौं विश्वकप क्रिकेटमा ३ शतक बनाएर एउटै विश्वकपमा सर्वाधिक शतक बनाउने नयाँ विश्व कीर्तिमान कायम गरेका छन् । यसअघिका कुनै पनि विश्वकपमा एउटै खेलाडीले दुईभन्दा बढी शतक बनाएका थिएनन् ।

## सयौं शतक

अस्ट्रेलियाका म्याथ्यु हेडेनले न्युजिल्यान्डविरुद्ध नवौं विश्वकप क्रिकेटमा आफ्नो तेस्रो शतक प्रहार गर्ने क्रममा विश्वकप क्रिकेटमा सयौं शतकसमेत बनाए । यसअघि अस्ट्रेलियाकै मार्क वाले सन् १९९६ को छैटौं विश्वकप क्रिकेटमा न्युजिल्यान्डविरुद्ध नै विश्वकप क्रिकेटको ५० औं शतक बनाएका थिए ।

## सर्वाधिक अर्धशतक



दक्षिण अफ्रिकाका ग्रेम स्मिथले नवौं विश्वकप क्रिकेटमा ५ अर्धशतक बनाएर नवौं विश्वकपमा सर्वाधिक अर्धशतक बनाउने कीर्तिमान कायम गरेका छन् । नवौं विश्वकपमा स्मिथबाहेक दक्षिण अफ्रिकाका हर्सेल गिब्स, अस्ट्रेलियाका रिक्की पोन्टिङ, न्युजिल्यान्डका स्कट स्टाइरिस तथा श्रीलंकाका माहेला जयवर्धने र चमारा सिल्भाले ४/४ अर्धशतक बनाएका छन् ।

## सर्वाधिक खेल

नवौं विश्वकप क्रिकेटअन्तर्गत न्युजिल्यान्डविरुद्धको सुपर एटमा खेलेर अस्ट्रेलियाले सर्वाधिक ६ सय ५७ एकदिवसीय क्रिकेट खेल्ने नयाँ विश्वकीर्तिमान कायम गरेको छ । यसअघि यस्तो कीर्तिमान पाकिस्तानको नाममा थियो । पाकिस्तानले ६ सय ५६ एकदिवसीय क्रिकेट खेलेको छ ।

## श्रीलंका फाइनलमा

नवौं विश्वकप क्रिकेटको पहिलो सेमिफाइनलमा न्युजिल्यान्डलाई ८१ रनले पराजित गरेर श्रीलंका दोस्रो पटक विश्वकप क्रिकेटको फाइनलमा प्रवेश गरेको छ । सेमिफाइनलमा श्रीलंकाले निर्धारित ५० ओभरमा न्युजिल्यान्डसमक्ष २ सय ९० रनको लक्ष्य राखेको थियो । उक्त लक्ष्य पछ्याउने क्रममा न्युजिल्यान्ड ४१ दशमलव ४ ओभरमा २ सय ८ रनमा सीमित भएको थियो । श्रीलंकाका लागि कप्तान माहेला जयवर्द्धनेले १ सय १५ तथा उपुल थरंगाले ७३ रनको योगदान दिएका थिए भने बलर मुथैया मुरलीधरनले ४ विकेट, तिलकरत्ने दिलसान र सनत जयसूर्याले २-२ विकेट लिए । यो खेलमा माहेला जयवर्द्धने म्यान अफ द म्याच घोषित भए ।

## ५ प्रश्न

*ज्ञानेन्द्र मल्ल, नेपालका उदियमान ब्याटसम्यान । १७ वर्षीय मल्लले राष्ट्रिय टिममा स्थान बनाएको दुई वर्ष पनि भएको छैन । छोटो समयमै उनले आफूलाई महत्त्वपूर्ण खेलाडीका रूपमा स्थापित गरिसकेका छन ।*



**यो विश्वकपबाट तपाईंले के सिक्नुभएको छ ?**

राति खेल हुनाले त्यति हेर्न पाएको छैन । केही महत्त्वपूर्ण खेलहरू भने छुटाइनँ । केही प्राविधिक ज्ञान हासिल गर्ने मौका पाएको छु । यसका नतिजाले क्रिकेटमा जे पनि हुन सक्छ भन्ने सन्देश दिएका छन् । साना भनिएका टिमहरूको आशालाग्दो प्रदर्शन हेर्दा हामी पनि राम्रो गर्न सक्छौं भन्ने आत्मविश्वास पलाएको छ ।

**कसले विश्वकप जितोस् भन्ने चाहनुहुन्छ ?**

दक्षिण अफ्रिका, तर उनीहरूले सोचेअनुसार खेल्न सकेनन् । उसका ब्याट्सम्यानहरूले त्यति राम्रो गर्न सकेनन् । बलरहरूमा सन पोलक र मखाया एनटिनीले जुन पर्फमेन्स दिनुपर्ने हो, त्यो दिन नसक्दा अप्ठेरो भयो उनीहरूलाई । अस्ट्रेलियाका सबै खेलाडीले राम्रो गरेका छन् । उनीहरूले कुनै एक जना खेलाडीमा मात्र भर पर्नुपर्ने अवस्था छैन ।

**दक्षिण एसियाली टिमको प्रदर्शन कस्तो रहयो ?**

यस क्षेत्रका महत्त्वपूर्ण टिम भारत र पाकिस्तान पहिलो चरणबाटै घर फर्किनु दुर्भाग्यपुर्ण रह्यो । यद्यपि श्रीलंकाले राम्रो गऱ्यो । अर्कातर्फ बंगलादेशले पनि दक्षिण अफ्रिकालाई हराएर प्रशंसकहरूलाई आशा गर्ने बाटो बनायो । समग्रमा त्यति नराम्रो रहेन दक्षिण एसियाको प्रदर्शन ।

**यो विश्वकपमा कुन खेलाडीबाट प्रभावित हुनुहुन्छ ?**

अस्ट्रेलियाका कप्तान रिकी पोन्टिङबाट । उनले निकै राम्रो प्रदर्शन गरे । उनीहरूका मुख्य खेलाडी माइकल हसीले राम्रो गर्न नसके पनि बाँकी सबै खेलाडीले राम्रो पर्फमेन्स दिए । त्यसमा पनि पोन्टिङको भूमिका विशेष छ ।

**नेपालले विश्वकप खेल्ने दिन कहिले आउला ?**

विचार गर्दा छिट्टै नै आउलाजस्तो लाग्छ, तैपनि हाम्रो वर्तमान स्तर विश्वकपका लागि पर्याप्त छैन । हामीले अझ धेरै मेहनत गर्नु छ । म आफैंलाई पनि एकपटक विश्वकप खेल्ने आशा छ । सम्भवत: मैले क्रिकेट खेल्न छोड्नुअगावै हामी विश्वकपसम्म पुगिसकेका हुनेछौं ।



## विश्वकप क्रिकेट २००७

### खेल नम्बर ४५
### श्रीलंका विरुद्ध आयरल्याण्ड

सुपर एटको २१ औं खेल श्रीलंका विरुद्ध आयरल्याण्डबीच खेलियो । यो खेलमा श्रीलंकाले आयरल्याण्डलाई ८ विकेटले पराजित गऱ्यो । ग्रेनाडाको सेन्ट जर्जमा खेलिएको खेलमा पहिले ब्याटिङ गर्दै आयरल्याण्डले २७ दशमलव ४ ओभरमा सबै विकेट गुमाइ ७७ रन मात्र बनाउन सक्यो । प्रतिउत्तरमा श्रीलंकाले १० ओभरमै २ विकेट गुमाइ ८१ रन बनाएर खेल जित्यो । यो खेलमा श्रीलंकाका परवेज महारुफ म्यान अफ द म्याच घोषित भए । नवौं विश्वकप क्रिकेटमा आयरल्याण्डले बनाएको ७७ रन सबैभन्दा कम योगफल थियो भने १० ओभरमै खेल टुङग्याउने श्रीलंका पहिलो टिम भएको छ ।

### खेल नम्बर ४६
### वेस्ट इन्डिज विरुद्ध बंगलादेश

सुपर एटको २२ औं खेल वेस्ट इन्डिज तथा बंगलादेशबीच खेलियो । यो खेलमा वेस्ट इन्डिजले बंगलादेशलाई ९९ रनले पराजित गऱ्यो । बारबाडोसको ब्रिजटाउनमा खेलिएको खेलमा पहिले ब्याटिङ गर्दै वेस्ट इन्डिजले ५० ओभरमा ५ विकेट गुमाइ २ सय ३० रन बनायो । प्रतिउत्तरमा बंगलादेशले ४४ ओभरमा सबै विकेट गुमाइ १ सय ३१ रन मात्र बनाउन सक्यो । यो खेलमा वेस्ट इन्डिजका रामनरेश श्रवण म्यान अफ द म्याच घोषित भए ।

### खेल नम्बर ४७
### अस्ट्रेलिया विरुद्ध न्युजिल्याण्ड

सुपर एटको २३ औं खेल अस्ट्रेलिया तथा न्युजिल्याण्डबीच खेलियो । यो खेलमा अस्ट्रलियाले न्युजिल्याण्डलाई २ सय १५ रनले पराजित गऱ्यो । ग्रेनाडाको सेन्ट जर्जमा खेलिएको खेलमा पहिले ब्याटिङ गर्दै अस्ट्रेलियाले ५० ओभरमा ६ विकेट गुमाइ ३ सय ४८ रन बनायो । प्रतिउत्तरमा न्युजिल्याण्डले २५ दशमलव ५ ओभरमा सबै विकेट गुमाइ १ सय ३३ रन मात्र बनाउन सक्यो । यो खेलमा अष्ट्रेलियाका म्याथ्यु हेडेन म्यान अफ द म्याच घोषित भए ।



### खेल नम्बर ४८
### वेस्ट इन्डिज विरुद्ध इग्ल्याण्ड

सुपर एटको २४ औं खेल वेस्ट इन्डिज तथा इग्ल्याण्डबीच खेलियो । यो खेलमा इग्ल्याण्डले वेस्ट इन्डिजलाई १ विकेटले पराजित गऱ्यो । बारबाडोसको ब्रिजटाउनमा खेलिएको खेलमा पहिले ब्याटिङ गर्दै वेस्ट इन्डिजले ४९ दशमलव ५ ओभरमा सबै विकेट गुमाइ ३ सय रन बनायो । प्रतिउत्तरमा इग्ल्याण्डले ४९ दशमलव ५ ओभरमा ९ विकेट गुमाइ ३ सय १ रन बनाएर खेल जित्यो । यो खेलमा इग्ल्याण्डका केभिन पिटरसन म्यान अफ द म्याच घोषित भए । वेस्ट इन्डिजका कप्तान ब्रायन लाराले यो म्याचपछि अन्तर्राष्ट्रिय क्रिकेटबाट सन्यास लिएका छन् ।

# विराटनगरमा खेल महोत्सव

विराटनगर- आगामी वैशाख १७ देखि २१ गतेसम्म विराटनगरमा पाँच दिने 'प्रथम नगर विद्यालय खेलकुद महोत्सव २०६४' हुने भएको छ । लुकेर रहेका प्रतिभाहरूको पहिचान गरी उनीहरूलाई राष्ट्रिय रूपमा चिनाउने उद्देश्यले गर्न लागिएको महोत्सवमा विराटनगरका ३ हजार ४० जना विद्यार्थी सहभागी हुनेछन् । महोत्सवको मिति तोकिएदेखि नै विद्यार्थी एवं विद्यालयहरू खेलको अभ्यासमा जुटेका छन् । अहिले प्रतियोगितामा भाग लिने विद्यालयहरूले आफ्ना विद्यार्थीलाई विभिन्न खेलको तालिम दिन थालेका छन् ।

मोरङ जिल्ला खेलकुद व्यवस्थापन समितिको आयोजनामा हुने खेलकुद महोत्सवमा विराटनगर उपमहानगरपालिकाभित्रका ४० विद्यालय सहभागी हुँदैछन्, जसमा २ हजार ७ सय ४० जना खेलाडीले प्रतियोगितामा भाग लिनेछन् भने ३ सय खेलाडी प्रदर्शनी खेलमा सहभागी हुनेछन् । पूर्वाञ्चलमा यस किसिमको खेल महोत्सव पहिलो पटक हुन लागेको आयोजकहरूले बताएका छन् ।



महोत्सवमा हुने प्रतियोगितामा ४० विद्यालयका ३ सय २० जना विद्यार्थीले ब्याडमिन्टन खेलमा सहभागिता जनाउनेछन् । त्यस्तै ४० विद्यालयका ३ सय २० खेलाडी टेबुलटेनिसमा, ४० विद्यालयका ६ सय खेलाडी क्रिकेटमा, ४० विद्यालयका ८० खेलाडी चेसमा, ४० विद्यालयका ४ सय ८० खेलाडी भलिबलमा, ३० विद्यालयका ३ सय खेलाडी कबड्डीमा सहभागी हुँदैछन् । त्यसैगरी ४० विद्यालयका ६ सय ४० खेलाडी एथलेटिक्सका सटपुट, ज्याफलिङ, हाइजम्प तथा लङ्गजम्प खेलमा सहभागी हुनेछन् । प्रदर्शनी खेलमा भने कराँते, तेक्वान्दो, हेन्डबल तथा हक्की खेलाइनेछ । महोत्सवमा २ लाख ५१ हजार रुपैयाँ खर्च हुने आयोजक समितिका अध्यक्ष सन्तोष बानियाँले बताए ।

**–कमल रिमाल**

